# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मध्ये एसिया महादेशमा पर्ने नेपाल एक भुपरिवेष्टित देश हो। सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिविधताले भरिपूर्ण रहेको र सयौ जातिय बसोबासको गरेको र विश्व सामु चिनिएको छ। पुर्व मेची देखी पश्चिम महाकाली सम्म, उत्तरमा हिमाल देखी दक्षिणमा समतल तराईसम्म फैलिएको छ। मुलुकको विशेषतासंगै विभिन्न प्रकारका जात जाती, भाषा, संस्कृति र समाजिक परिवेशका मानिसहरु आफनो विशिष्टतालाई अंगाल्दै एक अर्कामा मानविय सदभाव, धार्मिक सहिष्णुता र सहयोगी भावनाका साथै वन्धुत्वको सम्मानका साथ अगाडि रहेको पाईन्छ। यसरी नेपाल विविध जात जाति, भाषा भाषि, धर्म र संस्कृति भएको देश हुँदा हुँदै पनि पिछडिएका जात जाति, भाषा र संस्कृतिको बारेमा जती खोज र अनुसन्धान हुनु पर्ने हो त्यती हुन सकेको छैन। मुलुक भित्रका जाती, जनजाती, भाषा, संस्कृति, धर्म, पहिरन र रहनसहन लोप हुन नदिन सहि किसिमको अध्ययन अनुसन्धान हुन आवश्यक छ। कुनै पनि धर्म र संस्कृतिले त्यस देशको पहिचान दिने हुनाले परम्परागत रुपमा चली आएको संस्कृतिलाई बचाउन जरुरी देखिन्छ। समाजभित्र विद्यमान फरक खालका मुल्य मान्यता, परम्परा,चालचलन, कानुन, भाषा, प्रथा, रितीरिवाज हुन्छन्। यो सम्पुर्णको योग नै संस्कृति हो। जसले व्यक्तिलाई अनुचित कार्य गर्न नियन्त्रण गर्छ अनि सही काम गर्न प्रोत्साहन गर्दछ। त्यसैले निर्धारित संस्कृतिमा रहेर जैविक प्राणीको रुपमा जन्म लिएको मानव एक सामाजिक, सांस्कृतिक प्राणीको रुपमा विकसित बन्दछ। मानिसले जती जति विकासमा चरम सिमा विकास गर्दछ, त्यतिनै जटिल समस्याहरु बन्दै जान्छन्। त्यसैले मानव समाज उद्‌विकासीय रुपमा सरलताबाट जटिलता तर्फ विकास हुँदै गए झैं मानव विकाससंगै मानव समस्याहरु पनि सरलताबाट जटिलता तर्फ विकसित भएको पाईन्छ। यसैले मानव समाज इतिहासको कुनै कालखण्डमा कुनै प्रकारको समस्याबाट मुक्त भएको थिएन, छैन र भविस्यमा समेत हुने छैन (अधिकारी, २०६६, १२)।

नेपालमा पहिले देखी नै बिभिन्न जात जातीका मानिसहरु वसोवास गर्दै आएको पाईन्छ। तराई प्रदेशमा घाँगड, दनवार, माझि, दराई, राजवंसी, कोचे, ताजपुरी, सतार

थारु, मुसलमान, धिमाल पहाडी प्रदेशमा- ब्राम्ह्ण, क्षेत्री, चेपाङ, गुरुङ, राई, लिम्बु, मगर, तामाङ, सुनुवार जिरेल, राउटे आदि जनजातीको बसोवास देखिन्छ ।

उपत्यका क्षेत्रमा नेवारहरुको बसोवास रहेको पाईन्छ । उच्च हिमाली भेगमा थकाली डोल्पो, लोपा, नेसाङ्ग वा मानपा, मनाङ्गी, ल्होमी अदि पर्दछन् (कार्की, २०६४) । नेपालको हिमाली क्षेत्रमा बसोवास गर्ने बिभिन्न जनजाति मध्ये शेर्पा जाती पनि एक रहेको छ । शेर्पा संखुवासभा देखी सोलुखुम्बु सम्म बसोबासको इतिहास रहेपनि हाल ताप्लेजुङ्ग, पाँचथर दोलखा तेह्रथुम लगायतका अन्य जिल्लाका साथै देशका बिभिन्न क्षेत्रमा वसोवास गर्दै आएका छन । धार्मिक दृष्टीकोणले हेर्दा शेर्पा जातिहरु बौद्ध धर्मावलम्बी भएको पाईन्छ । शेर्पा जाति बढी मात्रामा पर्यटन कृषि पशुपालन र ब्यापारमा संलग्न देखिन्छन् । उच्च हिमाली क्षेत्रमा बसोबास गरेता पनि शेर्पा जातिको ठुलो भाग अहिले सामाजिक-आर्थिक संक्रमणको संघारमा छन । विशेष गरी सोलु र खुम्बु दुई क्षेत्रमा वसोवास गर्ने शेर्पा जाति अहिले नेपालको ७५ वटै जिल्लाका साथै देश बाहिरका विभिन्न ठाउँमा वसोवास अतिरिक्त विश्वमा नै परिचित छन । हिमाली क्षेत्र जस्तो कठोर वातावरणमा बसेर कठिन जीवनयापन गरेर कठिन परिश्रमकै कारण विश्व प्रसिद्ध गोर्खा शैन्य वाहेक नेपाललाई बाहिरी संसारमा परिचत गराउनमा शेर्पा जातिको पनि महत्वपुर्ण योगदान रहेको पाईन्छ । ब्यवसायको दृष्टिकोणले शेर्पाहरु हिमाल देखी मध्य पहाड र काठमाण्डौ उपत्यका सम्म बस्दै आएको पाईन्छ (कार्की, २०६४) । पुर्वि तिब्बतबाट नेपालमा प्रवेश गरेका शेर्पा सोलसखम्बुमा बसोबास गरी समयको अन्तराल र जनसंख्या बृद्धिसंगै सोलसखम्बुबाट दोलखा, संखुवासभा र ताप्लेजुङ्ग पाँचथर जस्ता नेपालको पुर्वि हिमाली जिल्लामा वसाईसराईसंगै बसोबास विस्तारित भएको पाईन्छ । वर्तमान समयमा शिक्षा, स्वास्थ्य, रोजगारी, पेशा, ब्यवसाय आदि कारणले शेर्पा जाति पनि नेपालका अतिरीक्त बाहिरी मुलुकमा समेत बसोबास गर्दै आएका छन (बिष्ट,१९९४) । शेर्पाहरु चाड पर्व र संस्कारगत कुराहरुमा बढी कट्टर हुन्छन् । शेर्पाहरु ल्होसार, दुम्जेपर्व, मनि-रिम्दु, निउग्नीपर्व आदि पर्व तथा चाडहरु मान्दछन् । शेर्पा समुदायका महिलाहरु पशु पालन र तान चर्खामा राडी पाखी निर्माण गर्ने कार्य गर्दछन् भने एकल परिवारमा बस्न रुचाउँछन् ।

नेपालको पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने पाँचथर जिल्लाको वढि भाग पहाडि जिल्लामा पर्छ । पाँचथर जिल्लाको नजिक सिक्किम सिमना पर्छ । पाँचथर जिल्लाको सदरमुकाम फिदिम देखी उत्तरमा ३५ कि.मि. टाढा एकतिन गा.वि.स. वार्ड नं. ८ मन्दिरटार

भन्ने ठाउमा शेर्पाशरुको वसोवास रहेको पाईन्छ । एकतीन गा.वि.स. को अन्य ठामा शेर्पा जातिको वसोवास रहेको पाईर्दैन । यसमा शेर्पा जातिहरुको आर्थिक, संस्कृतिक अवस्थालाई अध्ययन गरी शेर्पा जातिको वारेमा अध्ययनको जानकारी लिन खोजिएको छ ।

## १.२ समस्याको कथन

नेपाल भौगोलिक दृष्टिले सानो भएता पनि नेपालमा धेरै प्रकारका जातिको बसोबास रहेको पाईन्छ । चार जात छतिस बर्णको साझा फुलवारीको उपमा पाएको हाम्रो देश नेपाललाई बिभिन्न क्षेत्रमा बसोबास गर्ने सबै जातीहरुको आफनै प्रकारको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था सुदृढ हुन सकेको छैन । कृषि प्रधान मुलुक भएकाले ८० प्रतिशत जनता कृषिमा सामेल भएका पाईन्छ । देशको सबै क्षेत्रमा बाटोघाटो, उद्योग धन्दा, कल कारखानाको स्थापना बिना आर्थिक अवस्थालाई सुदृढ बनाउन गाह्रो हुन्छ । देशका सम्पुर्ण जाति जनजाति बिचमा सुमधुर सम्बन्ध स्थापना गराई समान किसिमले आर्थिक, र साँस्कृतिक पक्षको अध्ययन अनुसन्धान भएमा मात्र केही मात्रामा भए पनि आर्थिक, सामाजिक र साँस्कृतिक अवस्था सुल्झाउने बाटो देखा पर्न जान्छ ।

सोलु र खुम्बु क्षेत्रमा बढी मात्रामा बसोबास गर्ने शेर्पा जातिहरु बिशेष गरेर पर्यटन, कृषि, पशुपालन र ब्यापारमा संलग्न भएका छन । आजको बैज्ञानिक युगमा आईपुग्दा शेर्पा जातिमा खासै परिवर्तन आएको देखिदैन । आजको बैज्ञानिक युगमा आइपुग्दा यस जातिले आफनो धर्म, संस्कृति, भाषा, परम्परा, रहनसहन र चाल चलनलाई जिवन्त राखेको पाईन्छ । ग्रामिण क्षेत्रमा प्रचलित ल्होसार, धुन्जे पर्व, मनिरिम्दु, निउग्नी पर्वहरु, संस्कारहरुमा जन्म, बिवाह, सोल्देन,मृत्यु सञ्चालन गर्नु । परम्परागतरुपमा लगाईने बख्खु छयूवा, पाङदेन, केतेन, घोर्मा, सेर्मा, जस्ता पहिरन र जन्म दिनको आधारमा बच्चाको नाम राख्ने परम्पराले शेर्पा जातिमा आधुनिकताले खासै परिवर्तन ल्याएको देखिदैन ।

पाँचथर जिल्लामा बसोवास गर्ने विभिन्न जात जाति आदिवासी भित्र पाचौं स्थानमा रहन सक्ने शेर्पा जाती एक हो । पाँचथर जिल्ला सदरमुकाम देखी करिव ३५ किलोमिटर उत्तर अवस्थित एकातन गा.बि.स वडा नं. ८ मा उनीहरुको बाहुल्यता छ । उनिहरुको आफनै जीवनशैली छ । बिभिन्न किसिमका चाड पर्वहरु, जीवनका संस्कारहरु र भोजहरुमा सहभागी बन्दछन् । शेर्पा जातिका सामाजिक, धार्मिक, भाषिक तथा अन्य विविध कुराको खोज र अनुसनधानले केही मात्रामा भएता पनि उनीहरुमा रहेका कमी कमजोरीहरुलाई

सुधार्न र अगाडी बढ्ने मौका प्रदान गर्दछ। यस क्रममा सोध कार्यले निम्न कुराको जानकारी हासिल गर्न सकिन्छ।

- शेर्पा जातिको बर्तमान अवस्थामा सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवर्तन कस्तो छ ?
- शेर्पा जातिको आफ्नो संघ-सङ्गठन कस्तो छ।
- शेर्पा जातिका मानिसहरु आफ्ना सामाजिक, आर्थिक तथा सांस्कृतिक आवश्यकता परिपुर्ति गर्न कस्ता परिवर्तन ल्याउछन् ?
- समग्र शेर्पा समुदायको विकासमो कस्तो योगदान छ ?
- शेर्पा जातिका मानिसहरु अरु जातिका सामाजिक,सांस्कृतिक कार्यमा कस्तो किसिमको भुमिका खेल्छन ?
- शेर्पा जातिको परम्परागत पेशा के थियो र बर्तमान अवस्थामा कस्तो पेशामा कस्तो परिवर्तन गरेका छन ?
- शेर्पा जातीको संस्कृतिकको वारेमा कस्तो परिवर्तन छ भनी जानकारी लिन ?
- नयाँ प्रबिधिले यस समाजमा पनि परिवर्तन ल्याएको कुरा थाहा पाउन सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

यसमा सामान्यतया शेर्पा जातिको आर्थिक र सांस्कृतिक अवस्थाको खोज अनुसन्धान गर्नु रहेको छ। विशिष्ट उद्देश्यहरु निम्न छन।

- एकतीन गा.बि.स.मा बसोबास गर्ने शेर्पा जातिको आर्थिक र सांस्कृतिक स्थितिको जानकारी हासिल गर्नु।
- शेर्पा जातिको सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा आएको परिवर्तन र यसको कारणहरुको लेखाजोखा गर्नु।

## १.४ अध्ययनको महत्व

नेपाल बहुजाती, बहुभाषी बिबिध संस्कृतिले भरिपूर्ण भएको देश हो। चारै तिर जमिनले घेरिएको भुपरिबेष्टित देश हो। गाँउ नै गाँउले भरिएको देश हो। यातायात, सञ्चार, बिद्युत र शिक्षाको सुबिधा सबै ठाउमा समान रुपमा पुग्न सकेको छैन। देश विकासको स्थिति बुझ्न देशका सम्पुर्ण जाति तथा जनजातिको समाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक स्थितिको अध्ययन अनुसन्धान निरन्तर रुपमा गर्नु पर्दछ। बिकासको तिब्र बृद्धी र सञ्चारको सुबिधाको कारणले बाह्रय देशको धर्म र संस्कृतिले पनि आघात पुऱ्याई रहेको अवस्थामा भईरहेको धर्म र संस्कृति जिवन्त राख्न जरुरी छ। जसको लागि आफैले आत्मसात गरेर

बिदेशी पनको पछि लाग्नु हुदैन र आफनो धर्म र संस्कृतिको रक्षा र थप अनुसन्धान गर्न जरुरी छ। सबै जात जातिका आ-आफनै किसिमका धर्म संस्कृति, भाषा, परम्परा, चालचलन र रितिरिवाज रहेको छ। यसै गरी शेर्पा जातिले पनि नेपालको एक पुरानो बासिन्दा भएकाले यस जातिको बारेमा थप अनुसन्धान गर्न जरुरी छ। बिभिन्न क्षेत्रमा बिभिन्न किसिमका जातिहरुको बसोबास हुनुले स्थलगत अध्ययनबाट अनुसन्धानका बारेमा सत्य तथ्य कुराहरु सबैको अगाडी प्रश्तुत गर्न सकिन्छ।

यस अध्ययनले शेर्पा जातिको थप पहिचान र पाँचथर जिल्ला अन्तरगत एकतीन गा.बि.स.मा बसोबास गर्ने शेर्पा जातिको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा थप जानकारी हाँसिल गर्न सहयोग गर्ने बिश्वास राखिएको छ। यस अध्ययनले एकतीन गा.बि.स.मा बसोबास गर्ने समस्त ब्यक्तिहरुलाई, अनुसन्धान कर्ता, शिक्षक, बिद्यार्थी, पत्रकार, स्वदेशी तथा बिदेशी समाजशास्त्री तथा मानवशास्त्रीहरुलाई अध्ययनमा सहयोग पुग्ने आशा राखिएको छ। यस अध्ययनको महत्व निम्न बमोजिम रहको छ।

- ☞ एकतीन गा.वि.स का शेर्पा जातिको सामाजिक अवस्थाका बारेमा जानकारी प्राप्त हुन सक्ने छ।
- ☞ यस विषयमा जिज्ञासा राख्न चाहने जिज्ञासु वर्गको लागी एक अध्ययन सामग्रीको रुपमा काम लाग्न सक्ने छ।
- ☞ यस विषयमा अध्ययन गरि सकेपछि सामाजिक, आर्थिक परिवर्तनको दिशाबोध गराउन सहयोग पुऱ्याउन सक्ने छ।
- ☞ शेर्पा संस्कार र संस्कृतिमा आधुनिकीकरणले पार्दै गएको प्रभावको बारेमा सामान्य जानकारी हुने छ।
- ☞ एकतीन गा.वि.स का शेर्पा जातिको आर्थिक, सांस्कृतिक अवस्थाका बारेमा जानकारी प्राप्त हुन सक्ने छ।
- ☞ आधुनिक समयमा आई पुग्दा शेर्पा जातिको सामाजकि, आर्थिक, सांस्कृतिक अवस्था र संगठनहरु के कस्तो अवस्थामा रहेका छन भन्ने बारेमा जानकारी प्राप्त हुने छ।
- ☞ शेर्पा जातिले अंगाल्दै आएका वर्तमान पेशा, व्यवसायका बारेमा जानकारी प्राप्त हुन सक्ने छ।

**१.५ अध्ययनको सिमा**

अध्ययनको सीमामा एकतीन गा.बि.स मा बसोवास गर्ने शेर्पा जातिको आर्थिक तथा सांस्कृतिक पक्षहरु समावेस गरिएको छ। ठाउँ अनुसारका केहि कुराहरु फरक हुने हुंदा अन्य स्थानमा बसोवास गर्ने शेर्पा जातिहरुसंग कुराहरु नमिल्न सक्दछ। चारित्रिक गुणहरु र

सामाजिक परिपाटी स्थान अनुसार केहि फरक पनि हुन सक्दछ। ब्यक्तिसंग लिएका अन्तरवार्ता तथा स्थल गत भ्रमण गर्दा सोधिएका प्रश्नहरु सत प्रतिशत नमिल्न सक्दछन् । सिमित समय र एउटा सानो क्षेत्र लाई अध्यनमा राखिएको हुनाले यो पुर्ण रुपमा अन्य क्षेत्रको अध्ययनसंग फरक पर्न पनि सक्दछ। कुनै पनि अध्ययनको आ-आफ्नै किसिमको निश्चित सिमाहरु हुने गर्दछन् ।अध्ययनको पनि आफ्नै सिमा र परिधी हुन्छ। त्यसैले यो

एउटा पाँचथर जिल्लाको एकतीन गा.वि.समा बसोवास गर्ने शेर्पा समुदायको अध्ययनले पुरै देश भरिका शेर्पा समुदायको सहि अध्ययन नहुन सक्दछ। तर पनि यो अध्ययनले सम्बन्धित बिषय र क्षेत्रमा चासो राख्ने जिज्ञासु पाठक वर्ग नीति नियम तर्जुमा कर्ता तथा विकासे संस्थाहरुलाई केहि हद सम्म भए पनि सहयोगी सामाग्री बन्ने छ। यो अध्ययन पाँचथर जिल्लाको एकतिन गा.बि.स मा बसोवास गर्ने शेर्पा जातिको समाजिक, आर्थिक तथा सांस्कृतिक पक्षहरुको मात्र अध्ययन गरिने छ।

**यो शोधकार्यका निम्न सिमाहरु रहेका छन्**

१. पाँचथर जिल्लाको एकतीन गा.वि.स का शेर्पाहरुको अध्ययन
२. एकतीन गा. वि.स का शेर्पा जातिको संस्कृतिक, आर्थिकपक्षको अध्ययन गरेको छ ।
३. यो शोधपत्रले निस्केको निश्कर्ष वास्तविक खोज्ने प्रयास गरीएको छ।
४. यसमा स्थलगत अध्ययनको महत्व वढी रहेको पाईन्छ।

## १.६ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रको शिर्षक सार्थकता तथा यसमा उल्लेख गरिएका उद्देश्यहरु पुरा गर्न यस अध्ययनमा जम्मा ९ वटा अध्याय रहेका छन। जसमा **पहिलो अध्याय**मा अध्ययन विषयको परिचय जानकारी छ। **दोश्रो अध्याय**मा सम्वन्धित बिषयको पुर्व साहित्यको समिक्षा र सैद्धान्तिक आधारशिला प्रस्तुत गरिएको छ। **तेश्रो अध्याय**मा अनुसन्धान विधि प्रस्तुत गरिएको छ। **चौथो अध्याय**मा अध्ययन क्षेत्रको परिचय गराएको छ। **पाँचौं अध्याय**मा शेर्पा जातिको सामाजिक अवस्था उल्लेख गरिएको छ। **छैटौं अध्याय**मा शेर्पा जातिको आर्थिक अवस्था प्रस्तुत गरिएको छ। **सातौं अध्याय**मा शेर्पा जातिको संस्कार तथा सांस्कृतिक अवस्था र चाडपर्वको बारेमा उल्लेख गरिएको छ। **आठौं अध्ययाय**मा शेर्पा जातिको संस्कार वारेमा अध्ययन गरिएको छ। **नवौं अध्याय** सारांश, निष्कर्ष र उपलब्धिवारे जानकारी गरिन्छ।

## १.७ अध्ययनको अवधारणात्मक ढाँचा

यसमा कसरी शेर्पा समुदायमा वस्ने मानिसहरु आफ्नो संस्कार सामाजिक आर्थिक चेतना लाई अगाडि वढाउन सक्छन  भन्ने बारे पूर्ण जानकारी अवधारणात्मक ढाँचाले ल्याउछ। यसका अवस्था यी हुन जान्छन।

- ❖ वसाईसराईको अवस्था
- ❖ सामाजिक चेतनाको स्तर
- ❖ शान्ति सुरक्षाको पहुँच
- ❖ जातिय अन्तर सम्बन्ध
- ❖ राजनैतिक पहुँच
- ❖ जातिय समस्या र समाधानका उपाय
- ❖ सामाजिक संगठन,बसाई सराईको अवस्था र स्वास्थ्य स्थिति
- ❖ परिवार नियोजनको ज्ञान र प्रयोग

**अध्ययनको अवधारणात्मक ढाँचा**

- → वसाँईसराईको अवस्था
- → सामाजिक चेतनाको स्तर
- → शान्ति सुरक्षाको पहुँच
- → जातिय अन्तर सम्बन्ध
- → राजनैतिक पहुँच
- → जातिय समस्या र सामाधानका उपाय
- → सामाजिक संगठन वसाईसराईको अवस्था स्वास्थ्य स्थिति
- → परिवार नियोजनको ज्ञान र प्रयोग

# अध्याय : दुई

# पूर्व साहित्यको समिक्षा

## २.१. पूर्व साहित्यको समीक्षा र सैद्धान्तिक आधारशिला

नेपाल सबै जातको साझा फुलबारी हो। एउटै क्षेत्रमा फरक फरक जाति जनजातिको बसोबास रहेको यस देशमा हिमाल, पहाड, तराईमा प्राकृतिक वातावरण अनुसार विभिन्न जाति जनजातिको वसोवास रहेको पाउन सकिन्छ। प्राकृतिक रुपमा हिमालमा अति चिसो वातावरण, पहाडमा मध्म र तराईमा गर्मि वातावरण रहन्छ। वातावरण अनुसार मानिसको वसोवास रहेझै उनिहरुका सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाहरु पनि फरक फरक रहन्छन्। यस विषयमा बिभिन्न अध्ययन अनुसन्धानहरु गरेका छन्।

नेपालमा विभिन्न जाति तथा जनजातिहरु हिमाली, पहाडी र तराइका विभिन्न क्षक्षेत्रमा वसोवास गर्दछन्। हरेक जातिको आफ्नै भाषा, धर्म र संस्कृति भएको हुँदा नेपाल बहुजाति, बहुभाषी र विविध संस्कृतिले भरिपुर्ण देश हो (विष्ट, १९७२)। वास्तवमा विष्टको भनाईलाई नियाल्दा नेपालमा सयौ जात जातीका मानिसको बसोबास रहेको स्पष्ट छ। प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्रमा पनि विभिन्न राई, ब्राहमण, तामाङ्ग, , शेर्पा आदी जाति जनजातिको वसोबास रहेको, प्रत्येकका आ-आफ्नै भाषा, धर्म र संस्कृति रहेको र यी सम्पूर्णमा विविधता र विविधतामा एकता सामाजिक मेलमिलाप, सहयोग र बन्धुत्वको भावनाका साथ विगतबाट सामाजिक परिवेस चल्दै आएले विष्टको भनाईसंग पुर्ण रुपमा सहमत हुदै प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ।

शेर्पाहरु उनिहरु बसिरहेको स्थानमा करिव ४५० वर्ष पहिले पुर्वीय तिब्वतको खाम क्षेत्रबाट बसाई सरेको मानिन्छ (अर्टनर, १९७८)। शेर्पा शब्दको शाब्दिक अर्थलाई केलाउँदा स्यार भनेको पूर्व र वा भनेको बस्ने भन्ने बुझिन्छ। वास्तवमा स्यारवा भन्ने शब्द अपभ्रंस भई हाल शेर्पा बन्न आएको र शाब्दिक अर्थ हेर्दा वास्तवमै पुर्वमा बस्ने भन्ने बुझिन्छ। भोट इलाकामा आन्तरिक युद्ध भए बखत भोट इलाकाबाट त्यहाँको समस्या खप्न नसकेर नेपाल तिर शरणार्थी भई वसोवास गर्ने क्रममा १४औं शताब्दि तिर नेपालको सोलु क्षेत्रमा प्रवेश गरी वसोवास गर्न सुरु गरीएको हुनसक्दछ (शर्मा, २०२२)। अर्टनर र शर्माको भनाइलाई अध्ययन गर्दा कुनै पनि मानवले सहज परिस्थितीमा आफु वसिरहेको स्थान छोडेर अन्यत्र

नजाने हुनाले पक्कै पनि खाम क्षेत्रमा द्धन्द्ध भएपछि उनिहरु सुरक्षित बसोबासको लागी नेपाल प्रवेश गरेको हुन संभव देखिन्छ। ४५० वर्ष पहिले पुर्वीय तिब्वतको खाम क्षेत्रबाट बसाई सरेर पुर्वि नेपालको सोलु र खम्बु क्षेत्रमा बसोबास गर्ने शेर्पाहरु सधै एउटै अवस्थामा रहेनन् फलस्वरुप प्रस्तुत अध्ययन क्षेत्रका शेर्पाहरु पनि सोलुखम्बु क्षेत्रमा त्यहाँको जनसंख्या बढेपछि आम्दानीका स्रोतहरु सिमित हुदै गए। सिमित स्रोत र साधनले उनिहरुका असिमित आवश्यकता पुर्ति नहुने हुँदा जिवन संञ्चालनलाई सहज बनाउन देशका अन्य क्षेत्रमा बसोबास गर्न पुगेका हुन सक्छन्। किनकि यस क्षेत्रका शेर्पाहरुले तिब्वती पात्रोको प्रयोग गर्नु र तिब्बतको पुर्व बुद्धिष्ट धर्मको प्रभाब देखिनुले यस अध्ययन क्षेत्रका शेर्पा जातिहरु पनि भोटबाट नेपालको उत्तरी भु-भागमा झरेका शेर्पा जातिकै बंश हुन भन्ने कुरा बुझ्न सकिन्छ। त्यसैले यो अध्ययन अर्टनर र शर्माको उक्त भनाईसंग सहमत हुंदै प्रस्तुत शोधकार्य सम्पन्न गएिको छ।

नेपालमा शेर्पा जातिको इतिहास इ.स.को पाँचौ छैटौ सताब्दी तिर बौद्ध धर्मले प्रवेश गर्‍यो जसमा श्रङ्गचङ्गम्पो र राजकुमारी भृकुटीको मुख्य हात रहेको मानिन्छ। यसै समयवाट तिब्बतीहरु नेपालमा आउन थालेको र उनीहरुको बस्ति बस्न थालेको विश्वास गरिन्छ (खत्री, २०६०)। यस कुरालाई मनन गर्दा नेपालमा इ.स.को पाँचौ छैटौ सताब्दी तिर बौद्ध धर्मले प्रवेश गरेसंगै धर्म प्रचार प्रसारको लागी नेपालमा आएका तिब्बतीहरु सोलुखम्बु क्षेत्रमा बसोबास गरीएको हुन सक्छ। फलस्वरुप उनिहरुले आफ्नो दिनचर्या, पेशा व्यवसाय सुरु गरी यहाँका वासिन्दा भएको विस्वास गर्न सकिन्छ। शेर्पा जातिको चाडपर्व, सामाजिक, आर्थिक, सांस्कृतिक क्रियाकलापहरु तिब्बती पात्रो अनुसार सम्पन्न गर्नुले पनि यो विस्वास योग्य देखिन्छ। यसरी पुर्वि भागमा बसोबास गर्ने मानिसलाई श्यारवा भनियो। शेर्पाहरुको आदि वा मुल थलो पुर्वी तिब्बत मानिन्छ। यसैले शेर्पाहरु पुर्वी तिब्बतबाट हिमालय भेग पार गरि सोलुखुम्बु क्षेत्रमा वसोवास गर्न आएको मानिन्छ। अहिले शेर्पाहरु ब्यवसायको दृष्टीकोणले नेपालका विभिन्न क्षेत्रमा वसोवास गर्दै आएका छन्। प्रस्तावित अध्ययन क्षेत्रका शेर्पाहरु पनि आफ्नो जिवन पद्धतिलाई सहज बनाउन यस क्षेत्रमा बसोबास गरेको हुन संम्भव छ जसलाई प्रस्तावित अध्ययनले पुष्टि गर्ने छ।

शेर्पाहरुले बस्ति बसाल्दा नेपालका अन्य भेग र तिब्बतमा समेत हुने व्यापार र अन्य सम्पर्कलाई दृश्टीगत गरीएको देखिन्छ (खत्री, २०६०)। नेपालको इतिहासलाई अध्ययन गर्दा नेपालमा बाहिरी मुलुकका विभिन्न वंशका मानिसहरु बसाईसराई गरी नेपालमा आफ्नो

वंशको राज्य स्थापना गरी शासन चलाएको पाईन्छ। वि सं. १८०० तिर पृथ्विनारायण शाहले राज्यको एकीकरण गर्दा शेर्पा राज्य पनि एकीकरण भएको उल्लेख पाईन्छ। त्यस्तै तिब्बती मुलका बासिन्दाको पनि धर्म प्रचार प्रसार र व्यापारको दृष्टिकोणले नेपालमा आवागमन भएको पाईन्छ। तिब्बतबाट नुन ल्याई नेपालका तराई र पहाडका मानिसलाई दिने, त्यहाँबाट अन्न लिएर फर्कने र घरबाट ऊन लिएर तिब्बत जाने बस्तु विनिमय प्रणलीमा सहभागी थिए। फलस्वरुप शेर्पा जाति पनि नेपालमा बसाईसराई गरी पुर्वि नेपालको सोलु क्षेत्रमा बसोबास गर्न पुगे। उनिहरुले हिमाली क्षेत्रलाई आफ्नो बसोबासको रुपमा रोज्नुको मुख्य कारण हिमालको स्वच्छ हावापानी र स्वतन्त्र वातावरण साथै तिब्बत र नेपालमा समेत हुने व्यापारले आफ्नो जिविका चलाउने कुरालाई दिृष्टीगत गरी उनिहरुको बसोबास भएको हुन सक्दछ। त्यसैले यो अध्ययन खत्रिको उक्त भनाईसंग सहमत हुंदै सम्पन्न गरिने छ।

तिब्बती मुलको भाषा बोल्ने शेर्पाहरुको रहनसहन, लुवाइखुवाई, धर्मसंस्कार आदि कुरामा पनि तिब्बतीसंग नजिकको सम्बन्ध राख्दछन्। अहिले पर्यटन ब्यवसाय र आधुनिक कारणले गर्दा शेर्पा समाज परम्पराबाट द्रुत गतिमा परिबर्तन तिर लागिरहेकोमा मानवशास्त्रीहरु सहमत छन (बिष्ट, १९९४)। हिमाली चिसो वातावरणमा बसोबास गर्ने शेर्पाहरु भाषा टिवेटन शैलीका बोल्दछन। उनिहरु आफ्ना संस्कार र संस्कृति तिब्बतीय पात्रो अनुसार सम्पन्न गर्दछन। साथै परम्परागत रुपमा सञ्चालन हुने पेशा, व्यवसाय समय अन्तराल संगै परिवर्तन हुनु स्वभाविक मान्न सकिए पनि आफ्नो संस्कार र संस्कृतिमा उनिहरु अडिग छन। शेर्पाहरु हाल आएर परम्परागत पेशासंगै नयाँ पेशा व्यवसायमा संलग्न भएको पनि पाईन्छ त्यसैले प्रस्तावित अध्ययन क्षेत्रका शेर्पा जातिमा पनि यस्तो परिवर्तित स्वरुप हुने हुदाँ यस भनाइसंग पुर्ण रुपमा सहमत भई प्रस्तुत शोधकार्य अध्ययन संम्पन्न गरिएको छ।

वास्तवमा शेर्पा जाति टिवेटन शैलिको आफ्नै शेर्पा भाषा बोल्दछन्। यिनीहरु टिवेटन जातिको रुपमा रहेका छन। यिनिहरुको भाषामा 'शेर' को अर्थ 'पूर्व' र 'पा' को अर्थ 'मानिस' भन्ने बुझिन्छ। यसरी शेर्पाको अर्थ 'पूर्वको मानिस' भन्ने बुझिन्छ। सामान्यतया शेर्पाहरु बुद्धिष्ट देखिन्छन् तथापी केहीले वोन वा तिब्बतको पुर्व बुद्धिष्ट धर्म समेत अबलम्बन गरेका पाइन्छ। **(The Offical Traval Mannual- 1998)** वास्तवमा "शेर वा", "शेर पा", "स्यार वा" आदि शब्दले पुर्वमा बस्ने बासिन्दा लाई बुझाउने हुँदा नेपालको

काठमाण्डौ उपत्यका भन्दा पुर्वमा शेर्पा बसोबास भएको हुनाले यी शब्दावली प्रयोग भएका हुन । तिब्बतबाट नेपालमा प्रवेश गरेका शेर्पाहरुले टिवेटन रहनु, टिवेटन शैलीको भाषा बोल्नु र वोन धर्म अवलम्वन गर्नु आफ्नो परम्पराको निरन्तरता हो । यिनीहरु तिब्बतबाट आएको प्रष्ट हुन्छ । बौद्ध धर्ममा पशु हत्याको कुनै गुन्जायस रहदैन तर पुर्व बुद्धिष्ट धर्ममा पशुबली हुनु र पुर्व बुद्धिष्ट धर्म तिब्बतमा रहनुले नेपालका शेर्पाहरु तिब्बतबाट आएको प्रस्ट हुन्छ । शेर्पाहरु वोन वा तिब्बतको पुर्व बुद्धिष्ट धर्म अबलम्बन गरेका पाइन्छ । तर बुद्धिष्ट देखिनुमा नेपालको बौद्ध धर्मको प्रभाब हुन सक्दछ । त्यसैले यस भनाइसंग पुर्ण रुपमा सहमत भई यो शोधपत्र संम्पन्न गरिएको छ । शेर्पाहरु आर्थिक हिसाबले दुइ प्रकारका बस्ति जुन हिउँदमा र वर्षातमा पशुपालन गर्ने उद्देश्यले निर्माण गर्दछन । जसलाइ शेर्पा भाषामा गुन्सा र पेर्शा भनिन्छ । तापक्रम घटने, हिँउ पर्ने अवस्थामा शेर्पाहरु मुल बस्तिमा फर्कन्छन्, जसलाइ गुन्सा र जब हिँउ पग्लन थाल्दछ सो समयमा पशुहरुलाई बढी उचाइमा लगिन्छ यस समयमा वसोवास गर्न बनाएको घरलाइ पेर्शा भनिन्छ (ह्यामिन्डोर्फ, १९८४) । शेर्पा समाजको मुख्य पेशाको रुपमा पशुपालन रहेको पाईन्छ । हिमाली चिसो हावापानी भएको कारणले कृषि व्यवसाय राम्रो नहुने हुदां हावापानी सुहाउदो पशुपालन व्यवसाय नै प्रमुख बन्दछ । प्रस्तावित अध्ययन क्षेत्र हिमाली क्षेत्र हुनाले हिउँदको समयमा खर्कमा हिउँ पर्ने हुनाले पशुहरुलाई आफ्नो स्थाई बसोबास भएको ठाँउमा ल्याउँदछन । जब बर्षातको समय शुरु हुन्छ तब हिउँ पग्लने र घाँसपात पनि उम्रने हुनाले पशुहरुलाई खर्कमा लगिन्छ । यो प्रक्रिया शेर्पा समुदायमा मात्र नभएर अन्य जातजातीहरुले पनि यही प्रक्रिया अपनाउँछन् । शेर्पाहरु जौ आलुको खेति गर्नु तथा चैरी, च्याङ्ग्रा, भेडा पालन गर्दछन् । शेर्पाहरु उनिहरुको साहसको लागि दुनियाँ भर ख्याती राख्दछन् । किन भने कतिपय शेर्पाहरुले कयौं पटक सगरमाथा आरोहण गरि विश्व कृर्तिमान कायम गरिसकेका छन् । यसरी शेर्पाहरु पर्यटन, कृषी, व्यपार आदि पेशामा संलग्न रहेका छन् ।

शेर्पा जातिमा छरतने (छेवर) संस्कार गर्ने चलन प्रचलन छ, १२ वा १३ वर्षको भएपछि गरिने छरतने व्रतबन्ध जस्तै हो र यो छोराको मात्र गरिन्छ (अधिकारी, २०६३) । वास्तवमा कुनै पनि जात जातिहरुले संस्कार सम्पन्न गर्दा धर्म ग्रन्थहरुले निर्दिष्ट गरे अनुसार सम्पन्न गरिन्छ । धर्म ग्रन्थहरुमा निश्चित समय अवधिमा निश्चित संस्कार सम्पन्न गनुपर्ने मान्यता अनुरुप यस्ता कार्य गरिन्छ । कुनै पनि वालकले निश्चित अवस्था पार गरेपछि संस्कार सम्पन्न गरि उसलाई सामाजिक व्यवहारमा प्रवेश दिन यस्ता कार्य गरिन्छ ।

जुन कामहरुलाई समाजले मान्यता दिन्छ। तर एका ठाँउमा गरिएको अध्ययनले समग्र ठाँउको पुर्ण अध्ययन नहुने हुदाँ प्रस्तुत अध्ययन क्षेत्रका शेर्पा जातिका मानिसहरुले छेवर संस्कार संम्पन्न गर्छन वा गर्दैनन् भन्ने विषयमा प्रस्तुत अध्ययनको माध्यमबाट यस सम्बन्धमा निश्कर्ष निकालिएको छ।

बौद्ध धर्ममा हत्या, हिंसा, जाति पाति र छुवाछुत तथा मदिरा जन्य पदार्थ सेवनमा रोक लगाएको पाईन्छ। शेर्पा समुदाय पनि वौद्ध र्धम मान्ने समुदाय हुनाले ठुलो सानो, जातिपाति, छुवाछुतको भेदभाव भएको पाईदैन र समाजमा यस प्रर्तिको कुनै गुञ्जयास रहदैन सवै समान मानिन्छ (वौद्ध धर्म ग्रन्थ)। बौद्ध धर्ममा बुद्धलाई भगवानको रुपमा मानिन्छ। बुद्धले दिएका उपदेशलाई आत्मसाथ गर्दै बौद्ध धर्म आज सम्म निरन्तर रुपमा अगाडी बढी रहेको यथार्थ हामी सामु छ। प्रस्तावित अध्ययन क्षेत्रका शेर्पा समुदायका मानिसहरु पनि बौद्ध धर्मावलम्वी हुन। यहाको बौद्ध समाजलाई हेर्ने हो भने एक जाति र अर्को जातीको बीचमा भेदभाव, छुवाछुत, नदेखिएता पनि वर्तमान समयमा मदिरा जन्य पदार्थको सेवन र पशु हिंसाका कुराहरु समाजमा देख्न सकिन्छ। जुन कुरा परम्परा देखि नै चलि आएको हो या परिवर्तित समयसंग भन्ने विषयमा अध्ययन पश्चात मात्र निश्कर्षमा पुगिने छ।

नेपालमा बस्ने शेर्पाहरुका सामाजिक संगठनहरुमा मामाचेला–फुपुचेली विवाह र मागी विवाहका साथै एकल परिवार र तिब्बतेली बुद्धमार्गी धार्मिक आस्था रहेको पाईन्छ (अर्टनर, १९७८)। शेर्पा जस्तै गुरुङ्ग र तामाङ्ग समुदाय पनि बौद्धमार्गी हुन। यी समुदायमा मामाको छोराले फुपुको छोरीसंग विवाह गर्ने हक हुन्छ। तर प्रस्तावित अध्ययन क्षेत्रका शेर्पा समुदायका मानिसले मामाचेला–फुपुचेली विवाह गरेको पाईदैन हुन सक्दछ वर्तमान बदलिँदो परिस्थिती अनुसार शेर्पा जातिले पनि मामाचेला–फुपुचेली विवाहमा बन्देज लगाएको हुन सक्दछ। अथवा यहाँका शेर्पाहरुले मामाचेला–फुपुचेली विवाहमा नगरेको परम्परा पनि हुन सक्दछ त्यसैले प्रस्तावित अध्ययनको माध्यमबाट यसको निश्कर्ष निकालिने छ। शेर्पा समाजमा समाज संचालनका औपचारिक राजनीतिक संस्थाहरु, कार्यालयहरु, भुमिकाहरु वा शंयन्त्रहरु हुँदैनन्। कुनै पनि कार्य सम्पन्न गर्न अनौपचारिक रुपमा समितिको निर्माण गरिन्छ र कार्य समाप्ति पछि स्वत विघटन हुन सक्दछ।

शेर्पाहरुको आफ्नै भाषा, संस्कृति, लुवाई, खुवाई, रहन सहन, संस्कार रहेका शेर्पाहरु मानिसको मृत्यु भए देखि १ बर्ष सम्म गरिने संस्कारमा लामाको उपस्थितिमा निम्न कार्य

गर्दछन ।ठु -(पवित्र पानी छर्कने कार्य), छोव-(गुम्बामा लामालाइ प्रसाद पुऱ्याउने कार्य), फोवा ग्युक-(स्थानान्तरण), नाम्सी-(आत्मा), थोटोल-(श्रवण मुक्ति), ठुसोल खिरु-(सुद्ध पार्नु), रो गोङगु-(लासलाइ सेतो कपडामा पोको पार्नु), सेम्सो खिरु-(सान्तवना दिनु), केम्क्षाङ गेङगु-(मृतकको पुतला),लम्तेन लामा-(शव यात्रामा बाटो देखाउने लामा), लग्प रन्छे-(मलामीलाई दक्षिणा स्वरुप रकम बितरण गर्नु), पुर्खा ग्युक-(मुर्दा जलाएको घाटमा मृतकका सामान चैत्य बनाइ राख्ने काम), छपर ग्यकु-(मृतकको अस्तु धुलो पारेर सुद्ध माटोमा मिसाई लेदो बनाई स-साना स्तुपा भएको ब्लकमा राखि निकालेको चैत्यलाई लामाबाट प्राण प्रतिष्ठा गराई अग्लो, सफा र गुम्बाहरुको आसपासमा राख्ने काम), रब्ने-(प्राण प्रतिष्ठा), क्षङ्गा-(मृत्यु भएको ४९ दिनमा गरिने कार्य, शुद्धाई (घ्यवा), लोमज्यु-(व्यक्ति मरेको वर्ष दिनमा स्मरण स्वरुप गरिने बार्षिक पुजा) **(www.sherpa rituals.com)** नेपाल विभिन्न जातजाती, भाषा भाषी, संस्कृतिले भरिएको देश हुनाले जात जाति अनुसारका मृत्यु संस्कार हुनु स्वभाविक हो । प्रत्येक जात जातिले मृतकको अन्त्येष्टिमा आफ्नै किसिमका विधि र प्रक्रियाबाट मृतकको नाममा गर्ने संस्कारगत कार्यहरु सम्पन्न गर्दछन । यस एको शेर्पा समाजमा पनि यस्ता किसिमका संस्कारगत कार्यहरु हुन्छन । जसले मृतकका परिवारलाई मानसिक रुपमा शान्ति प्राप्ती हुन सक्दछ, जसले गर्दा उनिहरुले मृत्यु संस्कार विविध प्रक्रियागत रुपमा संम्पन्न गरेको हुन सक्दछ ।

## २.३ सैद्धान्तिक समिक्षा

प्रस्तुत शोधपत्रमा सैद्धान्तिक समिक्षा गर्ने सन्दर्भमा संरचनात्मक प्रकार्यवादी सिद्धान्त **(Structural Functional Theory),** सांस्कृतिक पर्यावरण **(Cultural Ecology)** र प्रतिकात्मक अन्तरक्रियाबाद **(Symbolic Interactionism)** को प्रयोग गरि समिक्षा गरिने छ । जसको सामान्य परिचय यहाँ उल्लेख गरिन्छ ।

### १. संरचनात्मक प्रकार्यवादी सिद्धान्त

संरचनात्मक प्रकार्यवादी सिद्धान्तले समाज र संस्कृतिलाई एउटा व्यवस्था मान्दछ यही व्यवस्था संचालनका लागी विभिन्न उपभागहरु संलग्न हुन्छन् । यिनै उपभागहरुको प्रकार्यात्मक संम्बन्धमा नै मुल व्यवस्था संचालन भएको हुन्छ भन्ने मान्यतालाई सर्वोपरि

ठानी सामाजिक घटनाको अध्ययन गरिन्छ । एउटा सामाजिक व्यवस्था भित्र अनगिन्ती उपव्यवस्था रहेका हुन्छन् । प्रत्येक उपव्यवस्था भित्र पनि अनेकै एकाई संलग्न

हुन्छन् । जसले त्यस उपव्यवस्थालाई निरन्तरता दिन्छ । समाजमा हुने प्रत्येक घटना क्रमले सामाजिक व्यवस्थाका लागी सकारात्मक कार्य नै गरि राखेका हुन्छन् । सिङ्गो समाजमा राजनैतिक, आर्थिक, धार्मिक तथा सामाजिक व्यवस्था रहेका हुन्छन् । यिनै व्यवस्थाहरुको प्रकार्यातमक संम्बन्धले नै सिङ्गो सामाजिक व्यवस्था चलेको छ, अनि अस्तित्वमा छ ,एउटा सामाजिक व्यवस्था भित्र जात, धर्म, संगठन, समुह, विवाह, परिवार, नाता लगायतका अनेकै एकाईहरु संलग्न छन् । यसै गरी आर्थिक व्यवस्था भित्र उत्पादन व्यवस्था, श्रम विभाजन, बजार वितरण, विनिमय, उपभोग, जस्ता अनेकै एकाईहरु रहेका हुन्छन् । यसैबाट आर्थिक व्यवस्था चलेको छ । यसरी नै राजनैतिक व्यवस्था भित्र सरकार, कानुन, राजनैतिक सहभागिता, राजनैतिक सम्बन्ध, व्यवहार रहेका छन् । यसैबाट राजनैतिक व्यवस्था चलेको छ । यसै गरि एउटा व्यवस्था भित्रका सम्लग्न भागहरु, उपभागहरु तथा एकाईहरु स्वयम पनि प्रकार्यात्मक सम्बन्धबाट क्रियासिल हुन्छन् । मानिस बीचमा अन्तरक्रिया भई रहन्छ । प्रत्येक एकाईहरु एक अर्कामा अन्तर निर्भर पनि भईरहेका हुन्छन् । यी सबै स्वरुपहरुको प्रक्रियागत सम्बन्धले मात्र समाज अस्तित्वमा रहेको छ भन्ने मान्यतामा रहेर समाज र संस्कृतिको अध्ययन, व्याख्या, विश्लेषण गरी निश्कर्षमा पुगिन्छ । भने यही अध्ययनको नमुनालाई संरचनात्मक प्रकार्यवादी सिद्धान्त भनिन्छ ।

यसरी नै **Bronislaw Malinowski** ले व्यक्तिवादी प्रकार्यवादको विकासमा योग्दान दिए । वास्तवमा संस्कृतिको निर्माण गर्ने तत्वहरु मुल्य, नियम, विश्वास, विचार, परम्परा, धर्म आदि उत्पतिको आधार भनेको मानवको मस्तिष्क एवं समाज हो । त्यस कारण मानवले आफ्ना आवश्यकता पुर्ति गर्ने साधन नै संस्कृति हो भनेर व्याख्या गरेको भएर नै उनको प्रकार्यवादलाई व्यक्तिवादी प्रकार्यवाद भनिन्छ ।

प्रकार्यवादको वारेमा **R.K.Merton** भन्दछन्- “आधुनिक सामाजिक संगठनको अध्ययन गर्नका लागी, सामाजिक संगठनमा हुने परिवर्तनको विशेष रुपमा अध्ययन गर्न परम्परागत रुपमा रहेका प्रकार्यबादका सिद्धान्तलाई संशोधन गर्नु पर्दछ र संशोधन गर्दा प्रकट प्रकार्य र अप्रकट प्रकार्यको अवधारणलाई पनि समावेश गरिनु पर्दछ । अनि मात्र प्रकार्यवादको विकास समाजशास्त्रीय सिद्धान्तमा ठिक किसिमले हुन सक्छ ।”

**International Encyclopedia of Sociology** मा “प्रकार्यवाद निश्चित सामाजिक सम्बन्धलाई विष्लेषण गर्ने र बुझ्ने एउटा मुख्य समाजशास्त्रीय सिद्धान्त हो । यस

दृष्टिकोणले तिनीहरुको खोजद्धारा किन र कसरी समाज भित्र निश्चित सामाजिक संरचनाहरुले प्रकार्य गर्दछन भन्ने व्याख्या गर्ने प्रयास गर्दछ ।"

संरचनात्मक प्रकार्यवादी सिद्धान्त अन्तर्गत रहेर प्रस्तावित शोधपत्रमा यस एकतीन गा.वि.स का शेर्पा जातिको सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गरिने छ । यस अध्ययन क्षेत्रका शेर्पा जातिका सामाजिक संरचनाहरु निर्माणमा समाजका मुल्य, मान्यता, परम्परा, रीतिरिवाज, धर्म, संस्कृति आदि खास खालका संरचनाहरु आवद्ध भएका हुन्छन् । यीनै सामाजिक संरचनाहरुले व्यवस्थित रुपमा समाजमा प्रकार्य गर्दछन जस्तै गुम्वामा लामाहरु रहनु र लामाको उपस्थितिमा जीवन संस्कारहरु र चाडपर्वहरु सम्पन्न गरिनु । विवाह परम्परागत रुपमा सम्पन्न गरिनु । वौद्ध धर्मका चार आर्यसत्य र अष्टाङ्गिक मार्ग अनुसार समाज संचालन हुनु र जिवनमा भिक्षु जस्तै वन्न गृहस्थीले वर्षमा एक पटक निउग्नी (उपवास वस्नु) मा सहभागी हुनु आदि रहेका छन ।

**२. सांस्कृतिक पर्यावरण**

पर्यावरण **Ecology** शब्द **Latin** भाषाको **oikos** र **Logos** दुई शब्द मिलेर बनेको छ जसमा **oikos** अर्थ **house hold** र **Logos** को अर्थ **Study/Science** हुन्छ । त्यसकारण **Ecology** भन्नाले कुनै पनि जीव उसको बस्ने वासस्थानको वरिपरिको भौतिक अवस्थाको बारेमा अध्ययन गर्ने भन्ने बुझिन्छ। मानवले आफ्ना आवश्यकता पुरा गर्न निर्माण र विकास गरेको भौतिक र अभौतिक संस्कृति र मानवले बसोबास गरेको पर्यावरण बीच के कस्तो अन्तर संम्वन्ध छ र तिनिहरुको बीचमा कुन रुपमा अन्तरक्रिया भएको हुन्छ भनेर गहन र विष्तृत रुपमा अध्ययन गर्ने विषयलाई नै सांस्कृतिक पर्यावरण भनिन्छ ।

सांस्कृतिक पर्यावरणको सिद्धान्त विकास गर्ने श्रेय **Julian Steward** लाई जान्छ । सांस्कृतिक पर्यावरणलाई परिभाषित गर्दै **Julian Steward** भन्दछन- "सांस्कृतिक पर्यावरण भनेको अध्ययनको एक प्रक्रिया हो जसले समाज र पर्यावरण बीचमा कस्तो सम्वन्ध, अन्तरसम्बन्ध छ वा समाजले पर्यावरणसँग कसरी अनुकुलन गर्दछ अथार्त पर्यावरणमा अभियोजन गर्नकालागी समाजले के कस्तो प्रयास गर्दछ भन्ने सम्बन्धमा अध्ययन गर्दछ। यसरी समाजले पर्यावरणमा अभियोजन हुनु पर्दछ भन्ने भावना समाज भित्रकै व्यक्तिहरुबाट वा आन्तरीक रुपबाट आएको हुनुपर्दछ ।"

अर्का विद्धान **Marshall D Sahlins** भन्दछन कि- "सत्य यो हो की सस्कृति जीवनको बाटो हो यसलाई नयाँ प्रकाशको रुपमा लिइयो भने मुल सिद्धाँन्त संस्कृति मानब

अनुकुलन नै हो। सस्कृति समाजको निरन्तरताको लागी बनाएको हुन्छ, वातावरणमा जोड दिनको लागी तयार पारीएको हन्छ। प्रस्तुत शोधपत्रमा **Cultural Ecology** को माध्यमबाट एकतीनका शेर्पा जातिको आर्थिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गरिनेछ। यहाँका शेर्पाहरुको अर्थ उपार्जनको प्रमुख आधार वातावरण सुहाउँदो कृषि र पशुपालन व्यवसाय नै हो। कृषि जस्तै अलैचि, भटमास, आलु, जौ, फापर, साग र घर पालुवा जनावर भैसि, भेडा, आदि यस समुदायका अर्थ उपार्जनको प्रमुख आधार हुन। उनीहरुमा जाँड खाने चलन छ। प्राय सो चिसो ठाउमा बस्न मन पराउछन।

**३. प्रतिकात्मक अन्तरक्रियाबाद**

कुनै व्यवहार, घटना, क्रियाकलाप, विचार, आदर्श, भाषा आदिको अप्रत्यक्ष रुपमा प्रतिनिधित्व गर्दै निर्दिष्ट सन्देश दिने क्रियालाई नै प्रतीक भनिन्छ। प्रतीकहरुको अर्थको माध्ययमबाट समाज र संस्कृतिको व्याख्या र बुझाईको विज्ञान नै प्रतिकवाद हो। जुन सुक्ष्म तहको व्याख्यामा आधारित हुन्छ।

**M.Francis Abrham** - "अन्तरक्रिया स्वयम विश्लेषणको विषय हो यसमा अन्तरक्रियाको प्रकृति, सामाजिक कार्यका परिवर्तित ढाँचा तथा सामाजिक सम्वन्धमा जोड दिईन्छ।"

**J.H Mead -** " दुई वटा वैद्धिक धारहरु सामान्यतया साङकेतिक अन्तर्क्रिया वाद र खास गरेका कार्यहरुको उत्पतिको सम्बन्धसँग जोढिएर आएको हुन्छ"।

Mead का अनुसार परम्परागत साङकेतिक अन्तर्क्रिया वादका विचारहरु सम्भवत् घटनाशास्त्र लोक विधि शास्त्र समेतले प्रतिनिधित्व गर्दछन। उनको धारणा **Mead** का सिद्धान्त केही हदसम्म चाल्स हटन कु ले **W.T. Tomous** ले सुरुवाति चरणमा प्रस्तुत गरेपनि पछिल्लो चरणमा आएर Mead का दृष्टिकोणसँग आवद्ध हुन पुगे।

**Mary Douglas**-"प्रतीकहरु सामाजिक व्यवस्थाका महत्वपुर्ण चरित्रहरु हुन यसैले सामाजिक व्यवस्थाको निर्माणमा ज्ञानात्मक प्रभाव रहन्छ जुन आन्तरिक रुपमा समाज सापेक्ष हुन्छ। मानिसमा भएको ज्ञान तथा तौर तरिकाबाट नै एउटा व्यवस्था चल्दछ जसमा विभिन्न प्रतीकहरु समाहित भएका हुन्छन्।"

प्रस्तावित शोधपत्रमा यसै **Symbolic Interactionism** को प्रयोग गरी शेर्पा जातिको सांस्कृतिक अवस्थाको अध्ययन गरिने छ। प्रस्तावित अध्ययन क्षेत्रका शेर्पा जातिले कुनै पनि धार्मिक तथा सांस्कृतिक कार्यमा १०८ बत्ती बाल्दछन्। वौद्ध धर्ममा मुर्ति पुजा

गरिदैन । ध्यानबाट चित्त एकाग्रता यसको मुख्य विशेषता हो । त्यसैले १०८ बत्ती वाल्नुको प्रतिकात्मक अर्थ अज्ञानता, अँध्यारोलाई नास गर्नु हो भने अर्को प्रतिकात्मक अर्थले वौद्ध धर्मका १०८ देवतालाई जनाउँछ । त्यस्तै निउग्नीलाई पनि प्रतिकात्मक अर्थको रुपमा लिन सकिन्छ कि वौद्ध धर्ममा लामाको स्थान महत्वको छ । वौद्ध धर्मका अनुयायीहरुले भिक्षु भिक्षुणी वनी गुम्वामा रहनु पर्दछ तर घर गृहस्थीमा रहेकाहरुले पनि निउग्नीमा सहभागी भएमा पाप नास हुने मान्यता छ । निउग्नी पर्वलाई प्रतिकात्मक रुपमा हेर्दा एका तर्फ भिक्षु वन्न भन्ने हुन्छ । भिक्षु वन्नुको अर्थ पाप (दिक्पा) बाट मुक्त भई पुन्य कमाउन भन्ने हुन्छ । यसरी नै शेर्पा जातिमा प्रचलित वहुपति विवाहलाई हेर्दा एउटा प्रतिकात्मक अर्थको रुपमा परिवारका सदस्यहरु वीचमा मेलमिलाप र अर्को प्रतिकात्मक अर्थको रुपमा जग्गाको खण्डिकरणमा रोक देखिन्छ ।

# अध्याय : तीन

# अनुसन्धान पद्धति

## ३.१. अनुसन्धानको ढाँचा

यो अध्ययन मुख्य रुपमा एकतीन गा.वि.स मा बसोबास गर्ने शेर्पा जातिको बारेमा भएकाले उक्त क्षेत्रमा बसोवास गर्दै आएका शेर्पा जातिको बारेमा खोजमुलक र तथ्यगत कुराहरुलाई यसमा समावेस गरिने छ। शेर्पा समुदायमा रहेको वास्तविकतालाई समेत चित्रण गर्नु यस अध्ययनको बिशेषता रहेको हुँदा वर्णनात्मक बिधि अपनाइएको छ।

## ३.२. अध्ययन क्षेत्रको छनोट र औचित्य

पाँचथर जिल्लाको एकतीन गा.बि.स मा रहदै बस्दै आएका शेर्पा जातिको वारेमा यो अध्ययन केन्द्रित छ। यस अध्ययनमा शेर्पा जातिको अध्ययन बारेमा अनुसन्धान गरि सत्य वास्तविकतालाई गहन रुपमा चित्रण गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको छ। यो शोधपत्र अध्ययन यस जातिको समाजिक, आर्थिक तथा संस्कृतिक अवस्थाको अध्ययनमा केन्द्रित रहेको छ। यस अध्ययन क्षेत्रका शेर्पा जाति यहाँको पुराना रैथाने स्थानिय वासिन्दा हुन अनुसन्धान कर्ताको पुर्व स्थिति तथा अनुसन्धान कर्ताको लागि क्षेत्र कार्य तथा यातायातको पनि सहज पर्ने भएकाले यस क्षेत्रलाई छनोट गरिएको हो। अध्ययन क्षेत्रको छनोट र औचित्य बुँदागत रुपमा निम्नअनुसार रहेका छन :-

- एकतीन गा.वि.स का शेर्पा जातिको आर्थिक तथा सांस्कृतिक अवस्थाको अध्ययन नभएकोले।
- अनुसन्धान कर्ताको रुची एवं पुर्ण जानकारीको क्षेत्र भएकोले।
- एकतीन गा.वि.स.को शैक्षिक र सांस्कृतिक अवस्था वारे।
- यो अध्ययन क्षेत्रको वस्तु स्थिति अनुसन्धान कर्ताले प्रत्यक्ष रुपमा देखेको हुनाले, शेर्पा जातिको समाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको अझ बढी जानकारी लिने उद्देश्यले।

## ३.३ समग्रता र नमुना बिधि

पाँचथर जिल्लाको एकतीन गा.बि.स.मा वसोवास गर्ने ७० घरधुरी वा २५० शेर्पा मध्ये सम्पुर्ण वडाहरुका घर परिवारका शेर्पा समुदायको प्रतिनिधित्व हुनेगरी संभावना रहित नमुना छनौट अन्तर्गतको उद्देश्यपुर्ण नमुना छनौट विधिको आधारमा ५० घरधुरी २०० शेर्पा परिवारलाई नमुनाको रुपमा लिइएको छ।

## ३.४ तथ्याङ्कको मुख्य स्रोत र प्रकृति

यो अध्ययनको लागि प्राथमिक र द्धितिय स्रोतहरु प्रयोग गरिएको छ । त्यसरी नै यस अध्ययनमा मात्रात्मक र गुणात्मक प्रकृति तथ्याङ्कको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

स्थलगत रुपमा गाउँमा नै गएर सोधेका बुझेका कुराहरुलाई प्राथमिक स्रोतका रुपमा लिएको छ र यो एक समाजशास्त्रिय अध्ययन भएकाले संख्यात्मक भन्दा गुणात्मक पक्षलाई बढि जोड दिईइको छ। जसको लागी अन्तर्वार्ता, अवलोकन, अनुसुचिको माध्यम बाट तथ्याङ्क संकलन गरिने छ। यसमा अनुसन्धान कर्ता आफैले प्रश्न बनाएर प्रश्नावली भरिएको छ ।

### ३.४.२ द्धितिय स्रोत

यस अध्ययनको अन्य स्रोतमा पत्रपत्रिका, शेर्पा जातिका बारेमा लेखिएका लेख रचना, ग्रन्थहरु, चिठ्ठिपत्र, विद्युतीय सामाग्री, जिवन इतिहास र पुस्तकालय, गा.बि.स र जि.वि.स कार्यालय तथा स्रोत ब्यक्तिहरु लिईएको छ ।

### ३.४.३ तथ्याङ्कको प्रकृति गुणत्मक र मात्रात्मक

तथाङ्कको स्रोत गुणात्मक र मात्रात्मक दुई तरिकाले विश्लेषण गर्न सकिन्छ ।

गुणात्मक विश्लेषण -सामाजिक विज्ञानमा अनुसन्धान कार्य दुई वटा मुख्य प्रकृतिम केन्द्रित हुन्छ । पहिलो गुणात्मक प्रकृतिका तथ्यहरु संकलन गरी सम्पन्न गरिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ। यसमा वास्तविक तथ्यहरुमात्रा हुन्छन ।

मात्रात्मक विश्लेषण –मात्रात्मक विश्लेषण तथाङ्कको प्राप्ति र विश्लेषण तथाङ्क शास्त्रीय विधी वा गणितीय विधीबाट गरिन्छ। यस किसिमको तथाङ्कहरु ब्ढी विश्वसनीय हुन्छ। त्यस कारण राष्ट्रका महत्वपूर्ण सुचनाहरुको संकलन अनुसन्धान मात्रात्मक विधीवाट गरिएको हुन्छ। मात्रात्मक तथाङ्कहरुमा वास्तविकता बढी भएको पाईन्छ।

## ३.५ तथ्याङ्क संकलनका बिधिहरु

प्रस्तावित विषयको अध्ययन अनुसन्धानको लागी मात्रात्मक र गुर्णात्मक दुवै विधिको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ द्धितिय तथ्याङ्क संकलनका बिधिहरु

यस अध्ययनमा अध्ययन विषयसँग सम्बन्धित विभिन्न समयमा प्रकाशित लेख, रचना, पुस्तक, विद्युतीय सामाग्री, पत्रपत्रिका, स्मारिका एवं शोधपत्रहरु तथा सरकारी, गैरसरकारी संघ संस्थाले समय समयमा प्रकाशित गरेका महत्वपुर्ण कुराहरुलाई द्धितिय स्रोतको रुपमा प्रयोग गरिएको छ ।

### ३.५.२ प्राथमिक तथ्याङ्क संकलन बिधि

#### ३.५.२.१ अर्न्तवार्ता

अर्ध संरचनात्मक रुपमा तयार गरिएको प्रश्नावलीहरु प्रयोग गरि ५० घरबाट प्रत्येक घरका मुलिसंग अर्न्तवाता लिएको छ ।

#### ३.५.२.२ विशिष्ट ब्यक्तिसंगको कुराकानी

शेर्पा समुदायका १२ घर परिवारलाई र लैंगिक आधारमा ६ जना युवा युवती, ६ जना प्रौढ महिला र पुरुष र अन्य ८ जना वयोबृद्ध ज्येठ ब्यक्तिसंग अन्तरवार्ता लिईएको छ । जसमा शेर्पा जातीका मानिससंग मात्र अन्तरवार्ता लिएको छ ।

#### ३.५.२.३ प्रत्यक्ष स्थलगत अवलोकन

अध्ययन क्षेत्रको समाजिक परिवेश, भेषभुषा, रहन सहन, आर्थिक क्रियाकलाप र संस्कार, संस्कृति जस्ता कुराहरु सम्बन्धित क्षेत्रमा समाजशास्त्रिय सिद्धान्त वमोजिम अध्ययन कर्ताले प्रत्यक्ष अवलोकन विधिको माध्यमवाट तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.५.२.४ तथ्याङ्क संकलनका औजारहरु

यस शोधकार्यको तथ्याङ्क संकलनका लागी क्यामेरा, रेर्कडर, कापी, कलम, झोला, इत्यादी प्रयोग गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या र बिश्लेषण

यो सोथमा अनुसन्धानलाई व्यवस्थित बनाउन स्थलगत अध्ययनको कममा संकलित तथ्याङकहरु गुणात्मक तथा परिमाणात्मक दुवै किसिमको तथ्याङकको विश्लेषण गरी आवश्कता अनुसार तथ्याङक सम्बन्धित वडामा गएर स्थानिय ब्यक्ती संग सोधेका कुराहरु लाई संख्यात्मक विश्लेषण, वर्गीकरण, तालिका प्रस्तुति तथा प्रतिशत तालिका आदिमा प्रस्तुत गरि व्याख्या गरिएको छ ।

## ३.८. नैतिक मान्यता

यस सोधमा अध्ययनको क्रममा शेर्पा जातिको आर्थिक, सास्कृतिक अवस्थाका बारेमा प्राप्त जानकारीलाई निश्चित आचार सहिंतामा रहेर व्याख्या विश्लेषण गर्ने प्रयत्न गरिएको छ। समाजका विभिन्न जाति जनजाति, समुदाय र सम्बन्धित परिवारका सदस्यहरु बीच द्धन्द्ध सृजना उत्पन्न हुने विषय वस्तुको बारेमा गोपनियता अपनाइएको छ रशेर्पा जातिको विस्तृत अध्ययन गरिएको छ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## पाँचथर जिल्लाको परिचय

नेपालको सुदुर पुर्वमा पुर्वाअञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने पाँचथर जिल्ला समुन्द्र सतहबाट ७७७ मी. देखि ८८८६ मी. को उचाईमा रहेको छ। पाँचथर जिल्ला २७ डिग्री १५" देखि २७ डिग्री ५६" उत्तरी अक्षाँश र ८७ डिग्री ३२" देखि ८८ डिग्री १५" पुर्वि देशान्तरमा पर्दछ। यस जिल्लाको कुल क्षेत्रफल २८७५ वर्ग किलोमिटर छ। यस जिल्लाको उत्तरमा पाँचथर जिल्ला, पशिचम तेह्रथुमको दक्षिण इलाम पुर्वमा भारतको सिक्किम प्रान्त पर्दछ। नेपालको कुल क्षेत्रफलको २.०७ प्रतिशत जमिन यस जिल्लाले ओगटेको छ। यस जिल्लाको १८०० मि. सम्मको भुभागमा खेति गरिन्छ। ३५०० मि. भन्दा माथिको क्षेत्रमा हावा पानी पाइन्छ भने पाइन्छ। जाडो मौषममा जिल्लाको सबै भागमा ज्यादै जाडो हुन्छ। जिल्लाको दक्षिणी भागमा गृष्ममा गर्मि र हेमन्त ऋतुमा न्यानो हावापानी रहन्छ। यस जिल्लामा औषत १,१०० मिलि मनसुनी बर्षा हुने गर्दछ। जिल्लाको औषत तापक्रम १४.७०$^{\circ}$ C सम्म पुग्दछ।

## ४.१ अध्ययनको क्षेत्र

प्रस्तुत पाँचथर जिल्लाको अन्तर्गतको एकतीन गा.बि.स.का शेर्पा जातिको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थामा केन्द्रित रहेको छ। एकतीन गा.बि.स. पाँचथर जिल्ला सदरमुकाम देखि १२ कोस पशिचम उत्तरमा अवस्थित एकतीन गा.बि.स.को पूर्वमा मेमेङ्ग पश्चिममा भारपा पर्छ। यस गा.वि.स.को कुल क्षेत्रफल २२.५० वर्ग किलोमिटर रहेको छ। समुन्द्री सतहबाट १८०० मि. देखि २५०० मिटरको उचाइसम्म फैलिएको छ। पहाडी क्षेत्रको जिल्ला पाँचथरको एक गा.वि.स. पर्ने हुनाले यस गा.वि.स.को हावापानी पाँचथरको हावापानीसँग मिल्दो छ। यहाँ समान हावापानी पाइन्छ।

खास गरी एकतीन गा.बि.स.मा शेर्पा जातिका मानिसहरु दोस्रो ठुलो जनसंख्याको रुपमा रहेका छन। यस अध्ययनमा एकतीन गा.बि.स.का शेर्पा जातिको सामाजिक, आर्थिक, साँस्कृतिक तथा राजनीतिक बिषयमा केन्द्रित रहेर यो शोधपत्र तयार पारिएको छ। जसको माध्यमबाट यस क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिको परम्परागत पेशा व्यवसाय के थियो, वर्तमान अवस्थामा उनिहरु कस्तो पेशा व्यवसायमा संलग्न छन, विगतको सामाजिक, आर्थिक, साँस्कृतिक अवस्था कस्तो थियो र वर्तमान अवस्थामा उनिहरु कस्तो अवस्थामा

छन, भन्ने विषयमा केन्द्रित रहको छ। अध्ययनको प्रमुख स्रोतको रुपमा स्थलगत अध्ययन र स्थानिय बासिलाई सोधेका प्रश्नहरु रहेका छन ।

## ४.२ एकतीन गा.वि.स को सामान्य परिचय

पाचँथर जिल्लाको सदरमुकाम देखि १३ कोस पशिचम उत्तरमा अवस्थित एकतीन गा.बि.स को पुर्वमा मेमेङ्ग पश्चिममा भारपा उत्तरमा ओयाम गा.वि.स र दक्षिणमा याङनाम गा.वि.स रहेका छन। यस गा.वि.स को कुल क्षेत्रफल २३.७४ वर्ग किलोमिटर रहेको छ। समुन्द्र सतहबाट ५०० मि. देखि २५०० मिटरको उचाइसम्म फैलिएको छ (स्रोत गा.वि.स.को प्रोफाइल, २०७३) ।

## ४.३ एकतीन गा.वि.स को भौगोलिक वातावरण

पहाडी क्षेत्रको जिल्ला पाचँथरको एक गा.वि.स पर्ने हुनाले यस गा.वि.स को हावापानी पाँचथर यस जिल्लासँग हावापानीसँग मिल्दो छ। यहाँ समान हावापानी पाइन्छ। बाक्लो वनजंगल र पहाडी हावापानी भएकाले भारी बर्षात, समेत पर्दछ। जाडो मौसममा यस गा.वि.स मा हुस्सु लाग्दछ। जाडो मौसममा यहाँ ज्यादा चिसो हुने गर्दछ।

## ४.४ जनसंख्याको वितरण

यस गा.वि स को धेरै भागमा लिम्बु,राई शेर्पा जातीको बस्ती छ भने वडा ८ मा राई, शेर्पाको मात्र बसोबास छ। १, २, ३,४, ५, ६ वडामा लिम्बु, तामाङ्ग, क्षेत्री, नेवार, शेर्पा आदी जातीको बसोबास छ। वडा ७ मा लिम्बु र तामाङ्ग र ८ वडामा राई, शेर्पाको मात्र बसोबास रहेको छ। वडा नं. ८ मा राई, शेर्पाको मात्रको वसोवास रहेको छ। जसको कारणको रुपमा यहाँ बसोबास गर्ने ब्राहमण, क्षेत्री, बसाईसरी गएको र उक्त स्थानमा शेर्पाहरुको बसोबास हुदै आएको स्थानिय बासी बताउदछन्।

**तालिका नं. : १**

**लिङ्गको आधारमा जनसंख्या**

| क्र.स. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १३८० | ५०.३० % |
| २ | पुरुष | १३६४ | ४९.७० % |
| **जम्मा** | | **२७४४** | **१०० %** |

(स्रोत गा.वि.स.को प्रोफाइल, २०७३)

माथिको तालिका अनुसार यस गा.वि.स मा पुरुषको संख्या १३६४ अर्थात ४९.७० प्रतिशत र महिलाको संख्या १३८० अर्थात ५०.३० प्रतिशत रहेको छ। औषत परिवारका सदस्य संख्या १६ जना रहेको छ भने पुरुषको भन्दा महिलाको संख्या बढि रहेको छ। छोरा प्रतिको चाहनाले छोरीको संख्या वढी भएको हो ।

## ४.५ एकतीन गा.वि.स मा भएका जातजातिको विवरण

यस गा.वि.स को वडा ८ मा राई शेर्पाको मात्र बसोबास छ। १, २, ३, ४, ५, ६ वडामा लिम्बु, तामाङ्ग क्षेत्री, नेवार आदी जातीको बसोबास छ। वडा ७ मा लिम्बु र तामाङ्ग र ९ वडामा राई लिम्बु मात्र बसोबास रहेको पाइएको छ ।

**तालिका नं. : २**

**औषत जात/जाति विवरण**

| क.स. | जतजाति | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | शेर्पा | २५० | ३६.१ % |
| २ | लिम्बु | १२५६ | ५१.८ % |
| ३ | तामाङ्ग | १४५ | ७.७ % |
| ४ | क्षेत्री/ब्राम्हण | १२६ | ४.६ % |
| ६ | नेवार | ३४ | ०.८ % |
| ७ | अन्य | ६ | १.४ % |
| **जम्मा** | | **१८१७** | **१०० %** |

(स्रोत गा.वि.स.को प्रोफाइल, २०७३)

माथिको तालिका अनुसार एकतीन गा.वि.स को शेर्पाहरुको जनसंख्या २५० (३१.१ %), लिम्बु १२५६ (५१.८%) , तामाङ्ग १४५ (७.७%) ,क्षेत्री/ब्राम्हण १२६ (४.६%,) नेवार ३४ (०.८%), अन्य ६ (१.४%) रहेका छन ।

## ४.६ धार्मिक अवस्था

तथ्याङ्क संकलनको क्रममा एकतीन गा.वि.स मा बौद्ध, किरांत, हिन्दु, धर्म मान्ने व्यक्तिहरु पाइयो। अध्ययनको क्रममा यहाँ हिन्दु, बौद्ध, किरांत, क्रिश्चियन धर्ममा व्यक्तिहरु लागेको पनि पाइयो ।

**तालिका नं. : ३**

**धर्मको आधारमा जनसंख्या**

| क्र.स. | धर्म | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | हिन्दू | ४०४ | ३५.८ % |
| २ | बौद्ध | २५० | १२.८% |
| ३ | किराँत | १२५० | ४२.८% |
| ४ | क्रिश्चियन | ७२ | ३.९ % |
| ५ | अन्य | ४२ | ३.५ % |
| **जम्मा** | | **२०१८** | **१००%** |

(स्रोत गा.वि.स.को प्रोफाइल, २०७३)

माथिको तालिका अनुसार एकतीन गा.वि.स मा हिन्दु धर्म मान्नेको संख्या ४०४ (३५.८%), बौद्ध धर्म मान्नेको संख्या २५० (१२.८%), किरांत धर्म मान्नेको संख्या १२५० (४२.८%), क्रिश्चियन धर्म मान्नेको संख्या ७२ (३.९%) र अन्य धर्मावलम्बी ४२ (३.५) प्रतिशत रहेको छ।

## ४.७ स्थानीय स्तरमा बोलिने भाषाहरु

स्थलगत रुपमा गा.वि.स मा फरक फरक ठाँउमा घुम्दा र स्थानिय व्यक्तिहरुलाई सोध्दा बहुसंख्यक मानिसहरुले लिम्बु भाषा र शेर्पा भाषा बोलेको पाइयो। कतिपय शेर्पा समुदायका जेष्ठ व्यक्तिले नेपाली भाषा नबुझ्ने गरेको पाइयो। तर नयाँ पुस्ताका शेर्पा सदस्यहरुले आफ्नो घर परिवारमा शेर्पा भाषा बोल्ने, लिम्बु समुदायसँग लिम्बु भाषामा कुराकानी गर्ने नेपाली भाषा पनि राम्रोसँग बोलेको कुरा थाहा पाइयो। एकतीन गा.वि.स वडा ८ का शेर्पाहरु नेपाली भाषा बोल्न सक्छन्।

**तालिका नं. : ४**

**भाषागत रुपमा जनसंख्या**

| क्र.स. | भाषा | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | लिम्बु | १२५० | ४६.६ % |
| २ | शेर्पा | ३५० | १३.९ % |
| ३ | तामाङ्ग | २२४ | ७.३ % |
| ४ | क्षेत्री/व्राहमण | ५०४ | ३१.१ % |
| **जम्मा** | | **२२७८** | **१०० %** |

(स्रोत गा.वि.स.को प्रोफाइल, २०७३)

माथिको तालिका अनुसार यस गा.वि.स मा लिम्बु भाषा बोल्ने संख्या २१५० (४६.६ %), शेर्पा भाषा बोल्नेको संख्या ३५० (१३.९ %), तामाङ्ग भाषा बोल्ने संख्या २२४ ( ७.३%), नेपाली भाषा बोल्ने संख्या ४०४ (३१..९%) रहेको पाइयो ।

## ४.८ सरकारी कार्यालयहरु

एकतीन गा.वि.स मा एक उच्च मा.वि., चार मा.वि., ७ प्रा. वि. १ प्रहरी चौकी, १ स्वास्थ्य चौकी, आदि रहेका छन ।

**तलिका नं. : ५**
**सरकारी विद्यालयहरुको विवरण**

| क्र.सं. | विद्यालय | संख्या | कैफियत |
|---|---|---|---|
| १. | उच्च मा. वि. | १ | |
| २. | मा.वि. | ४ | |
| ३. | प्रा.वि. | ७ | |
| ४. | प्रहरी चौकी | १ | |
| ५. | स्वास्थ्य चौकी | १ | |

माथिको तालिकाको आधारमा एकतीन गा. वि. समा उच्च मा वि १ मा.वि. ४ प्रा.वि. ७ प्रहरी चौकी १ र स्वास्थ्य चौकी १ रहेको छ ।

## ४.९ खानेपानीको अवस्था

स्वच्छ पिउने पानी हरेक जिवित प्राणीको लागी आवश्यक छ ।जसको अभावमा प्राणी जगतको जीवन अधुरो छ। नेपालमा बसोबास गर्ने ३ भाग जनसंख्या मध्ये एक भाग जनसंख्याले मात्र स्वच्छ पिउने पानी प्राप्त गरेका छन । एकतीन गा.वि.स को धेरै जसो ठाँउमा स्वच्छ पिउने पानीको सुविधा रहेको छ। धेरै जसो सार्वजनिक धाराको प्रयोग गरिए पनि निजी स्वामित्वका धाराहरु पनि प्रयोगमा छन। गाइ बस्तु र सरसफाईका लागी पनि उक्त पानी प्रयोग गरिन्छ। जनसंख्या बृद्धिका कारण सार्वजनिक धाराको पानी अपुग देखिन्छ।

## ४.१० वन्यजन्तु, घाँसपात तथा बोटबिरुवा

एकतीन गा.वि.स को स्वामित्वमा रहेको जंगलमा निगाले, मृग, दम्सी, ढुकुर नाउर लगायतका वन्यजन्तु स्याल काडेभ्याकुर , वनपरेवा लगायतका वन्य पन्क्षि काफल, ऐसेलु, मेहेल, च्याँसी,चुत्रो, क्यामुना, जामुना, खोल्मे, खराने लगायतका वन्य फलफुल त्यसरी नै चिराईतो, जटामसी, विखमा, खोकिम, पाखनवेद, टिमुर, हड्चुड, पाँचऔले लगायतका जडिबुटि र रानी चाँप, फुलचाँप, घोगेचाँप, हल्दिचाँप, रातो सेतो गुराँस, बज्राँठ,

गोब्रे सल्ला, ठिंग्रे सल्ला, चिलाउने, कटुस, फुस्रे, रातो सेतो ओखर र बिचमा स-साना बुट्यान, अल्लो, चुत्रो र घाँसले वन भरिएको पाईन्छ। यी वन क्षेत्रमा रहेका जीवजन्तुहरुले कृषि बालीमा १०% र पशुपालन व्यवसायलाई ५% नोक्सान पुऱ्याएको पाईन्छ। यस गा.वि.स मा स्थानिय मानिसले गाई, गोरु, भैसी, भेडा, बाखा, सुगुर, जस्ता घर पालुवा जनावर र हाँस, परेवा, कुखुरा लगायतका घर पालुवा पंक्षी पाल्ने गर्दछन (स्रोत : गा.वि.स.को प्रोफाइल, २०७३)।

## ४.११ शैक्षिक संस्थाको वर्तमान अवस्था

एकतीन गा.वि.स मा ५ वटा प्रा.वि. ४ मा.वि. र १ उच्च मा.वि का साथै २ निजि श्रोतको विद्यालय रहेको पाईयो। स्थानिय स्तरमा नै उच्च मा.वि. रहनुले विवाहित महिला, अन्यत्र गएर पढ्न नसक्ने वा घरायसी कारणले समस्यामा रहेका व्यक्तिहरु लाई समेत यस उ.मा.वि ले ठुलो टेवा प्रदान गरेको छ। यसका साथै आफ्ना बच्चा हरुलाई निजि विद्यालयमा पढाउने आमा बाबुको सपना पनि साकार भएको देखिन्छ।

यस एकतीन गा.वि.स को उच्च मा.वि ले एकतीन ओयाम भारपा, मेमेङ व्यक्तिहरुलाई उच्च शिक्षाको अध्ययनमा टेवा पुऱ्याएको छ।

## ४.१२ सिंचाईको व्यवस्था

एकतीन गा.वि.स मा रहेको कृषि योग्य जमिनको सिंचाईको लागी वर्षातको पानीमा यहाँका किसान भर पर्दछन। यहाँ कुनै पनि व्यवस्थित कुलो,नहर, पोखरी छैन। कृषकहरुले आफ्नै लगानीबाट अस्थाई सिंचाई गरेका छन। फलस्वरुप पऱ्याप्त सिंचाई हुन सकेको छैन। गा.वि.स को ४०% जमिनलाई मात्र सिंचित गरिएको छ। सरकारी उदासिनता र समुदायको आर्थिक क्षामताको अभावले सुख्खा र खडेरीको सामना गर्नु परेको स्थानिय बासिन्दा बताउँदछन। यहाँ धान, गहुँ, मकै, आलु, जौ, कोदो तोरी, फापर, अन्नबाली र साग, कांक्रो, फर्सि, सिमी, बोडी, गोलभेडा लगायतका तरकारी साथै अलैंची जस्ता नगदे बाली मुख्य छन (स्रोत : गा.वि.स.को प्रोफाइल, २०७३)।

# अध्याय : पाँच

## तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

**सामाजिक अवस्था**

**शेर्पा जातिको सामाजिक रहनसहन**

यस गा.वि स मा बसोबास गर्ने व्यक्तिहरुको जीवन शैलि सरल किसिमको छ। अग्रजहरु पुराना भेषभुषा र ल्वाई ख्वाईमा देखिन्छन भने नया पुस्ताका व्यक्तिहरु आधुनिक भेषभुषा र ल्वाई ख्वाईमा देखिन्छन। यहाँका मानिसहरु अधिकांश समय खेतिपाती र पशुपालनमा व्यस्त देखिन्छन। फुर्सदको समयमा मेला पात र घरायसी काममा संलग्न हुन्छन। यहाँका अधिकाँश घरहरु पुराना शैलिका बनाईएका छन। समयको परिवर्तनसंगै ल्वाई ख्वाइ, भेषभुषा, रहनसहन, भाषा, धर्म, संस्कृतिमा परिवर्तन आएको पाईन्छ।

**तालिका नं. : ६**

**अध्ययन गरिएको घर परिवारको आधारमा जनसंख्या**

| क.स. | लिङ्ग | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | महिला | १६ | ३२ % |
| २ | पुरुष | ३४ | ६८ % |
| **जम्मा** | | **५०** | **१०० %** |

(स्रोत गा.वि.स.को प्रोफाइल, २०७३)

माथिको तालिका अनुसार अध्ययन गरिएको घर परिवारमा पुरुषको संख्या २०३ वा (४९.७०%) र महिलाको संख्या २१३ वा (५०.३०% ) रहेको छ। यसरी अध्ययन गरिएको परिवार अनुसार पुरुष भन्दा महिलाको संख्या बढी देखिएको छ। जसको प्रमुख कारणको रुपमा शेर्पा समाजमा पनि छोरा प्रतिको चाहनाले छोरीको संख्या वढी भएको हो।

## ५.१ पुरुष तथा महिलाको जनसंख्या

एकतीन गा.वि.स मा जनसंख्याको हिसाबमा महिलाको संख्या बढी रहेको पाईयो। गाँउका वयोवृद्ध महिला ८६ बर्ष उमेर सम्मका र पुरुष ८३ बर्ष उमेर सम्मका रहेको पाईयो। ७० वर्ष उमेर सम्मका मानिसहरुले खेतिपाती, राडीपाखी, चिराईतो, आलु पशुपालन तथा घर भित्र र बाहिरका दैनिक काम काजहरुमा सक्रिय रुपमा सहभागी भएको पाईयो। यो अध्ययन एकतीन गा.वि.स वडा नं. ८ मा गरिएको छ। यस वडामा सवै शेर्पा

जातिको मात्र बसोबास छ । अध्ययन गरिएको ४० घर मध्ये परिवारको जनसंख्यालाई यसरी प्रस्तुत गरिएको छ ।

**तालिका नं. : ७**

**उमेरको आधारमा जनसंख्या**

| क्र.स. | उमेर/ समुह | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | ०-१५ | ३४ | १९.८७ % |
| २ | १६-३० | ५६ | ३३.२६ % |
| ३ | ३१-४५ | ६७ | २३.५४ % |
| ४ | ४६-६० | ३५ | १४.०४ % |
| ५ | ६१+ | २३ | ९.२९ % |
| जम्मा | | २१५ | १०० % |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार अध्ययन गरिएको ५० घर परिवारमा उमेर समुह हेर्दा ०-१५ वर्ष उमेर समुहमा ९२ अथवा (१९.८७ %), १६-३० वर्ष उमेर समुहमा १५४ अथवा (३३.२६ %), ३१-४५ वर्ष उमेर समुहमा १०९ अथवा (२३.५४ %), र ४६- ६० वर्ष उमेर समुहमा ६५ अथवा (१४.०४ % ) र ६० माथिको उमेर समुहमा ४३ अथवा (९.२९ % ) जनसंख्या रहेको छ ।

## ५.२ वैवाहिक स्थिति

एकतीन गा.वि स का केहि विशिष्ट व्यक्तिहरुसंगको कुराकानीको आधारमा मागी र प्रेम विवाहको प्रचलन बढी मात्रामा रहेको पाईयो जुन विगतबाट चल्दै आएको छ । तर आज भोलि शिक्षाको कारणले शिक्षित व्यक्तिहरुमा प्रेम विवाह, भागी विवाह र अन्तर जातिय विवाहको प्रचलन बढी रहेको कुरा स्थानियहरु बताउँछन । जसले गर्दा जातियता हराउदै जाने र जातिय शुद्धता नरहने चिन्ता स्थानिय अग्रजहरु बताउँदछन । प्रेम विवाह, भागी विवाहको प्रचलनले गर्दा संस्कृतिमा परिवर्तन हुने र आफ्नो संस्कृतिको लोप हुने कुरामा उनिहरु चिन्तित छन । यस्तो संभावना अन्तर जातिय विवाहले हुने उनिहरुको भनाई छ । त्यसैले अन्तरजातिय विवाह रोक्न थालिएको उनिहरु बताउँदछन । यसबाट प्रस्ट हुन्छ कि शेर्पा जाति आफ्नो परम्परागत साँस्कृतिक तथा धार्मिक आस्थामा अडिग छन ।

**तालिका नं. : ८**

**विवाहको किसिमको आधारमा जनसंख्या**

| क्र.स | विवाहको किसिम | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | मागी विवाह | १५४ | ७९.२ % |
| २ | अन्तरजातीय विवाह | १६ | ७.० % |
| ३ | प्रेम विवाह | ४६ | १३.८ % |
| **जम्मा** | | **२१६** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार ५० घर परिवारमा गरिएको अध्ययनको आधारमा मागी विवाह गर्नेको संख्या १५४ अथवा (७९.२ %), अन्तरजातीय विवाह गर्नेको संख्या १६ अथवा (७.० %), छ भने प्रेम विवाह गर्नेको संख्या ४६ अथवा (१३.८ % ) रहेको छ ।

## ५.३ शैक्षिक अवस्था

एकतीन गा. वि. स का वडाहरुमा प्रा.वि, नि.मा.वि, मा.वि, उ.मा.वि र निजि स्तरका विद्यालय रहनु यहाँका नागरिकहरु शिक्षित रहेको कुरा पुष्टि गर्दछ । यस गा.वि.स. को वडा नं.३ र ९ सबभन्दा बढी शिक्षित रहेको कुरामा स्थानिय व्यक्तिको दावि छ । अन्य वडामा पनि सवै बालबालिका विद्यालय जाने गरेको स्थलगत भ्रमण र स्थानिय व्यक्तिको भनाईबाट जानकारी पाइएको छ ।

थोरै व्यक्तिहरुले मात्र उच्च शिक्षा लिएता पनि माध्यमिक शिक्षा सम्म अत्याधिक मात्रामा सरिक भएको पाईयो । नयाँ पुस्ताका सम्पुर्ण व्यक्तिहरु विद्यालय जाने हुनाले निरक्षर दर ज्यादै न्युन पाईयो । माध्यमिक तहमा सफल भएपछि विद्यालय छोड्ने र वैदेशिक रोजगारीमा, कृषि कार्य पर्यटन व्यवसायमा सरिक हुने गरेको जसले गर्दा उच्च शिक्षाको दर कम भएको स्थानियहरु बताउँदछन ।

**तालिका नं. : ९**

**शिक्षाको आधारमा जनसंख्या**

| क्र.स. | शिक्षा समुह | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | उच्च शिक्षा | ९ | ३.४७% |
| २ | माध्यमिक | १९ | ७.३० % |
| ३ | निम्न माध्यमिक | २७ | १०.४२% |
| ४ | प्राथमिक | ३८ | १०.७७ % |
| ५ | साक्षर | १६७ | ६४.२४ % |
| ६ | निरक्षर | ०० | ०० |
| **जम्मा** | | **२६०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार अध्ययन गरिएको ५० घर परिवारमा उच्च शिक्षा प्राप्त गर्नेको संख्या ९ अथवा (३.४७ %), माध्यमिक शिक्षा लिनेको संख्या १९ अथवा (७.३० % ) निम्न माध्यमिक शिक्षा लिनेको संख्या २७ अथवा (१०.४२ %), प्राथमिक शिक्षा लिनेको संख्या ३८ अथवा (१०.७७ %), साक्षर मात्र हुनेको संख्या १६७ अथवा (६४.२४ %) र निरक्षरको संख्या ०० अथवा (०० %) रहेको छ। यस अध्ययनमा ४ वर्ष उमेर समुहलाई शैक्षिक स्थितिमा गणना गरिएको छैन।

## ५.४ स्वास्थ्य स्थितिको अवस्था

यस ठाँउमा बसोबास गर्ने शेर्पा जातिका मानिसहरु स्थानिय स्तरका जडिबुटिको प्रयोग गरि रोगहरुको निधान गर्ने गर्दछन। नयाँ पुस्ताका बहुसंख्यक व्यक्तिहरु आफ्नो स्वास्थ्य प्रति आफै सचेत छन। खानपान तथा अन्य कारणबाट लाग्ने रोगको लागि गा. वि. स मा रहेको उपस्वास्थ्य चौकी मा उपचारको लागी जाने गर्दछन्। ठुला रोगको लागी जिल्ला सदरमुकाम र बाहिरी जिल्लाका अस्पतालहरु र भारतमा समेत उपचारको लागी जाने गरेको पाईयो। सुत्केरी अधिकाँश मानिसहरु घरमा नै गराउने र कठिन परिस्थितिमा मात्र स्वास्थ्य चौकी र अस्पतालमा लाने गरेको स्थानियहरु बताउँदछन। वर्तमान अवस्थामा पनि सवै मानिस शिक्षित भएर पनि धार्मिक विश्वासका कारण पहिला धामी, झाँक्री वा झार फुक गराउने र मात्र अस्पताल लाने गरेको पाईयो। जुन उनिहरुको परम्परा र संस्कारको निरन्तारता भएको उनिहरु बताउँदछन। यसबाट प्रस्ट हुन्छ कि बर्तमान अवस्थामा पनि सबै समुदायका व्यक्तिहरुमा धामी प्रति विश्वास रहेको देखिन्छ।

**तालिका नं. : १०**

**उपचारक गर्ने ठाँउको आधारमा परिवार**

| क्र.स | उपचारक गर्ने ठांउ | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | अस्पताल जाने | ५ | १२.५ % |
| २ | धामी झाँक्री कहाँ जाने | ८ | २० % |
| ३ | वैद्य कहाँ जाने | ११ | २७.५ % |
| ४ | स्वास्थ्य चौकी जाने | १६ | ४० % |
| **जम्मा** | | **४०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अध्ययन गरिएको ५० घर परिवारका सदस्यहरु बिरामी पर्दा अस्पतालमा गई आधुनिक उपचार गर्नेको संख्या ५ अथवा (१२.५ %), धामी झाँक्रीकोमा झार फुक गर्न जानेको संख्या ८ अथवा (२० %),वैद्यकोमा गई उपचार गर्नेको संख्या ११ अथवा (२७.५%) र स्वास्थ्य चौकी जानेको संख्या १६ अथवा (४० %) देखिएको छ ।

## ५.५ गाँउमा देखिने रोगहरु

एकतीन गा.वि.स पहाडी जिल्ला पाँचथर पर्ने हुनाले यस गा.वि.स पहाडी हावापानी भएको र यातायात र उद्योग कलकारखाना नभएको पुर्ण रुपमा ग्रामिण ईलाका हुनाले यहाँको हावापानी स्वच्छ हुनाले यस क्षेत्रमा जटिल किसिमका रोगहरु नलाग्ने देखिन्छ । यहाँ सरसफाईको अभावमा लाग्ने रोगहरु हैजा, रुघाखोकी, टाईफाइड, जुका, आँउ, घाँउ खटिरा, दम, पिनास, जण्डिस, पेटदुख्ने आदि जस्ता रोगहरु लाग्ने गरेको स्थानिय बासिन्दा बताउँदछन । स्वच्छ पिउने पानीको अभाव तथा फोहोर खानेकुरा र सरसफाईको अभावका कारण उक्त किसिमका रोगहरु लाग्ने गरेको स्थानिय बासिन्दा बताउँदछन । एक अर्कासँग जोडिएका घरहरु, फोहोर पानीको उचित व्यवस्थापन नहुनु, सुंगुर, वंगुर, हाँस कुखुरा खुल्ला रुपमा छाड्नु र गाई भैसीलाई सोझै पानीका मुहानमा पानी खुवाउने गर्नाले यस्ता रोगहरुको प्रकोप वढेको स्थानिय बासिन्दा बताउँदछन । यसलाई मनन गर्दा शेर्पा समुदायमा देखिने रोगहरुको कारणका बारेमा स्थानिय आफै जानकार छन तर पनि यस्ता समस्याको निराकरण गर्ने उचित विकल्प नहुँदा उनिहरु स्वास्थ्य समस्यामा छन । त्यसैले उनिहरुको चेतनाको विकास गर्ने कुरामा सहकार्य हुनु पर्ने भनाई उनिहरुको छ ।

## ५.६ परिवार नियोजन सम्बन्धी ज्ञान

एकतीन गा. वि. स जनजातिहरुको बढी मात्रामा बसोबास भएको गा. वि. स हो । यस गा. वि. स का नयाँ पुस्ताका मानिसहरुमा शिक्षाको गुणस्तर रहेता पनि अग्रजहरु शिक्षाबाट बञ्चित हुनुपरेको उनिहरुको भनाई छ। फलस्वरुप परिवार नियोजन सम्बन्धी ज्ञानको अभाव देखिन्छ। जसको कारणबाट छोरा छोरी बढी जन्माउने पुरानो परम्परालाई आत्मसाथ गरिएको देखिन्छ। प्रत्येक घरमा ४ जना देखि ९ जना सम्म परिवार सदस्य रहनुले उक्त कुरालाई प्रमाणित गर्दछ। नयाँ पुस्ताका कतिपय व्यक्तिहरुले मात्र परिवार परिवार नियोजनका बारेमा ज्ञान भएको र परिवार नियोजनका स्थायी वा अस्थाई साधानको प्रयोग गरेको स्थलगत अध्ययनको आधारमा जानकारी पाईयो। परिवार नियोजनका साधानमा पिल्स, कपर टी, कन्डोम लगायतका छन। स्थाई साधन अर्न्तगत मिनिल्याप र भ्यासेक्टोमी प्रमुख

छन । यहाँका बासिन्दाहरुले उक्त कुराको जानकारी रेडियो, टि.भी., पत्रपत्रिका, परिवार नियोजन सम्बन्धी संघ संस्थाका कार्यक्रमहरु, महिला स्वास्थ्य स्वयम सेविका , आफन्त व्यक्ति आदि बाट पाईएको कुरा स्थलगत अध्ययनको आधारमा थाहा भएको छ ।

**तालिका नं. : ११**

**परिवार नियोजनको प्रयोगको आधारमा परिवार संख्या**

| क्र.स. | परिवार नियोजनका साधन प्रयोग कर्ता | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | प्रयोग कर्ता | २९ | ५८% |
| २ | प्रयोग नगर्ने | २१ | ४२% |
| **जम्मा** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार अध्ययन गरिएको ५० घर परिवार मध्ये २९ जना अथवा (५८%) ले परिवार नियोजनका साधन प्रयोग गरेको र परिवार नियोजनका साधन प्रयोग नगर्नेको संख्या २१ अथवा (४२%) देखियो । लिङ्गको आधारमा परिवार नियोजनका साधन प्रयोग गर्नेको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. : १२**

**परिवार नियोजनका अस्थाई साधनको प्रयोग लिङ्गको आधारमा**

| क्र.स. | लिङ्ग | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | पुरुष | २२ | ४४% |
| २ | महिला | २८ | ५६% |
| **जम्मा** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार परिवार नियोजनका अस्थाई साधनको प्रयोग गर्ने पुरुषको संख्या २२ अथवा (४४%) र परिवार नियोजनका अस्थाई साधनको प्रयोग महिलाको संख्या २८ अथवा (५६%) रहेको छ । यस आधारमा परिवार नियोजनका अस्थाई साधनको प्रयोग लिङ्गको आधारमा पुरुषको तुलनामा महिलाको संख्या बढि देखा परेको छ । जसको कारणको रुपमा परिवार नियोजनका साधन महिला स्वास्थ्य स्वंयम सेविका सगँको सल्लाहमा महिलाले लामो अवधिका लागी साधन प्रयोग गर्ने हुनाले अथवा पुरुषले जस्तो दिनहु प्रयोग गर्नु नपर्ने हुनाले महिलाको संख्या बढि देखा परेको हो ।

**तालिका नं. : १३**

**परिवार नियोजनका स्थाई साधनको प्रयोग लिङ्गको आधारमा**

| क्र.स. | लिङ्ग | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | पुरुष | ३० | ६०% |
| २ | महिला | २० | ४०% |
| **जम्मा** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार परिवार नियोजनका स्थाई साधनको प्रयोग लिङ्गको आधारमा महिला २० अथवा (४०%) र परिवार नियोजनका स्थाई साधनको प्रयोग लिङ्गको आधारमा पुरुष ३० अथवा (६०%) देखिएको छ। यस आधारमा महिला पुरुष भन्दा पुरुषले परिवार नियोजनका स्थाई साधनको प्रयोग बढि गर्ने गरेको देखा परेको छ। यसो हुनाको प्रमुख कारणको रुपमा शिक्षित वर्गको पहुँचलाई मानिन्छ।

## ५.७ एकतीन गा.वि.स को पारिवारिक अवस्था

मानिस प्राचिन युगबाट नै समुहमा आफ्ना क्रियाकलापहरु गर्दै आएको छ। मानिस समाज बिना बाँच्न सक्दैन त्यसैले उ सामाजिक प्राणिको रुपमा रहेको छ। समाजमा रहेपछि मानिसलाई एक अर्काको माया, सदभाव, सहयोगको आवश्कता पर्दछ। मानिसमा भएको चेतना, सोच्ने शक्ति र भाषाको कारणबाट उ अरु प्राणि भन्दा सर्व श्रेष्ठ प्राणीको रुपमा मानिएको हो। मानव जन्मदा एक जैविक प्राणिको रुपमा जन्मन्छ र समाजमा भएका भौतिक अभौतिक वस्तुहरु लाई आत्मसाथ गर्दै जाँदा उ एक सामाजिक प्राणि बन्दै जान्छ। फलस्वरुप उ सामाजिक जालोले बाँधिन थाल्दछ। उ परिवार, समाज, देश हुँदै सिंगो विश्वसंग गांसिन पुग्दछ। यस एकतीन गा. वि. स मा पनि एकल र संयुक्त दुवै किसिमका परिवारहरु रहेको पाईयो। एकल परिवार भन्दा संयुक्त परिवारको संख्या बढी रहेको पाईयो। जसको प्रमुख कारण हिमाली हावापानीका कारण कृषि उब्जाउ कम हुनु, सिमित जग्गा हुनु, र परिवारका पुरुष पर्यटन व्यवसायमा संलग्न हुनु रहैएकल परिवारको अध्ययनमा कतै ३/७ जना र कतै ९ जना सम्म परिवारका सदस्य संख्या पाईयो। संयुक्त परिवारमा ९ जना भन्दा बढी परिवारका सदस्य संख्या  स्थलगत अध्ययनको क्रममा पाईयो।

**तालिका नं. : १४**

**परिवारको किसिम**

| क्र.स. | परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | ३६ | ७२ % |
| २ | संयुक्त | १४ | २८ % |
| **अध्ययन गरिएको परिवार संख्या** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार परिवारको किसिमलाई संख्याको आधारमा वर्गीकरण गर्दा एकात्मक परिवार ३६ अथवा (७२ % ) र संयुक्त परिवार १६ अथवा (२८ %) रहेका छन । अध्ययन गरिएको ५० घर परिवारलाई परिवारकोसंख्याको आधारमा निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. : १५**

**परिवारको किसिम सदस्य संख्याको आधारमा**

| क्र.स. | परिवारको किसिम | परिवार सदस्य संख्या | घर संख्या | प्रतिशत % |
|---|---|---|---|---|
| १ | एकल | ३-४ | ३६ | ७२ % |
| २ | संयुक्त | ७-९ | १४ | २८ % |
| | **अध्ययन गरिएको परिवार संख्या** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार परिवारको किसिमलाई सदस्य संख्याको आधारमा वर्गीकरण गर्दा ३-९ जना सम्म परिवार सदस्य संख्या हुने घरपरिवार संख्या ३६ अथवा (७२ %) रहेको छ भने ७-९ जना सम्म परिवार सदस्य संख्या हुने घर परिवार १४ अथवा (२८%) रहेको स्थलगत अध्ययनमा देखिएको छ ।

## ५.८ एकतीन गा. वि.स मा वसाईसराईको अवस्था

शेर्पा जातिहरु सोलु र खम्बु क्षेत्रमा रहेता पनि यस एकतीन गा. वि स का शेर्पा जातिका पुर्खाहरु यस ठाँउमा वर्षौ अगाडी उक्त सोलु र खम्बु क्षेत्रबाट बसाँईसराई गरी आएका हुन । तिनै पुर्खाहरुबाट फैलिएका शेर्पाहरु यी भएको कुरा स्थानियहरु बताउँदछन । यस क्षेत्रमा विशेष गरि विभिन्न थरका शेर्पाहरुको वसोवास रहेको देखिन्छ जुन सोलुखम्बु क्षेत्रबाट बसाँईसराई गरी आएका सिमित शेर्पा जातिका वंशको रुपमा रहेका छन । तिनीहरु निम्न छन ।

☞ लामा शेर्पा

☞ पाङकर्मा शेर्पा

☞ जाम्वा शेर्पा

☞ खाम्बा शेर्पा

☞ ओदाम्बा शेर्पा

यस ठाँउबाट अन्यत्रका क्षेत्रमा स्थाई बसाँई सरेका छैनन । तर जागिर, व्यापार, शिक्षा आदिका कारणले जिल्ला बाहिर रहनेको संख्या पनि उल्लेख्य रुपमा रहेको छ । यहाँका युवाहरु सरकारी तथा गैर सरकारी कार्यालयहरुमा कार्यरत रहेका छन ।

## ५.९ सामाजिक रितिरिवाज

मानिस एक सामाजिक प्राणी भएको नाताले समाजमा रहेर समाजमा सम्पन्न गरिने विभिन्न क्रियाकलापमा एक अर्काको साथ सहयोगमा सम्पन्न गर्दछ । समाजमा अर्म पर्म, पैंचो, धार्मिक, साँस्कृतिक क्रियाकलापहरु, संस्कारका काममा पनि विभिन्न जात जाति मिलेर कार्य सम्पादन गर्ने गरेको स्थानियहरु बताँउदछन । मानव जव मानव-को रुपमा जीवन व्यतित गर्न लाग्यो तव देखि नै अन्य प्राणी भन्दा छुट्टै एक सामाजिक प्राणी भएकोले आफ्ना आवश्यकताको परिपुर्तिको लागी समुह, संगठन, समुदाय, समाज, संस्कृति, मुल्य मान्यता, धर्म, कानुन, आदि जस्ता थुप्रै मुर्त वा अमुर्त कुराहरुको निर्माण गर्दै आयो । यिनै मुर्त अमुर्त सामाजिक, साँस्कृतिक कुराहरुको अनुसरण गर्दै समाज र संस्कृति, निरतर रुपमा अगाडी बढि रहेको छ ।

## ५.१० सामाजिक मेलमिलाप

शेर्पा समाजमा दैनिक रुपमा चलिआएका रीतिरिवाज सापट, पैंचो आदि काममा एक अर्का व्यक्तिले सहयोग गर्ने चलन पहिलेबाट नै रहिआएको स्थानिय बताउदछन् । शेर्पा जातिको बसोबास त्यसमा पनि बौद्ध धर्मावलम्वी रहेको यस क्षेत्रमा जातिय भेदभाव र छुवाछुतको भावना पाईदैन् । कुनै कारणले गर्दा समाजमा हुने झैझगडा, कुट्पिट समाजमा नै मिलाउने परिपाटि रहेको देखिन्छ । यसरी हेर्दा गाँउमा शान्ति सुरक्षाको अवस्था राम्रो देखिन्छ । जन्म संस्कार, मृत्यु संस्कार लगायतका अन्य सामाजिक कार्यमा विभिन्न जातजाति, भाषामा आस्था राख्ने समुदायका व्यक्ति मिलेर  सामाजिक कार्यहरु सम्पन्न गर्ने गर्दछन् ।

## ५.११ राजनैतिक स्थिति

वर्तमान अवस्थामा शेर्पा जातिमा पनि शिक्षाको स्थिति राम्रो भए संगै राजनितिक चासो पनि उत्तिकै मात्रामा बढेको देखिन्छ। स्थानिय स्तरका राजनैतिक पदमा शेर्पा जातिको सक्रिय सहभागिता रहेको पाईन्छ। यहाँका शेर्पाहरु गा. वि. स. स्तरका उपाध्यक्ष र वडा स्तरमा अध्यक्ष देखि सदस्य सम्मका पदमा निर्वाचित भएको भनाई उनिहरुको छ। स्थलगत रुपमा अध्ययन गर्दा र स्थानिय व्यक्तिलाई सोध्दा यस क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदायका व्यक्तिहरु लगायत सम्पुर्ण गा.वि.स का व्यक्तिहरु नेपाली काँग्रेस, नेकपा एमाले र रा.प्र.पा जस्ता राजनैतिक पार्टीमा मात्र विभाजन भएको पाईन्छ।

**तालिका नं. : १६**

**२०५४ सालमा भएको स्थानिय निकायको निर्वाचनमा नेपाली काँग्रेसका गा.वि.स.मा विजेता उमेद्वारहरुको विवरण**

| क्र.स. | निर्वाचित पद | पार्टी | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | गा.वि.स उपाध्यक्ष | नेपाली काँग्रेस | १ | ० | १ | २.१ % |
| २ | वडा अध्यक्ष | | १ | १ | २ | ४.२ % |
| ३ | वडा सदस्य | | २ | ४ | ६ | १२.६ % |
| **जम्मा** | | | ४ | ५ | ९ | १९ % |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार २०५४ सालमा भएको स्थानिय निकायको निर्वाचनमा कुल ४७ जना गा.वि.स पदाधिकारीहरुको निर्वाचनमा शेर्पा जातिका व्यक्ति मध्येबाट गा. वि. स. स्तरका उपाध्यक्ष पदमा १जना अथवा २.१ % त्यसरीनै वडा अध्यक्ष पदमा १-१ गरी जम्मा २ जना ४.२ % पुरुष, वडा सदस्य पदमा ६ जना जसमा महिला ४ र पुरुष ५ अथवा १२.७ % रहेका छन। यस निर्वाचनमा शेर्पा समुदायका सवैले चुनाव जितेका हुन।

**तालिका नं. : १७**

**२०५४ सालमा भएको स्थानिय निकायको निर्वाचनमा नेपाली काँग्रेस. का गा.वि.स.मा उठेका उमेद्धारहरुको विवरण**

| क.स. | निर्वाचित पद | पार्टी | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | गा.वि.स उपाध्यक्ष | नेपाली काँग्रेस | ० | १ | १ | **२.१ %** |
| २ | वडा अध्यक्ष | | | ५ | ५ | **४.२ %** |
| ३ | वडा सदस्य | | ३ | ६ | ९ | **१०.७ %** |
| **जम्मा** | | | ३ | **१२** | **१५** | **१७.० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार २०५४ सालमा भएको स्थानिय निकायको निर्वाचनमा कुल ४७ जना गा.वि.स पदाधिकारीहरुको निर्वाचनमा नेपाली काँग्रेस  नेपालमा शेर्पा जातिका व्यक्ति मध्येबाट गा. वि. स. स्तरका उपाध्यक्ष पदमा १ जना अथवा २.१ % त्यसरीनै वडा अध्यक्ष पदमा ५ जना ४.२ % पुरुष, वडा सदस्य पदमा ९ जना जसमा महिला ३ र पुरुष १२ अथवा १०.७ % रहेका छन । यस निर्वाचनमा शेर्पा समुदायका सवै चुनावमा पराजित भएका हुन ।

## ५.१२ अन्य जातिसँग मेलमिलापको भावना

प्राचिन काल देखि नै नेपाल खस आर्यहरु, मंगोल किरांत, लिच्छवि आदिको संगम थलोको रुपमा चिनिन्थ्यो। बर्तमान परिप्रेक्षमा पनि नेपाल बहुजाति, बहुभाषि, बहु सांस्कृतिक, बहुधार्मिक देशका रुपमा चिन्ने गरिन्छ। यिनै विविधतामा एकता प्रजातिय मिश्रणका आधारमा सामाजिकीकरण र सांस्कृतिक सामाजिक विकासको प्रक्रियामा सह-सम्बन्धित हुँदै नेपाली समाज र संस्कृतिको विकास भएको पाईन्छ ।

यहाँका शेर्पा जातिको मुख्य पेशा पशुपालन र कृषि हो । सम्पुर्ण जात जातिहरु एक आपसमा मिलेर बस्नु पर्ने हुनाले र एक अर्काको सहयोग विना दैनिक जिवन निर्वाह गर्न कठिन पर्ने भएकाले यहाँका शेर्पा जातिहरुको अन्य जातिहरु लिम्बु, तामाङ्ग, क्षेत्री, ब्राम्हण आदि जात जातिसंग नजिकको अन्तर सम्बन्ध रहेको पाईन्छ । वर्तमान समय विज्ञान र प्रविधिको समय भएता पनि दैनिक जीवन सञ्चालका औजारहरु निर्माणका लागी कामी, लता कपडाहरु सिउने कार्यमा दमाई, वाध्यवादन र जुत्ता जस्ता साधनको निर्माणका लागी सार्की जस्ता जातीसँग नजिकको सम्बन्ध देखिन्छ। यसबाट एका तर्फ समाजमा श्रम

विभाजनको अवस्था देखाउछ भने अर्को तिर जातिय एकतालाई इंगित गर्दछ। स्थानिय स्तरमा निर्माण गरिने रक्सी, जाँड शेर्पा समुदाय र अन्य समुदायका व्यक्तिहरुले पनि सेवन गर्ने गर्दछन्। यसरी यस्तो किसिमको सामाजिक परिपाटिका कारणले पनि जाति जाति बिचमा अन्तर सम्बन्ध राख्नु पर्ने हुन्छ। यसले एकातिर समाजमा श्रम विभाजनको अवस्थालाई देखाँउदछ भने अर्कोतिर समाजका जातजाति बिचको सामाजिक एकतालाई इँगित गर्दछ।

## ५.१३ पैत्रिक सम्पत्तिको अवस्था

नेपाल पुरुष प्रधान देश हुनाले वंश परम्परा पुरुषको तर्फबाट हुने गरेको छ। फलस्वरुप पैत्रिक सम्पतिमा अझै पनि पुरुषको नै हक लाग्ने परम्परा कायमै छ। हुन त कानुनले सबै महिला पुरुष दुवैलाई पैत्रिक सम्पतिमा बराबर हक लाग्ने व्यवस्था गरेको छ। तर व्यवहारमा लागु भएको छैन। यहाँका अधिकाँस मानिस पैत्रिक सम्पति लिएर बसेका छन्। स्थलगत अध्ययनको क्रममा स्थानिय वासिन्दा लाई सोधिएको प्रश्नमा भने अत्याधिक व्यक्तिले पैत्रिक सम्पतिमा छोरा र छोरीको समान हक हुने धारण राखे ता पनि व्यवहारमा लागु हुन सकेको छैन। छोरीलाई पनि छोरा सरह सम्पति दिनु पर्छ भन्नेको संख्या २४ र दिनु हुदैन भन्नेको संख्या १९ छ भने थाहा छैन भन्नेको संख्या ५ रहेको छ।

छोरी विवाह भएर अर्काको घरमा जाने हुदाँ छोरीलाई सम्पति दिएमा सामाजिक संरचनामा खलल पुग्ने हुदाँ, घरायसी विवाद तथा झैझगडा सृजना हुने हुदा छोरी लाई शिक्षा दिनुपर्ने कुरा बहुसंख्यकको भनाई रहेको छ। भने अर्का तिर शेर्पा समुदायमा विवाहको समयमा विवाहित छोरीलाई माईती पक्षले विवाहको दिन केही अंश दिने र घर पक्षकाले पनि त्यसै समयमा पैत्रिक सम्पतिको केही भाग अंश दिनुपर्ने हुनाले त्यसमा पुर्ण रुपमा महिलाको अधिकार रहेने हुनाले यहाँका महिलाको सामाजिक तथा आर्थिक अवस्था राम्रो रहेको स्थलगत अध्ययनको क्रममा जानकारी पाईयो। तर वर्तमान समयमा भागी विवाह, प्रेम विवाह, अन्तर जातिय विवाहका कारणले महिलाको अंश माथिको पहुँचमा कमी आएको स्थानीयहरु बताउँदछन्।

**तालिका नं : १८**

**पैत्रिक सम्पतिमा महिला अधिकार प्रतिको विचार (धारण)**

| **क्र.स.** | **धारण** | **संख्या** | **प्रतिशत %** |
|---|---|---|---|
| १ | ठिक | २५ | ५० % |
| २ | वेठिक | १९ | ३८% |
| ३ | थाहा छैन | ५ | १२ % |
| **जम्मा** | | **५०** | **१०० %** |

श्रोतः-स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार पैत्रिक सम्पतिमा महिलाको अधिकार ठिक हो भन्नेको संख्या २५ अथवा ५० प्रतिशत रहेको छ। समाजमा महिला र पुरुषको बीचको लैंगिक समानता विकसित गर्दै राज्यले विकसित गरेको कानुनि मान्यतालाई जोड दिई छोरा र छोरी बीचमा रहेको भेदभावको अन्त्य गर्ने जस्ता कारण रहेको छ। पैत्रिक सम्पतिमा महिलाको अधिकार वेठिक हो भन्नेको संख्या १९ अथवा ३८ प्रतिशत रहेको छ। जसमा छोरी चेलीलाई सम्पति दिएमा माइति प्रति नकारात्मक दृष्टिकोण राख्ने जसले गर्दा आपसी झै-झगडा हुने, माईतीमा आदर्शात्मक सम्बन्ध बिग्रने र समाजमा वैमनुष्यताको सृजना हुने जस्ता कारण रहेको स्थानिय बताउँदछन्। पैत्रिक सम्पतिमा महिलाको अधिकार के हो थाहा छैन भन्नेको संख्या ५ अथवा १२ प्रतिशत रहेको छ। पैत्रिक सम्पतिमा महिलाको अधिकार ठिक हो या वेठिक त्यस विषयमा थाहा छैन तर शिक्षा नै महत्वपुर्ण ज्ञान भएकोले छोरी चेलिलाई उचित शिक्षा दिनु पर्दछ भन्ने हाम्रो विचार हो।

## ५.१ एकतीन गा. वि. स. मा देखिएका प्रमुख समस्याहरु

एकतीन गा.वि.स को स्थलगत अध्ययन भ्रमण र स्थानिय बासिन्दालाई सोधेको प्रश्नको आधारमा यस गा.वि.स मा निम्न समस्या रहेका छन्।

- सिंचाईको असुविधा।
- आधुनिक कृषि प्रविधिको अभाव।
- यातायातको लागी पक्की सडक नबनिनु।
- मादक पदार्थको निर्माणले अन्नको बढी खर्च।
- स्वच्छ पिउने पानीको असुविधा।

- कृषि उपजको लागी बजारको अभाव ।
- व्यवसायिक शिक्षाको अभाव ।
- आधुनिक पशुपालन तथा कृषि प्रविधिको अभाव ।
- चार्डबार्ड तथा अन्य पर्वहरुमा फजुल खर्च ।

माथि उल्लेखित समस्याहरुलाई उचित तवरले क्रमिक रुपमा सुधार गर्दै लानुपर्ने माग स्थानिय वासिन्दाको रहेको छ ।

# अध्याय : छ

# आर्थिक अवस्था तथा आम्दानीको स्रोत

## ६. आर्थिक अवस्था

समग्र समाज विकासको मेरुदण्डको रुपमा अर्थतन्त्र रहेको छ। अर्थतन्त्र विना वर्तमान समयमा समाज विकास प्रक्रिया नै ठप्प हुन्छ। नेपाल कृषिमा आश्रित रहेको एक कृषि प्रधान मुलुक हो।यहाँका ७४ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न रही जीवन निर्वाह गर्दछन्। बढ्दो जनसंख्या, जमिनको खण्डीकरण, परमपरागत कृषि प्रणली, उन्नत मल बिउको अभावले उत्पादनमा ह्रास आएसँगै खाद्यान्न अभाव देखिएको छ। जसको कारणले शिक्षा स्वास्थ्य जस्ता आधारभुत कुराहरुमा पनि समस्या देखिएको छ। शाह डा.आर.के (२०६५) एकतीन शेर्पा जातिको आय स्रोतहरुमा कृषि, पशुपालन, व्यापार र नोकरी प्रमुख रहेका छन्। आधुनिक प्रविधिको अभावमा कृषि, पशुपालनबाट हुने आम्दानी न्युन छ। फलस्वरुप यहाँका मानिसहरु पुर्ख्यौलि पेशा छोडेर वैदेशिक रोजगार, श्रमिक, स्थानिय स्तरमा भट्टी (जाँड रक्सी) पसल, चिया पसल र किराना पसल राखेर आय आर्जनमा टेवा पुऱ्याएका छन्। यसका अलवा स्थानीय स्तरका खानेपानी, विद्युत, बाटो घाटो, पुलहरुमा काम गर्ने गर्दछन्। जसले केहि मात्रामा भए पनि आर्थिक क्रियाकलापमा टेवा पुगेको स्थानिय बासिन्दा बताउंदछन्।

**तालिका नं. : १९**

**पेशागत आधारमा वर्गीकरण**

| क्र.स. | पेशा | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | कृषि | १९५ | ४२.१२ प्रतिशत |
| २ | व्यापार | २० | ४.३२ प्रतिशत |
| ३ | नोकरी | ४७ | १०.१६ प्रतिशत |
| ४ | श्रमिक | ९६ | २०.७४ प्रतिशत |
| ५ | पशुपालन | २५ | ५.३९ प्रतिशत |
| ६ | आश्रित | ४५ | ९.७२ प्रतिशत |
| ७ | अन्य | ३५ | ७.५५ प्रतिशत |
| **जम्मा** | | **४६३** | **१०० प्रतिशत** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार अध्ययन गरिएको शेर्पा परिवारमा पेशागत अवस्थालाई हेर्दा कृषिमा २९५ अथवा ४२.१२ प्रतिशत रहेको छ। व्यापारमा २० अथवा ४.३२ प्रतिशत रहेको छ। सरकारी तथा गैरसरकारी संघ संस्थामा र निजी क्षेत्रमा नोकरी गर्नेको संख्या ४७ अथवा १०.१६ प्रतिशत रहेको छ। दक्ष र अदक्ष श्रमिकको रुपमा काम गर्ने ९६ अथवा २०.७४ प्रतिशत रहेको छ। पशुपालनमा २५ अथवा ५.३९ प्रतिशत रहेको छ भने आश्रितको संख्या ४५ अथवा ९.७२ प्रतिशत र अन्य क्षेत्रमा ३५ अथवा (७.५५%)मानिस संलग्न रहेका छन्।

**शेर्पा समुदायमा पाखा बारी माथिको स्वामित्व**

हिमाली क्षेत्र भएको कारणले शेर्पा समुदायका मानिसहरुको पाखा बारी माथिाको मात्र स्वामित्व रहेको छ। उनिहरुको पाखा बारी माथिको स्वमित्वलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. : २०**

**शेर्पा समुदायमा पाखा बारी माथिको स्वामित्व**

| क्र. स. | पाखा बारी माथिको स्वामित्व | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | ०-३० रोपनी सम्म | ११ | २२ % |
| २ | ३१-६० " | २३ | ४६ % |
| ३ | ६१+ " | १६ | ३२ % |
| **जम्मा** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार पाखा बारी माथिको स्वामित्वलाई हेर्दा ०-३० रोपनी सम्म हुने घर पाविारको संख्या ११ अथवा २२ प्रतिशत रहेको छ। त्यसै गरी ३१ - ६० रोपनी सम्म पाखा बारी माथिको स्वामित्व हुनेको संख्या २३ अर्थात ४६ प्रतिशत रहेको छ भने। ६१ रोपनी भन्दा माथि पाखा बारी माथिको स्वामित्व हुनेको संख्या १६ अथवा ३२ प्रतिशत रहेको छ।

## ६.१ आम्दानीका प्रमुख श्रोतहरु

### ६.१.१ कृषि

एकतीन गा.वि.स पहाडी जिल्ला पाँचथरको एक गा.वि.स भएकोले यहाँको जग्गा अधिकाँस भिरालो पाखा रहेको छ। पाखा बारीबाट उत्पादन कम हुने गर्दछ। तर पाखा बारीमा नगदे बालीका रुपमा अलैची, अम्लिसो, आलुको उत्पादन भने राम्रो देखिन्छ। हिउँदको समयमा अत्याधिक मात्रामा चिसो हुने हुनाले यहाँ वातावरण सुहाउदो जौ, तोरीको खेती हुन्छ भने बर्षातको समयमा मकै, कोदो, भटमास, आलुको उत्पादन हुन्छ। कृषि उत्पादन पनि बर्ष दिन मात्र थन्क्याउन मिल्ने हुनाले आफ्नो कमाईले वर्ष भरिनै खान पुग्ने परिवारको संख्या ज्यादै न्युन छ। बाहिरबाट किन्नु पर्ने भएता पनि धेरै मात्रामा आफ्नो कमाईले टेवा दिएको स्थानियहरु बताउँदछन्। धेरै जग्गा जमिन बाट पनि कम मात्रामा उत्पादन हुनु र लेकाली हावा पानि भएकाले अधिकाँश समय बाली पाक्न लाग्ने देखिन्छ। अन्य खेति पातीको तुलनामा यहाँ अलैंची खेति राम्रो भएको देखिन्छ। मानिसले चाहेर पनि धान, गहुँ, दालहरुको उत्पादन नहुने हुनाले यहाँ बातावरण सुहाउँदो अन्नबालीको मात्र खेति हुन्छ। अथवा वातावरणले निर्धारण गरे अनुरुपका मात्र कृषिबालीको उत्पादन हुन्छ।

**तालिका : २१**

**जग्गाबाट हुने उत्पादनको अवस्था**

| क्र.स. | जग्गाबाट हुने उत्पादनको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-२ महिना सम्म खान पुग्ने | ५ | १० % |
| २ | ३-६ महिना सम्म खान पुग्ने | १५ | ३० % |
| ३ | ७-१२ महिना सम्म खान पुग्ने | २० | ४० % |
| ४ | १२ महिना माथि खान पुग्ने | १० | २० % |
| **जम्मा** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार ०-२ महिना सम्म खान पुग्ने परिवारको संख्या ५ अथवा १० प्रतिशत रहेको छ। त्यसै गरी ३-६ महिना सम्म खान पुग्ने परिवारको संख्या १५ अथवा ३० प्रतिशत रहेको छ। ७-१२ महिना सम्म खान पुग्ने परिवारको संख्या २० अथवा ४० प्रतिशत रहेको छ। भने १२ महिना माथि सम्म खान पुग्ने परिवारको संख्या १० अथवा २० प्रतिशत रहेको छ। यो तथ्याङ्क जग्गाबाट हुने उत्पादनको अवस्था हो बाँकी रहेको समय उनिहरु पैचो, ऋण गरेर परिवार चलाउछन्।

### ६.१.२ रोजगार

यस गा.वि.स का शेर्पा समुदायका मानिसहरु विगतमा कृषि, पशुपालन, र व्यापारमा जस्ता पेशा व्यवशायमा संलग्न थिए जसको कारणको रुपमा रोजगारीका अवसरहरु नहुनु, विकासको अवस्था न्युन रहनु, समाजमा अशिक्षाको अवस्था रहनु सञ्चार र यातायातको अभाव रहनु आदि रहेको स्थानिय बताउँदछन। वर्तमान समयमा नयाँ पुस्ताका युवाहरु शिक्षित हुनाले विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थामा नोकरी गर्दछन्। यहाँका स्थानिय बासिन्दाहरु शैक्षिक क्षेत्रमा पनि संलग्न रहेका छन्। प्रौढहरु भारतीय सेना र ब्रिटिस सेनामा बढी छन्। स्थानिय स्तरमा सञ्चालन हुने संघ संस्थाका कार्यक्रममा यहाँका युवाहरु बढी मात्रामा संलग्न छन्। वैदेशिक रोजगारीमा पनि यहाँका युवाहरु उल्लेख्य मात्रामा गएका छन।

**तालिका नं. : २२**
**शेर्पा समुदायमा जागीरको अवस्था**

| क्र.स. | नोकरीको किसिम | संलग्न संख्या | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| **१** | **शिक्षक** | | | |
| **क** | मा.वि | ० | | |
| **ख** | नि.मा.वि | १ | २ | १८.१८ % |
| **ग** | प्रा.वि | १ | | |
| **२** | **प्रशासन तर्फ** | | | |
| **क** | ना.सु. | | | |
| **ख** | खरिदार | ० | १ | ९.०९ % |
| **ग** | क्ष.स. | १ | | |
| **३** | **संघ संस्था** | | | |
| **क** | प्राविधिक | ० | | |
| **ख** | सा.प. | | | ००% |
| **४** | **सुरक्षा क्षेत्र** | | | |
| **क** | नेपाल प्रहरी | २ | | |
| **ख** | सशस्त्र प्रहरी | ३ | ८ | ७२.७२% |
| **ग** | नेपाली सेना | ३ | | |
| **५** | भरतीय सेना | ० | ० | ०० % |
| **६** | ब्रिटिस सेना | ० | ० | ०० % |
| **जम्मा** | | **११** | **११** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार नोकरीको अवस्थालाई हेर्दा शिक्षक २ अथवा १८.१८ % ,प्रशासनिक कर्मचारी १ अथवा ९.०९ % , संघसंस्थामा ० अथवा ०० % , सुरक्षा क्षेत्रमा ८ अथवा ७२.७२ %  भारतीय सेनामा ० अथवा ०० % र व्रिटिस सेनामा ० अथवा ०० % मानिस संलग्न रहेका छन यसमा वैदेशिक रोजगारीमा गएकाहरुको तथ्याङ्क समावेश छैन ।

**६.१.३ पशुपालन**

पशुपालनमा यहाँका मानिसहरु पुर्ण आधुनिक रुपमा लागेका छैनन् । तर पनि उनिहरुले परम्परागत रुपमा प्रत्येक घरहरुमा चौपायाहरु पालेका छन् । स्थानीय स्तरमा आफ्नै निजी प्रयोजनको लागी र चाड पर्वहरुमा दुध, दही, महि, घिउ, माछा मासु आदीको आवश्यकता परि पुर्तिको लागी पशुपालन गरेको र आफ्नो आवश्यकता पुरा गरी बाँकी रहेका बस्तुहरुबाट आफ्नो आय श्रोतमा पनि टेवा पुगेको स्थानिय बासिन्दा बताउँदछन् । यहाँका मानिसले भैसी, भेडा, सुंगुर, कुखुरा, हाँस, परेवा, पालेको स्थलगत अध्ययनका क्रममा पाईयो । कही कतै सिमित व्यक्तिहरुले कुखुरा फार्म र बंगुर फार्म संचालन गरेको पाईयो ।

**तालिका नं. : २३**

**शेर्पा समुदायमा पशुपालनको अवस्था**

| क्र.स. | पशुपक्षि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भैसि | १६६ | ६.९ % |
| २ | गाई | ४२ | १.८ % |
| ३ | गोरु | ८५ | ३.४ % |
| ४ | भेडा | ८२० | ३३.६ % |
| ५ | सुंगूर | १२५ | ५.१ % |
| ६ | कुखुरा | १००० | ४१.० % |
| ७ | **हाँस** | **२००** | **८.२** % |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार पशुपक्षि पालनको अवस्थालाई हेर्दा भैसि १६६ अथवा ६.९ % ,गाई ४२ अथवा १.८ % गोरु ८५ अथवा ३.४ % , भेडा ८२० अथवा ३३.३ % सुगूर १२५ अथवा ५.१ %, कुखुरा १००० अथवा ४१.० % र हाँस २०० अथवा ८.२ % रहेका छन । माथिको तालिकालाई आम्दानीका दृष्टीकोणले परिवार संख्या

**तालिका नं. : २४**

**पशुपालनबाट बार्षिक आम्दानीको अवस्था**

| क.स. | रकम रु. | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | २०,००० - ५०,००० सम्म | ७ | ७.५% |
| २ | ५०,००१ - ८०,००० सम्म | १८ | ४५% |
| ३ | ८०,००१ - १,२०,००० सम्म | १४ | ३५% |
| ४ | १,२०,००० माथी | ११ | १२.५% |
| **जम्मा** | | **५०** | **१००%** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथीको तालिका अनुसार २०,००० देखि ५०,००० सम्म आम्दानी गर्ने परिवार संख्या २ अथवा ७.५ %, ५०,००१ देखि ८०,००० सम्म आम्दानी गर्ने परिवार संख्या ७ अथवा ४५ %, ८०,००१ - १,२०,००० सम्म आम्दानी गर्ने परिवार संख्या १४ अथवा ३५ %,र १,२०००० माथि आम्दानी गर्ने परिवार संख्या ११ अथवा १२.५ % रहेका छन ।

### ६.१.४ श्रम

यस गा.वि.स का कतिपय व्यक्तिहरु श्रमिक काममा पनि लागेको पाईन्छ । स्थानिय स्तरमा संञ्चालित विकास निर्माणका काममा रङ्ग रोगन लगाउने, र अन्य सहयोगीको काममा पनि लागेका छन् । यसका अलवा अरु व्यक्तिका खेतिपातिका काम, घर, भवन निर्माण गर्ने, ठेक्का पट्टाको काम गरेर पनि आय श्रोत बढाएका छन् ।

### ६.१.५ व्यापार

यहाँका कतिपय व्यक्तिहरु दैनिक उपभोग्य वस्तुहरु दाल, चिनी, मसला, चामल, नुन, तेल चिराईतो लगायतका अन्य सामग्रीहरुको पसल गर्दछन् । यातायातको असुबिधाका कारणले औद्योगिक उत्पादनका सामान मानिसले कठिन परिश्रम गरि पिठ्युमा बोकेर अन्य समुदायलाई समेत सेवा दिएका छन । त्यस्तै स्थानिय स्तरमा उत्पादन गरिने जाँड, रक्सी, चिया र नास्ता जस्ता पसलहरु पनि संचालन गरि केही मात्रामा अर्थ उपार्जन गरिरहेका छन् । जसबाट परिवार संचालनमा थप टेवा पुगेका छ । चिसो हावा पानी हुनाले जाँड, रक्सी जस्ता स्थानिय पेय पदार्थको विकि राम्रो रहेको उनिहरु बताउँदछन् ।

**तालिका नं. : २५**

**व्यापारको अवस्था**

| क्र.स. | व्यापारको किसिम | पसल संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | किराना पसल | ७ | २९.२ % |
| २ | कपडा पसल | ३ | १२.६ % |
| ३ | हार्डवयेर पसल | १ | ४.१ % |
| ४ | नास्ता, चिया, जांड रक्सी पसल | १२ | ५०.० % |
| ५ | चिराईतो निर्यात | १ | ४.१ % |
| **जम्मा** | | **२४** | **१०० %** |

श्रोतः- स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा किराना पसल ७ अथवा २९.२ %, कपडा पसल  ३ अथवा १२.६ %, हार्डवयेर पसल १ अथवा ४.१ %, नास्ता, चिया, जांड रक्सी पसल १२ अथवा ५०.० %, चिराईतो निर्यात पसल १ अथवा ४.१ % रहेका छन्। यसबाट हुने आम्दानीको अवस्थालाई यसरी हेर्न सकिन्छ।

**तालिका नं. : २६**

**व्यापारबाट भएको आम्दानीको अवस्था**

| क्र.स. | रकम रु. | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | १०,००० - २०,००० सम्म | ७ | ३८.९ % |
| २ | २०,००१ - ४०,००० सम्म | ५ | २७.७ % |
| ३ | ४०,००१ - ८०,००० सम्म | ३ | १६.६ % |
| ४ | ८०,००१ - १,००,००० सम्म | १ | ५.५ % |
| ५ | १,००,००० | २ | ११.३ % |
| **जम्मा** | | **१८** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथीको तालिका अनुसार १०,००० देखि २०,००० सम्म आम्दानी गर्ने परिवार संख्या ७ अथवा ३८.९ %, २०,००१ देखि ४०,००० सम्म आम्दानी गर्ने परिवार संख्या ५ अथवा २७.७ %, ४०,००१ - ८०,००० सम्म आम्दानी गर्ने परिवार संख्या ३ अथवा १६.६ %,

८०,००१ देखि १,००,००० सम्म आम्दानी गर्ने परिवार संख्या १ अथवा ५.५ %, १,००,००१ माथि आम्दानी गर्ने परिवार संख्या २ अथवा ११.३ %, रहेका छन ।

**अध्ययन गरिएका घर परिवारको विभिन्न श्रोतबाट भएको बार्षिक आम्दानीको अवस्था**

यस गा. वि.स मा वसोवास गर्ने शेर्पा समुदायका मानिसहरुको प्रमुख आय श्रोत कृषि, नोकरी, श्रमिक, पशुपालन, व्यापार रहेका छन् । खाद्यान्न, औषधी उपचार, शिक्षा, लत्ता कपडा, भैपरि आउने र अचानक घट्ने घटना, जातिय परम्पराको निरन्तरताको लागी गर्नु पर्ने जन्म संस्कार, मृत्यु संस्कार, वर्ष भरि आउने चार्डबाडहरुमा पनि बढी मात्रामा खर्च भएको देखिन्छ । जसलाई संचालन गर्न आफ्नो कमाईले नपुग्ने हुँदा ऋण समेत लिनुपर्ने अवस्था रहेको स्थानिय बासिन्दा बताउँदछन् ।

**तालिका नं. : २७**

**कृषि, नोकरी, श्रमिक, पशुपालन, व्यापारबाट**

**बार्षिक आम्दानीको अवस्था**

| क.स. | रकम रु. | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | १०,००० - १,००,००० सम्म | ५ | ७.५ % |
| २ | १,००,००१ - २,००,००० सम्म | २१ | ४५ % |
| ३ | २,००,००१ - ३,००,००० सम्म | १४ | ३५ % |
| ४ | ३,००,००१ - ४,००,००० सम्म | ६ | १० % |
| ५ | ४,००,००१ मथि | २ | २.५ % |
| **जम्मा** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिकामा दश हजार देखि एक लाख सम्म आम्दानी हुने घर परिवार संख्या ५अथवा ७.५ प्रतिशत रहेका छन् । यस्तै एकलाख एक देखि दुई लाख सम्म आम्दानी हुने घर परिवार संख्या २१ अथवा ४५ प्रतिशत रहेका छन । दुई लाख एक देखि तीनलाख सम्म आम्दानी हुने घर परिवार संख्या १४ अथवा ३५ प्रतिशत रहेका छन् । तीनलाख एक देखि चारलाख सम्म आम्दानी हुने घर परिवार संख्या ६ अथवा १० प्रतिशत रहेका छन् भने चारलाख एक भन्दा माथि आम्दानी हुने घर परिवार संख्या २ अथवा २.५ प्रतिशत रहेका छन् ।

**अध्ययन गरिएका घर परिवारको खाद्यान्नमा भएको खर्चको अवस्था**

पहाडी जिल्ला पाँचथरको एक गा.वि.स पर्ने यस एकतीन गा.वि.स का शेर्पाहरुका आम्दानीका श्रोतहरुमा कृषि, नोकरी, श्रमिक, पशुपालन, व्यापार प्रमुख रहेका छन। कृषिबाट कम आम्दानी हुने हुनाले यहाँ खाद्यान्नमा बढि मात्रामा खर्च हुने गर्दछ। अध्ययन गरिएका घर परिवारको खाद्यान्नमा भएको खर्चको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**६.२ आधुनिक प्रविधिका साधनहरुको प्रयोग**

जिल्ला सदरमुकामा देखि १३ कोष पश्चिम उत्तरमा रहेको यस एकतीन गा. वि.स. का बासिन्दाहरुले विद्युत उपभोग सँगै यहाँ विद्युतिय सामाग्रकिो प्रयोग बढ्दो छ। यहाँका बासिन्दाको बजार जोरपोखरीमा रहेको छ। मोवाईल, टि.भी, रेडियो, क्यमेरा, हिटर, लगायतका साधनहरु ६५ % को घरमा देख्न सकिन्छ।

**तालिका नं. : २८**

**आधुनिक सुविधामा पहुँच**

| क्र. स. | आधुनिक सुविधामा पहुँच | भएको घर | नभएको घर | जम्मा घर संख्या | भएको घर प्रतिशत | नभएको घर प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | हिटर | २१ | २९ | ५० | २२.५% | ७७.५ % | **१०० %** |
| २ | टेलिभिजन | ४७ | ३ | ५० | ५७.५% | ४२.५ % | **१०० %** |
| ३ | रेडियो/क्यासेट प्लेयर | ५० | ० | ५० | ७७.५% | २२.५ % | **१०० %** |
| ४ | क्यामरा | १० | ४० | ५० | ५० % | ५० % | **१०० %** |
| ५ | मोवाईल | ५० | - | ५० | १०० % | - | **१०० %** |
| ६ | कम्प्युटर | ५ | ४५ | ५० | १७.५% | ८२.५ % | **१०० %** |
| **अध्ययन गरिएको परिवार संख्या** | | **५०** | | | | | |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार ५० घरमा लिएको तथ्याङ्क अनुसार हिटर २१ घरमा, टि.भी ४७ घरमा, रेडियो क्यासेट ५० घरमा, क्यामरा १० घरमा, मोवाईल सबै घरमा,

कम्प्युटर ५ घरमा रहेको पाईयो। यसबाट आधुनिक साधनको प्रयोग प्रत्येक घरमा दिनानुदिन बढेको तथ्य बुझ्न सकिन्छ।

## ६.३ खाना पकाउने इन्धन

एकतीन गा.वि.स पुर्ण रुपमा ग्रामिण इलाका हो। यहाँ यातायातको पहुँच छैन. स्थानिय श्रोत साधन प्रशस्त रहेकोले यहाँ बसोबास गर्ने सबैले काठ, दाउरा नै खाना पकाउने इन्धनको पहिलो श्रोतको रुपमा प्रयोग गरेका छन। यसका अलवा विद्युत हिटर र गोबर ग्याँसको पनि प्रयोग भएको पाउन सकिन्छ। काठ, दाउरा बाल्न सुधारिएको चुल्हो निर्माण गरिएको छ। बर्तमान अवस्थामा विद्युतको प्रयोग गर्नेको संख्या बढी रहेको स्थानिय बासिन्दा बताउँदछन्।

**तालिका नं. : २९**

**खाना पकाउने इन्धन**

| क.स. | खाना पकाउने इन्धन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काठ, दाउरा | ५० | १०० % |
| **जम्मा** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार खाना पकाउने इन्धनको आधारमा वर्गिकरण गर्दा काठ, दाउरा प्रयोग गर्ने घर परिवारको संख्या ५० अर्थात १०० % रहेको छ प्रशस्त मात्रामा वन पैदावरको उपलब्धता हुनु, चिसो हावापानी हुनु, पशुपालनन गरिनु जस्ता कारणले यहाँका मानिसले दाउराको बढी मात्रामा प्रयोग गरेको देखिन्छ। कतिपय घर परिवारले दाउराको साथसाथै विद्युत र गोबर ग्याँसको पनि प्रयोग गरेको देखिन्छ। जसलाई तल प्रश्तुत गरिन्छ।

**तालिका नं. : ३०**

**अन्य इन्धनका श्रोतको प्रयोग**

| क.स. | इन्धन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्युत | ५० | १० % |
| २ | गोवर ग्यांस | ०० | ०० % |
| ३ | गोवर ग्यांस र विद्युत प्रयोग नगर्ने | ०० | ००% |
| **अध्ययन गरिएको परिवार संख्या** | | **५०** | **१०० %** |

(स्रोत : स्थलगत सर्वेक्षण २०७३)

माथिको तालिका अनुसार खाना पकाउँने इन्धनको रुपमा अधिकाँस परिवारले दाउराको प्रयोग गरेको देखिए पनि केही परिवारमा दाउरा संगै विद्युत र गोबर ग्यासको पनि प्रयोग गरेको देखिन्छ विद्युतको प्रयोग गर्ने घर परिवारको संख्या ५०अर्थात १०० % रहेको छ ।

## ६.४ शौचालयको अवस्था र प्रयोग

एकतीन गा. वि. स सदरमुकामबाट १३ कोषको दुरिमा भए पनि नेपालमा लागु भएको राष्ट्रिय पुर्ण सरसफाई गुरु योजनाले सरसफाईका कार्यक्रम संचालन गरे संगै सम्पुर्ण गा. वि. स भरि नै प्रत्येक घरमा सुधारिएको शौचालय निर्माण भएका छन् । शौचालय निर्मार्ण भएर पनि प्रयोग गर्ने बानिको विकास हुन नसक्दा प्रभाबकारीता भने न्युन देखिन्छ । साथै सार्वजनिक शौचालयको अभावले गर्दा मेला पर्वमा, बजार, बाटो घाटो र सार्वजनिक स्थलमा खुल्ला रुपमा दिसा पिसाब गर्नु पर्ने कारणले पनि स्थानियहरुमा शौचालय प्रतिको धारण फरक देखिएको हो ।

**तालिका नं. : ३१**

**शौचालयका प्रकारहरु**

| क्र. स. | शौचालयका प्रकारहरु | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | सुधारिएका शौचालयहरु | ५० | १०० % |
| **जम्मा** | | **५०** | **१०० %** |

श्रोतः- स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार अध्ययन गरिएको ५० घर परिवारको ५० वटै घरमा सुधारिएको शौचालय देखिन्छ। सुधारिएको शौचालय भन्नाले व्यवस्थित सेफ्टिट्यांक र पानीको बिर्को भएको (water seal) प्यान जडान भएको शौचालय भन्ने बुझ्नु पर्दछ ।

## ६.५ घरहरुको संरचना

एकतीन गा. वि. स मा शेर्पा, लिम्बु, तामाङ्ग, क्षेत्री, ब्रहम्हणको बसोबास रहेको छ । यस गा. वि. स का अधिकाँश घरहरु कच्ची रहेका छन । यो क्षेत्रमा यातायातको असुबिधाका कारणले गर्दा पक्कि घर निर्माण नभएको स्थानिय व्यक्तिहरु बताउँदछन् । ढुङ्गा, माटो, काठ, चित्रा र खरले निर्मित घरहरु पनि छन् । केही घरहरु ईटा, झिंगटी प्रयोग गरी बनाईएका घरहरु पनि देख्न सकिन्छ। हिमाली भेगको हावा पानी हुनाले घरहरु सानो झ्याल राखेर निर्माण गरिएको छ। वर्तमान समयमा निर्माण भएका घरहरुमा जस्ताको प्रयोग गरिएको छ ।

**तालिका नं. ३२**

**घरहरुका प्रकार**

| **क.स.** | **घरका प्रकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | कच्चि | ५० | १०० % |
| २ | पक्कि | ०० | ०० % |
| **जम्मा** | | **५०** | **१०० %** |

श्रोतः- स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार अध्ययन गरिएको ५० घर परिवारको घरहरुलाई हेर्दा यहाँ ५० अथवा १००% घरहरु कच्चि रहेका छन । पक्कि घरहरु एउटा पनि छैनन् ।

# अध्याय : सात

# संस्कार तथा सांस्कृतिक चाडपर्व

## ७ शेर्पा जातिको संस्कार तथा सांस्कृतिक अवस्था

## ७.१ शेर्पा समाजमा हुने विद्यमान संस्कारहरु

मानब एक सामाजिक प्राणी हो। समाजमा नै मानवको जन्म विकास र अन्त्य हुन्छ। सृष्टिको आदिकाल देखि नै जन्म, विकास र मृत्यु चलिरहेको छ। जन्म देखि मृत्यु पर्यन्त समाजमा रहेका हरेक किसिमका संस्कार मान्ने र मनाउनु पर्ने हुन्छ। परम्परा देखि चलिआएका संस्कार, संस्कृति मनाउँदै आँउदो पुस्तामा हस्तान्तरण गर्दै जाने प्रक्रियाले परम्पराको निरन्तरता हुन्छ। शेर्पा जाति धर्मभीरु (धार्मिक कटरता) तथा परम्परावादी निष्ठ जातिको रुपमा चिनिन्छ। धेरै धार्मिक चाडपर्व मनाउने यस जातिका आफ्नै संस्कारहरु छन। तल तिनको परिचय दिइन्छ।

### ७.१.१ जन्म संस्कार

नेपालका अन्य जाति जनजाति समाजमा जस्तै शेर्पा समाजमा पनि शिशुको जन्मलाई एक विशेष घटनाको रुपमा मनाउने प्रचलन छ। तर हिन्दु समाजमा जस्तो यसलाई सुतक बार्ने घटनाको रुपमा लिने चलन नभएको स्थानिय बताउँदछन्। शेर्पा समुदायमा शिशुको न्वारन (नामाकरण) गर्ने परम्परा छ।

छोरीको २ रात र छोराको ३ रात पछि संम्पन्न गरिने न्वारान कार्यमा पुरोहित लामाको मुख्य भुमिका हुन्छ। लामाले शिशुको नाम जुराउन उपयुक्त  साईत वा मुहुर्त निश्चित गर्दछन्। यो कार्य बोन पुरोहित वा लामा गुरुले गर्दछन्। शिशु जन्मेको घर र शिशुलाई सफा सुग्घर गरि बोलाईएका नाता कुटुम्बलाई स्वागत गरी भोज खुवाउने प्रचलन छ। शेर्पा जातिमा नाम जुराउँदा तिब्बती भाषामा देवी देवता, धार्मिक प्रतिक चिन्ह, जन्म क्रम आदिलाई ख्याल गर्ने गरिन्छ। यसै समयमा न्वारान बाहेक अन्य बोलाउने नाम पनि परिवारले दिने प्रचलन छ। यसमा 'ठु'- पवित्र पानी  (जाईदानो, ल्वाङ्ग, तितेपाती, अलैची) लामाले मन्त्रेको पानी पहिला मामा-आमा जो नव सुत्केरी महिला, त्यसपछि पुङ्ग/पुजुङ्ग-जन्मिएको छोरा या छोरी लाई दिईन्छ। र क्रमश पापा-वावु, गागा-हजुरआमा, पोगा-हजुरवुवालाई दिइन्छ र त्यसपछि समाजका अन्य व्यक्तिलाई दिईन्छ जसलाई न्वारनको भोजको लागी वोलाईएको हुन्छ। त्यस पछि भोज खुवाउने प्रचलन रहन्छ।

### ७.१.२ छेवर (चुडाँकर्म)

शेर्पा समुदायमा छेवर गर्ने प्रचलन नरहेको तर पनि यो कार्य वर्तमान समयमा सर्वव्यापक भएको स्थानीय बताउँदछन्। यसमा लामाले शुभ साईत हेर्ने गर्दछन्। शेर्पा समुदायमा बच्चाको छेवर गर्न विशेष समय नभए पनि ५ वा ७ अथवा विजोड वर्षमा गर्ने चलन रहेको बताउँदछन्। आफन्त नाता-कुटुम्ब बोलाई मामाको उपस्थितिमा केश काटी बच्चालाई लत्ता कपडा, मिठा खानेकुरा दिने र बोलाईएका पाहूना लाई भोज खुवाए पछि यो कार्य पुरा हुन्छ।

### ७.१.३ छर्तने संस्कार

शेर्पा समाजमा वौद्ध धर्मको प्रभाव विशिष्ट महत्वको छ। जसमा लामाको मुख्य हात रहन्छ। हिन्दु धर्मको उपनयन संस्कार जस्तै शेर्पा समुदायमा पनि छर्तने संस्कार संम्पन्न गरिन्छ। छर्तने संस्कार संम्पन्न गरे पछि बौद्ध गुम्बाहरुमा रहेर धार्मिक शिक्षा लिन उचित मानिन्छ। समुदायमा सवै दीक्षित हुनु पर्ने जसका लागी वौद्ध शिक्षा लिई गोन्पामा समर्पित हुनु पर्ने उल्लेख छ। वर्तमान समयमा वौद्ध धर्मावलबीहरु गुम्बा, गोन्पा प्रति समर्पित हुने क्रम न्युन हुँदै गएको कुरा विशिष्ट व्यक्तिहरु बताउँदछन्। यसरी हेर्दा वौद्ध धर्ममा छर्तने बालकको शिक्षा प्रारम्भ गराउँने महत्वपुर्ण संस्कारको रुपमा मानिन्छ।

### ७.१.४ विवाह संस्कार

शेर्पा समाजमा प्रचलित परम्परागत विवाह लामो खर्चिलो मानिन्छ। लामो भन्नाले केटा र केटी पक्षले एक आपसमा वैवाहिक संम्बन्ध स्थापना गर्ने निधो गरे पछि पनि निकै विधिहरु (सोदेन, देमछ्याङ्ग, पिछयाङ्ग (तेछ्याङ्ग), गेनकुतुब )केहि समयको अन्तरालमा एक पछि अर्को गर्दै सम्पन्न गर्नुपर्छ। सबै विधिहरु नियमानुसार पुरा नगरी हतार गरेमा त्यस्तो विवाहबाट उत्पादन भएका सन्तान असल शेर्पा मानिदैनन्। तर वर्तमान समयमा त्यस्तो विभेद गर्ने चलन नभएको उनिहरु बताउँछन्। यसका अतिरिक्त प्रेम विवाह र अन्य सरल विधिबाट सम्पन्न गरिने विवाह पनि प्रचलित छन्। शेर्पा समुदायमा बहुपति, बहुपत्नि, जारी, विधवा विवाह पनि प्रचलनमा छन्। तर अहिले बहुपति, बहुपत्नि विवाहको चलन हराउँदै गएको उनिहरु बताउँछन्। शेर्पा समाजमा प्रचलित मुख्य विवाहका मुख्य विधिको चर्चा यहाँ गरिएको छ।

### ७.१.४.क मागी विवाह

शेर्पा समाजमा मामा चेला फुपु चेली विवाह गर्ने कुरा (अर्टनर, १९७८) को पुस्तक "शेर्पा तिनीहरुको संस्कारमा" उल्लेख गरिएको छ तर यस एकतीनका शेर्पाहरुले विवाहमा आफ्नो गोत्र भन्दा बाहिर गएर विवाह गर्ने र विवाहमा आमा तर्फ पाँच पुस्ता र बावु तर्फ सात पुस्ता बार्ने चलन रहेको अध्ययनका क्रममा पत्ता लागेको छ। यसरी हेर्दा थुकिमाका शेर्पाहरुले मामा चेला फुपु चेली विवाह नगर्ने कुरा स्पष्ट हुन्छ।

### ७.१.४.क.अ. सोदेन

यो मागी विवाहको पहिलो विधि हो। यसमा स्वेच्छाले वा अविभावकको सहायताले योग्य कन्याको खोजी हुन्छ। केटा पक्षबाट केटीको परिवारको स्विकृतिको लागी १ बोतल जाँड उपहार स्वरुप लगिन्छ। केटी पक्षबाट विवाहको स्विकृति हुने भए उपहारको जाँड स्विकार गरिन्छ, नत्र जाँडको बोतल त्यतिकै फिर्ता गरिन्छ। वास्तवमा माग नभएको वस्तु दिन नसके पछि माँगको प्रस्तावको प्रतीक स्वीकार गर्नु हुन्न भन्ने धारणा प्रतिकात्मक देखिन्छ।

सोदेनपछि वर र कन्या एक आपसमा विवाहित पति पत्नि जस्तै गरि बस्न सक्छन्। सोदेन पछि शिशुको जन्मको प्रतिक्षा नै परिवरमा गरिन्छ। यस प्रक्रिया बाट बच्चा भएमा परिवार समाजबाट वैद्य मानिन्छ। शेर्पा समुदायमा सोदेन यस्तो विधि हो जसमा केटाले रोजेको केटी अर्कै केटासँग पोइल गएमा उसको बहिनी दिनु पर्ने, बहिनी नभएमा दाजु भाईका छोरी भएपनि दिनुपर्ने हुनाले परिवारले सोदेन पछि परिवारमा केटाकेटी बाट बच्चाको जन्मको प्रतिक्षा गरिएको उनिहरु बताउँछन्।

### ७.१.४.क.आ देमछ्याङ्ग

सोदेन पछि केटा पक्ष केटी पक्षकोमा गई गाँउका सम्पुणलाई बोलाएर काँशको थालमा फुल र घिउ राखि चौठोमा ल्याएको जाँड सम्मान पुर्वक केटी पक्षका गाँउका मानिसलाई खुवाउने चलन छ। यो विधि संम्पन्न गर्नुमा शेर्पा जातिको सोदेनलाई अरु विश्वासनीय बनाउनु हो। सोदेन पछिको सहबासले केटा र केटी दुवैलाई एक अर्काको नजिक ल्याउँदछ। यस बीच दुवैले बैवाहिक संम्वन्धलाई स्थाई बनाउँने प्रयास गर्दछन्। कतिपय विवाह सोदेन पछिका अवस्थामा केटा केटी वीचमा संम्वन्ध बिग्रन गई विवाह अगाडी बढन सक्दैन र दुवै परिवारको सहमतिबाट विवाह अगाडी बढ्ने अवस्थामा देमछयाङ्ग नामक विधि गरिन्छ। यसको अर्थ दुवैथरीका नाता-कुटुम्बलाई विधिवत नजिक

ल्याउँछ। यसमा केटा पक्षले भेटघाट, नाचगान र भोजभत्तेर यस संस्कारका मुख्य क्रियाकलाप हुन। यसमा केटा पक्षका महिला र पुरुषको एक समुह केटीतर्फ गएर नाचगान प्रस्तुत गर्ने र केटी पक्षले उनिहरुको स्वागत सत्कार गर्ने गर्दछन्। यसले सोदेनको निर्णयलाई अरु पक्का पार्दछ।

**७.१.४. क.इ पिछयाङ्ग (तेछ्याङ्ग)**

यो शेर्पा विवाहको तेश्रो र महत्वपुर्ण संस्कारको विधि मानिन्छ। केटा केटी सानो उमेरको छदै विवाहको कुरा टुंगिएको भएको अवस्थामा देमछ्याङ्ग गरेको केहि बर्ष पछि यो विधि सम्पन्न गरिन्छ। यसलाई कहींकहीं पेछ्याङ्ग, तेछ्याङ्ग पनि भनेको पाईन्छ।यस विधिको मुख्य उद्देश्य केटीलाई दुलहीको रुपमा दुलाहको घरमा ल्यउने तयारी हो। यसमा केटा पक्षबाट ६ चौठो छ्याङ्ग (जाँड) को कोसेली लिएर केटा तर्फबाट एउटा समुह केटीको घरमा जान्छ। यो विधि सम्पन्न गर्नु केटी पक्षमा गएर ज्वाई चिनिनु हो।

यसमा खापुज्याङ्ग- (खा-मुख, पुङ्ग-छोरा, ज्याङ्ग-राख्यो ) सोधनी स्वरुप एक चौठो जाँड छोराले राख्ने काम।

माक्पाज्याङ्ग (माक्पा-ज्वाई, ज्याङ्ग-राख्यो) ज्वाई चिनाउने चौठो।

युलज्याङ्ग (युल-समाज, ज्याङ्ग-राख्यो)समाजलाई खुवाउने चौठो।

टिचज्याङ्ग- ( टिच-सासुससुरा, ज्याङ्ग- राख्यो) -सासुससुरा चिन्ने चौठो

पेज्याङ्ग- (समाजलाइ ज्वाईले चिन्ने चौठो

थुङ्गच्याङ्ग- (उपस्थित सबैलाई चिन्ने

यसमा दुवै तर्फका परिवार नाताहरु बसी विवाहको अन्तिम विधिको लागी निर्णय गर्छन। विशेष परिस्थितिमा केटीको तर्फबाट विवाहको मिति केहि पर सर्न सक्छ। नत्र यसै अवसरमा मुख्य विवाहको तयारी गरिन्छ।

**७.१.४. ई गेनकुतुब**

यो शेर्पा विवाहको मुख्य विधि हो। यस अवसरमा केटाको तर्फबाट जन्तीको समुह केटीकोमा पुग्दछ।केटा र केटीलाई संगै राखी केही विधि र खासगरी उनिहरुको निधारमा नौनीको टीका लगाईने हुनाले यस विधिको नाम गेनकुतुब राखिएको हो। यस अवसरमा पनि नाचगान, भोजभत्तेर हुन्छ। यस अवसरको मुख्य प्रयोजन दुलहीलाई विवाहित घरमा ल्याउँनु हो। माईतीहरुले दुलहीलाई उपहार र दाईजो दिन्छन। दाईजोमा केटीको हक

हुन्छ। दाईजोको र केटाको पैत्रिक सम्पतिको केही भाग यसै समय केटीलाई दिईने हुनाले विवाहित महिलाको आर्थिक स्थिति राम्रो हुने उनिहरु बताउंदछन्।

शेर्पा समुदायका महिलाहरुको समाजमा उच्च सम्मान हुन्छ। घरायसी कामकाज खाना पकाउने, बस्तुभाउको स्याहार गर्ने, सरसफाईका काममा, खेतिपातिका काममा लिम्बु, बाहुन, तामाङ्गको तुलनामा शेर्पा समुदायमा महिलाको तुलनामा पुरुषहरु बढि सहभागीभएको देखिन्छ। समुदायका सामाजिक, साँस्कृतिक, धार्मिक काममा महिला र पुरुषको समान सहभागिता रहेको पाईन्छ। शेर्पा समुदायमा छोरा र छोरी बिचमा बिभेद गरिदैन। धार्मिक काम गर्न, भिक्षु भिक्षुणी बन्न पनि महिला र पुरुषको समान हक रहेको कुरा बौद्ध धर्म ग्रन्थहरुमा उल्लेख गरिएको छ। र त्यसै अनुरुपका सामाजिक, सांस्कृतिक व्यवहारहरु समाजमा गरिन्छ। शेर्पा समाजले महिला र पुरुषको एकैखालका भुमिका र अपेक्षाहरु निर्धारण गरेको हुन्छ। फलस्वरुप शेर्पा समाजमा लैङ्गिक अवस्था समान देखिन्छ। विवाहको समयमा नै महिलालाई माईति पक्षबाट दिईने दाईजो र केटाको पैत्रिक सम्पतिको केही भाग दिईने हुनाले र यसमा पुर्ण रुपमा महिलाको अधिकार हुने हुनाले महिलाको आम्दानी राम्रो देखिन्छ। गाँउमा महिला बचत समुह निमार्ण हुनु, नियमित बचत हुनु, बचत भएको रकम विपन्न महिलाको आर्थिक कियाकलापमा बृद्धि गर्ने उद्देश्यले आयमुलक काममा सस्तो व्याजमा ऋण दिनु र लिएको ऋण सहि सदुपयोग गरि समुहमा ऋण फिर्ता गर्नुले पुष्टि गर्दछ। यसरी नै महिलाले विभिन्न व्यवसाय जस्तै तानमा कपडा बुन्ने, सिलाई कटाई, राडीपाखि, चिया पसलहरु र बंगुर तथा बाखा पालन गर्नु, विभिन्न संघसंस्थामा संलग्न रहि काम गर्नु, स्थानीय स्तरका विकास निर्माणका काममा व्यवस्थापकिय भुमिकामा पनि यहाँका महिलाहरु रहेका छन। स्थानीय निकायका पदहरुमा महिलाको उच्च सहभागिता रहनुले शेर्पा समाजमा महिला सशक्तिकरण राम्रो देखिन्छ।

### ७.१.५ मृत्यु संस्कार

बौद्ध धर्मले मृत्युलाई विविध दृष्टिले हेर्दछ। पुन्य प्राप्त गरेकाहरुको लागी मृत्यु निर्वाणको परिचायक अथवा शुन्यको अवस्था हो। शरीरलाई आत्माले छोडेर निस्कनु मृत्यु हो। यसरी पृथक भएको आत्मालाई उचित उपचारले विदा गर्नु मृतक स्वयम् र अरुहरुका लागी पनि आवश्यक हुन्छ।

शेर्पा मृत्यु संस्कारमा लामाको भुमिका महत्वपुर्ण हुन्छ। मृतक मरेको निश्चित गर्नु, लास उठाउन र अन्य संस्कार गर्न लामाको उपस्थिति अनिवार्य छ। बौद्ध ग्रन्थका

मन्त्रहरुको पाठ गर्ने काम लामाबाट हुन्छ । मृतकको दाहसंस्कार गर्नेअवसर पनि लामाको सल्लाहबाट निकालिने उनिहरु बताउँदछन । शेर्पा समुदायमा ४९ दिनसम्म मृतकको आत्मा शरीर वरिपरि रहन्छ  भन्ने विश्वासले कहिले काँही लासलाई ४९ दिनसम्म विशेष व्यवस्था गरी संरक्षित राखिन्छ । लामाले मृतकको दाहसंस्कार कसरी गर्ने (अग्नि दाह, जमिनमा गाड्ने, पानीमा बगाउँने र जंगलमा खुल्ला छोड्ने) भन्ने निर्णय गर्दछन् ।

मृत्युले परिवार समाजमा अशुद्धि ल्याउँछ भन्ने धारणा शेर्पा  समाजमा छ । यसैले मृतकको क्रिया गर्ने, जुठो बार्ने काम पनि हुन्छ । मृतकको प्रतीक स्वरुप पीठोको 'तोरमा' बनाउँने गरिन्छ । क्रियाको समयमा लामाले 'टुटुल सेटु' ग्रन्थको पाठ गर्दछन । यसमा मृत आत्माको शान्तिको कामना गरिन्छ । यो  'टुटुल सेटु' हिन्दु समाजको मृतकका आफन्तलाई पुरोहितले गरुड पुराण सुनाएको प्रक्रियासँग तुलना गर्न सकिने उनिहरु बताउँछन् ।

शेर्पाहरुको शव यात्रामा सेतो ध्वजा, पतका, शव बाजा समेत समावेश गरिन्छ । सेतो ध्वजा पतका, मृत्युको प्रतिक हो भने अर्का तिर यसलाई माने नबनाउने समयका लागी मानेको प्रतिकको रुपमा मानिन्छ । शव बाजा एका तिर मृत्युको सुचना प्रवाह गर्ने साधन हो भने अर्का तिर शव यात्रामा निस्कने चिच्याहट रोक्ने प्रतिकको रुपमा देखिन्छ । घाटमा पुगेपछि विशेष विधि अनुसार मृतकका ज्वाई वा अन्य आफन्तले दाग बत्ती दिन्छन् । यी सवैमा लामाको भुमिका महत्वको हुन्छ । शेर्पा अन्त्येष्टिमा 'नापुर' (लामाहरुको सहयोगमा मृतकले भौतिक संसारलाई भुलि स्वर्गमा बस्न सजिलो होस भनि बुद्ध र बोधसत्वलाई धार्मिक रुपमा पुकारा गरि सम्पुर्ण नाता, कुलकुटुम्ब, स्टमित्रबाट बिदाई गर्ने काम) विधि विशेष महत्वको मानिन्छ । यो विधि मृतक आत्मा भौतिक संसारबाट पृथक भई स्वर्ग जान सजिलो होस भन्नका लागी गरिन्छ । यस्ता पुजा र अन्य विधिहरुमा नाता-कुटुम्ब, र बन्धुहरुलाई भोज खुवाउंने र मृत्युको आठौ दिनमा चोख्याउने गरिन्छ । मृत्युको ४९ औ दिनमा 'गोपको' (मृतकको नाममा गरिने अन्तिम श्राद्ध) नामक संस्कार गर्दछन । यस दिन दान धर्म गरेपछि मृतकको विदाई भएको मानिन्छ । यस पछि मृतकको नाममा बषै पिच्छे गुम्बामा १०८ बत्ति बालिन्छ । यहाँ १०८ बत्तिले एकातिर अँध्यारोको नासलाई बुझाँउछ भने अर्को तिर बौद्ध धर्मका १०८ देवीदेवतालाई जनाउँछ । शेर्पा समुदायमा विवाह भन्दा मृत्यु संस्कार बढी खर्चिलो मानिन्छ ।

### ७.२ शेर्पा जातिमा प्रचलित प्रमुख चाडपर्वहरु

नेपालका अन्य जाति जनजाति जस्तै शेर्पाहरुमा पनि विभिन्न चाडपर्व र उत्सवहरु प्रचलित छन् । यस्ता चाडपर्वहरु बौद्ध धर्म, सामाजिक जनजीवनमा आधारीत छन् । त्यसै आधारमा रहेर यहाँका शेर्पाहरुले पनि आफ्ना चाडपर्व तथा उत्सवहरु मनाउँछन् । जसलाई तल प्रस्तुत गरिन्छ ।

#### ७.२.१ लोसर (नयाँ वर्ष)

लोसर शेर्पा समुदायमा अत्यन्त हर्सोल्लासका साथ मनाईने पर्व हो । बौद्ध केन्द्र गुम्बाको नेतृत्वमा मनाईने यो पर्व नयाँ वर्षको स्वागतको लागी आयोजना हुन्छ । शेर्पा भाषामा 'लो' को अर्थ वर्ष र 'सर' को अर्थ नयाँ हो । यसैले लोसर नयाँ वर्षको चाड हो । यो चाड तिब्बती पन्चाङ्ग अनुसार हिउँदको मौषममा फागुन तिर लामाहरुले साईत जुराए अनुसार सम्पन्न गरिन्छ ।

लोसर पर्वका मुख्य क्रियाकलापमा नयाँ कपडा, गहना लगाउँने, आफन्त र मान्यजन सित भेटघाट गर्ने, भोज भत्तेरको आयोजना गर्ने रहेको छ । वास्तवमा लोसर भन्नाले शेर्पा समुदायमा नयाँ वर्ष भन्ने बुभिन्छ, नयाँ वर्ष भन्नाले बर्ष भरि नै नयाँ कपडा, गरगहना लगाउने, नयाँ कार्यहरु गर्ने, उत्तम समयको सुरुवात भन्ने बुभिन्छ । नयाँ कपडा, गरगहना लगाउने भन्नाले शेर्पाहरुको आर्थिक हैसियतलाई बुझाउछ, यसरी नै आफन्त र मान्यजन सित भेटघाट गर्ने पनि प्रतिकात्मक देखिन्छ । लोसरको अवसरमा टाढा टाढा रहेका आफन्तहरु बीचको भेटघाटले नयाँ र पुराना पुस्ताका बीचमा आपसी चिनजान हुनु हुन्छ आफन्त र मान्यजन सितको भेटघाट भन्नाले पारिवारिक दुख सुखको आदन प्रदान भन्ने बुभिन्छ , पारिवारिक दुख सुखको आदन प्रदान भन्नाले एक अर्कामा आर्थिक तथा सामाजिक रुपमा सरसहयोग भन्ने बुभिन्छ । यसरी लोसरको अवसरमा आयोजना गरिने भोज भत्तेरको पनि प्रतिकात्मक अर्थ देखिन्छ , भोज भत्तेरको आयोजना किन गर्ने भन्दा चाड पर्वमा बढी मात्रामा मासुको प्रयोग गरिन्छ, मासुले प्रोटिनको आवश्यकतालाई पुर्ति गर्दछ । प्रोटिनले शरीरलाई स्वस्थ राख्न मद्दत गर्दछ । यसरी नै भोज भत्तेरले सामाजिक एकताको अर्थ दिन्छ । गुम्बा तथा घरहरुमा बौद्ध ग्रन्थको पाठ गर्ने र देवी देवताको पुजा आजा गरिन्छ । बौद्ध ग्रन्थको पाठ गर्ने र देवी देवताको पुजा आजा गर्ने कुराले एकातिर संस्कार र संस्कृतिको निरन्तरतालाई बुभिन्छ भने अर्कातिर धार्मिक गुरु लामाको जीवन गुजारालाई बुझाउँछ । यसरी नै भुत-प्रेत, तथा नराम्रा ग्रह दशा हटाउँनु पनि लोसरको

क्रियाकलाप हो । भुत-प्रेत, तथा नराम्रा ग्रह दशा भन्नाले मानिसलाई दुख दिने खराब तत्व भन्ने बुझिन्छ ।

लोसर (नयाँ वर्ष) को पहिलो दिन बिहानै मुलबाट चोखो पानी ल्याउने र जलदेवताको पुजा गर्ने र सोही मुलको पानीबाट घरका देवी देवतालाई चोख्याउने, चढाउने, पुजा गर्ने र भक्तजनहरु नजीकको गुम्बामा गई बुद्धको दर्शन पुजा गर्छन् । यस पछि उत्तम भोजन तयार गरी खाने गरिन्छ । दोश्रो दिन शुभकामना आदान प्रदान गर्दछन् । मीठो खाना यस दिनको मुख्य पक्ष हो । तेश्रो दिन गुम्बामा लामाहरुले विशेष पुजाहरुको आयोजना गर्दछन् । यस दिन साङ्ग शेरकेम पुजा गरिन्छ । जाँड र अन्य उत्कृष्ट भोजन खाईन्छ । लामालाई दक्षिण दिएपछि यो चाड सकिएको मानिन्छ । शैक्षिक, धार्मिक, आर्थिक, राजनैतिक र मनोरञ्जनात्मक समितिहरु संरचनाका अंग हुन । सामाजिक प्रतिमान, मुल्य, मान्यता, आदर्श, व्यवहार, कला संरचना निर्माणमा सहयोग गर्दछन् । यहां पनि लोसर एउटा धार्मिक चाडको रुपमा रहेको छ । धर्म सामाजिक संरचनाको एक अंग हो । जसको निर्माणमा शेर्पा समुदायको लोसर प्रतिको विस्वास, मुल्य, मान्यता र परम्परा रहेको छ । यहां संरचनात्मक रुपमा अलौकिक शक्तिको रुपमा जल देवता, घरका देवी देवता र गुम्बामा बुद्ध र बोधिसत्वहरु रहेका छन । यीनै देवता प्रतिको विश्वासका कारण विहानै मुलको पानी ल्याउनु, पहिला जल देवताको पुजा त्यसपछि घरका देवताको पुजा गर्नाले परिवार एवं घरमा राम्रो हुने विश्वास छ । त्यस पछि मात्र बुद्धको पुजा र दर्शन गर्दछन् । बुद्धको दर्शन र पुजा पश्चात उत्तम भोजन बनाई खाने गरिन्छ । शेर्पा साजमा गुम्बा गोन्पाहरुमा चार्ड पर्वहरु संम्पन्न गरिन्छ । जसमा समाजका विशिष्ट व्यक्तिहरुबाट एक लाबा (समिति) बनाईन्छ । लाबाले चार्डका लागी आवश्यक खाद्यान्न र पुजा सामाग्रीको संकलन गर्दछ । घर घर बाट आएका गृहस्थीको उपस्थितिमा गुम्बामा लामाले पुजा कार्य संचालन गर्दछन् । पुजा विधि समाप्त पछि लावा र गृहस्थीले लामाबाट आशिर्वाद लिन्छन् । त्यस पछि लामालाई दक्षिण स्वरुप रुपैया दिएपछि यो चाड समाप्त हुन्छ ।

### ७.२.२ दुम्जे पर्व

दुम्जे चाड शेर्पाहरुले वर्षाको अवसरमा साउनतिर मनाउने चाड हो । सहभागिताको दृष्टिकोणले यो चाड निकै व्यापक हुन्छ । यो चाड ७ दिन सम्म मनाईन्छ । यो चाड मनाए पछि शेर्पाहरु पशुहरुको हेरचाहको लागी हिमाली क्षेत्र तिर जान थाल्दछन ।यो चाड मनाउँन सबै शेर्पा मिलेर एउटा 'लावा' (समिती) बनाउँछन् । यसै समितिबाट चाड भरिको खाद्यबस्तु

संकलन गरी राख्छन । यस चाडको मुख्य तात्पर्य प्रसिद्ध लामा साङ्गा दोर्जे (प्रसिद्ध सन्त पद्मसंभव) को मृत्युको संझनामा मनाईने चाड हो । दुम्जे चाडको केन्द्र गुम्बा नै हो । गुम्बा (गोन्पा) नहुने गाँउका मानिसहरु गोन्पा भएका गाँउमा गई यो चाड मनाउँछन । दुम्जे पर्वमा नाच-गान, खानपिनका अतिरिक्त धार्मिक अनुष्ठान संस्कारहरुको आयोजना गरिन्छ । लामा द्धारा बौद्ध ग्रन्थको पाठ गरिन्छ । गाँउ बस्ती र समाजमा प्रभावशाली अदृष्य शक्तिलाई अलग राख्न सबै खरावीको प्रतीक तोरमा बनाइन्छ । तोरमालाइ आकर्षक लामाहरुले नै बनाउँछन् । मुख्य तोरमा घ्युको बनाइन्छ र बिभिन्न रंगले रंगाइन्छ । यसरी तोरमा (पिठो र खरानीको मिश्रणबाट बनाएको देव देवता, भुत प्रेत अथवा कुनै वस्तुको आकृति, प्रतिक) बनाई पन्छाउने काम लामा र लावा ( गुम्बामा संम्पन्न गरिने चार्डको लागी आवश्यक खाद्यान्न र पुजा सामग्री संकलनको लागी छानीएका समिति ) ले गर्दछन् । स-साना तोरमाहरु बनाई बिभिन्न देवी देवताको प्रतिको रुपमा पुजा गर्ने र खाद्य र अन्य बस्तु चढाइन्छ । यसरी राक्षसको प्रतिक बनाई समाधिस्थ गरिनुलाई मृत्यु माथिको विजयको रुपमा लिन सकिन्छ । यस चाडको मुख्य प्रयोजन खराव शक्तिले जनजीवनलाई कष्ट नदियोस भन्ने हो ।

### ७.२.३ मनि-रिम्दु

शेर्पा चाडपर्वहरु मध्ये 'मनि-रिम्दु' धैरै लोकप्रिय चाड हो । यो चाड गुम्बाहरुमा मनाईन्छ । यो पर्व नृत्य प्रधान चाड हो । यसमा गुम्बाका मुख्य लामाहरुले देव-देवी र अन्य आसुरी शक्तिहरुको प्रतीकको अर्थ बुझाउँने मखुन्डो लगाई नृत्य गर्दछन् । नृत्यमा प्रयुक्त हाउ-भाउ र मुद्रा सम्बन्धित शास्त्रमा आधारित हुन्छ । यो नृत्य लामाहरुले गुम्बासित आबद्ध बौद्ध धर्मका श्रदालु भक्तहरुको सुख शान्ति र समृद्धिको कामना गर्दै आयोजना गर्ने हुन । नृत्य हेरेमा पुण्य प्राप्त हुने विश्वास छ ।

यो चाड जम्मा ४ दिन सम्म चल्छ । पहिलो दिन थालनीको पुजा-आजा, पाठ र नृत्यको तालिम हुन्छ । यो चाड नृत्य प्रधान भएकोले मन्चतर्फ गोन्पाका मुख्य लामा बीचमा, र अन्य लामाहरु वरिपरि वस्छन् । यस पर्वमा नृत्यका लागी बाजा बजाउने लामाहरु पंक्तिबद्ध रुपमा बस्दछन् । विविध बाजाहरु समावेश हुने हुनाले बाजा बजाउन तातिम प्राप्त लामाहरु, भिक्षुगणहरु यसका लागी तयार रहन्छन । यस बेला ठुला ढोल, लामा बाजाहरु हुन्छन् । मण्डपमा ग्रन्थ पाठ र विस्तृत पुजा विधि चलिरहन्छ ।

दोश्रो दिन पनि नृत्यको तयारी, पुजा पाठ, मण्डप सजावट, बाद्य यन्त्रको तयारी र लामाबाट नृत्य हुन्छ । यस दिन छेवङ्ग (Tshe-Wong) भनिने शुद्धि संस्कार सम्पन्न हुन्छ ।

यसमा लामा लाई उपहार दिने र लामाबाट आशिर्वाद लिने काम हुन्छ। छेवङ्गमा पद्संभवको स्तुति पाठ गरिन्छ र सबैमा शान्ति एवम् दिर्घायूको कामना गरिन्छ।

तेश्रो दिन अगाडी गरिएको तालिमको आधारमा नृत्य सम्पन्न हुन्छ। सर्वप्रथम ६ जना लामाहरुले थालनीको स्तुति नृत्य (रुलसाम्) सम्पन्न गर्दछन्। यसपछि लामाहरुले अन्य भावमुलक नृत्य-नाटिका प्रस्तुत गर्छन्।

चौथो दिन समापन कार्यक्रम हुन्छ। यस दिनको समारोहलाई सिवीजिन्साक (Schiwi Jinsak) भनिन्छ। यो होम गरिने विधिमा गरिन्छ।साँझतिर वेदीमा अग्नी प्रज्वलित गरिन्छ र यसमा घ्यु तथा अन्य बस्तु होम गरिन्छ। मनि-रिम्दुले सबैको कल्याणको चाहना गर्दछ। मनि-रिम्दु बढी सामाजिक पर्व र कम संस्कार भएको कुरा उनिहरु बताउँछन्।

### ७.२.४ निउग्नी (उपवास) पर्व

पाप मुक्ति, मोक्ष वा निर्वाण प्राप्ति सबै धर्म वा धार्मिक सम्प्रदायको मुख्य लक्ष्य हो। शेर्पा समाजमा निउग्नी पर्व व्यक्तिको पाप मुक्ति र पुन्य बृद्धिको लागी आयोजना गरिने पर्व हो। यसमा घर गृहस्थीले बर्ष भरिमा विभिन्न किरा फट्याङ्ग मार्ने तथा विभिन्न जीवजन्तु र घरपालुवा पशुको बलि दिएर समाजमा पाप फैलिएको हुनाले सबैको मुक्तिको लागी र आफु पापबाट मुक्तहुन निउग्नी व्रत बस्नुपर्ने उनिहरु बताउँदछन। यो चाड सम्पन्न गर्न शेर्पा गाँउमा एक लावा (समिति) बनाउँने गर्दछन्। यसै लावाले आवश्यक वत्ति, खाद्य, पेय, उपहार, आदिको व्यवस्था गर्दछ। यो चाड पनि गुम्बामा सम्पन्न गरिन्छ।

निउग्नीको पहिलो दिन मुख्य आगन्तुक लामाहरु मुख्य यज्ञ स्थल वरपर बसेर विभिन्न ग्रन्थ पाठ गर्ने उनिहरु बताउछन्। यस दिन भक्तजनहरु वस्तीका धार्मिक स्थल परपर परिक्रमा गरी बुद्धप्रति, स्थानिय देव देवता प्रति भक्तिभाव जनाउँछन्। जुत्ता, चप्पल नलगाईकन प्रदक्षिणा गरेमा बढी पुन्य लाभ हुने कुरामा शेर्पाहरु विश्वास गर्छन्। यस अवसरमा लामा-लामा स्तोत्रहरु ६३ पटकसम्म पढिनु पर्ने परम्परा रहेको उनिहरु बताउँछन्। निउग्नी पर्वको दोश्रो दिनको काम गोन्पामा केन्द्रित हुन्छ। गुम्बाको परिक्रमा, मन्त्रोचारण अनिवार्य हुन्छ। सम्पुर्ण शेर्पाहरु यस दिन ब्रत बस्ने गदछन्। निराहार ब्रत बसेमा बढी पून्य मिल्छ भन्ने धारण समाजमा विद्यमान छ।

तेश्रो दिन सर्वप्रथम विभिन्न परिकार, तोर्माहरु, बुद्धको मुर्तिको साम् चढाँईन्छ। त्यस पछि मात्र सबैले प्रसादको रुपमा प्रयाप्त मात्रामा खानपिन गर्छन्।

# अध्याय : आठ

# शेर्पा जातिमा देखिएको सामाजिक, आर्थिक, सांस्कृतिक परिवर्तन

## ८.१ सामाजिक परिर्वतन

यस एकतीन गा.वि स मा बसोबास गर्ने शेर्पा जातिका व्यक्तिहरुको जीवन शैलिमा परिर्वतन भएको देख्न सकिन्छ। लगाउने लत्ता कपडाहरु अग्रजहरु पुराना खालका उनिबाट उत्पादित स्थानिय स्तरमा बुनेका शरीरको माथिबाट घुडासम्म आइपुग्ने कपडा, दोचा, टोपी लगाउँदछन भने नयाँ पुस्ताका मानिसहरु सर्ट, पाईन्ट, जुत्ता, मोजामा देखिन्छन। खानपानका कुरामा स्थानिय स्तरमा उत्पादित जाँड रक्सिको सेवन भन्दा पनि बजारमा प्रप्त हुने चामल, तेल, चाउचाउ, विस्कुट चिउरा र पेयपदार्थमा रम वियर, कोकाकोलामा रमेको देखिन्छ। घर निर्माणका तौर तरिकामा पनि विस्तारै परिवर्तन आएको जसमा काठ, शिशा, जस्ता पाताको प्रयोग गरि धेरै झ्याल ढोका राखि कोठा कोठा बनाएको पाउन सकिन्छ। यहाँका मानिसहरु खेतिपाती र पशुपालनमा मात्र व्यस्त नरही वैठक, छलफल, गोष्ठीमा सहभागी हुने गरेको स्थानियहरु बताउँदछन। फुर्सदको समयमा  घरायसी काममा संलग्न हुन्छन। यहाँका अधिकाँश घरहरु पुराना शैलिका बनाईएका छन। समयको परिवर्तनसंगै ल्वाई ख्वाइ, भेषभुषा, रहन सहन, भाषा, धर्म, संस्कृतिमा परिवर्तन आएको पाईन्छ।

**वैवाहिक स्थितिमा परिवर्तन**

एकतीन गा.वि स का केहि स्थानिय व्यक्तिहरुसंगको कुराकानीको आधारमा मागी विवाहको प्रचलन बढी मात्रामा रहेको भएपनि शिक्षाको विकाससँगै यसमा परिवर्तन हुदै प्रेम विवाह, प्रेम विवाह र अन्तर जातिय विवाहको प्रचलन शुरु भएको छ। मागी विवाहमा पनि छोरीको रित खाने (केटा पक्षसंग, रुपैया, सुन माग्ने) परम्परा र विवाहका विभिन्न चरण सोदेन, देमछ्याङ्ग, पिछयाङ्ग (तेछ्याङ्ग), गेनकुतुब जस्ता विधिमा पनि लामो समय नगरी एकैपटकमा सबै प्रक्रिया पुरा गर्न थालिएको उनिहरु बताउँदछन्। प्रेम विवाह, भागी विवाहको प्रचलनले गर्दा संस्कृतिमा परिवर्तन हुँदै गएकोमा उनिहरु चिन्तित छन। साथै आफ्नो संस्कृतिको लोप हुने कुरामा उनिहरु चिन्तित छन। यस्तो संभावना प्रेम विवाह, भागी विवाह र अन्तर जातिय विवाहको प्रचलनले हुने उनिहरुको भनाई छ। त्यसैले अन्तरजातिय विवाह रोक्न थालिएको उनिहरु बताउँदछन। यसबाट प्रस्ट हुन्छ कि शेर्पा जाति आफ्नो परम्परागत साँस्कृतिक तथा धार्मिक  परिवर्तनको अस्थामा छन।

## शिक्षामा परिर्वतन

एकतीन गा. वि. स का शेर्पा जातिका मानिसहरु धार्मिक शिक्षा लिन गुम्बा र गोन्पाहरुमा जाने गरेकोमा अहिलेको समयमा विद्यालयीय शिक्षा लिनेको संख्या बढी भएर बौद्ध शिक्षा लिई लामा बन्ने र धार्मिक कार्य गराउने काममा व्यक्तिको अभाव हुदै गएको उनिहरुले जानकारी दिए

## स्वास्थ्य स्थितिको अवस्था परिवर्तन

यस ठाँउमा बसोबास गर्ने शेर्पा जातिका मानिसहरु धामी, झाँक्री, स्थानिय स्तरका जडिबुटिको प्रयोग गरि रोगहरुको निधान गरिआएकोमा अस्पतालहरुको स्थापना संगै स्वास्थ्य उपचार गर्न अस्पताल जाने गरेका छन । नयाँ पुस्ताका बहुसंख्यक व्यक्तिहरु आफ्नो स्वास्थ्य प्रति आफै सचेत छन। खानपान तथा अन्य कारणबाट लाग्ने रोगको लागी गा. वि. स मा रहेको उपस्वास्थ्य चौकी मा उपचारको लागी जाने गर्दछन्। ठुला रोगको लागी जिल्ला सदरमुकाम र बाहिरी जिल्लाका अस्पतालहरु र भारतमा समेत उपचारको लागी जाने गरेको पाईयो। सुत्केरी अधिकाँश मानिसहरु घरमा नै गराउने र कठिन परिस्थितिमा मात्र स्वास्थ्य चौकी र अस्पतालमा लाने गरेको स्थानियहरु बताउँदछन ।

## परिवारीक अवस्थामा परिवर्तन

एकतीन गा. वि. सका शेर्पा जातिका मानिसहरुमा परिवार नियोजन सम्बन्धी ज्ञानको कमी देखिन्छ। जसको कारणबाट छोरा छोरी बढी जन्माउने पुरानो परम्परालाई आत्मसाथ गरिएको देखिन्छ। प्रत्येक घरमा ७ जना देखि ९ जना सम्म परिवार सदस्य रहनुले उक्त कुरालाई प्रमाणित गर्दछ। तर नयाँ पुस्ताका कतिपय व्यक्तिहरुले परिवार नियोजनका बारेमा ज्ञान भएको र परिवार नियोजनका स्थायी वा अस्थाई साधानको प्रयोग गरेको स्थलगत अध्ययनको आधारमा जानकारी पाईयो। परिवार नियोजनका साधानमा पिल्स, कपर टी, कन्डोम लगायतका छन। स्थाई साधन अर्न्तगत मिनिल्याप र भ्यासेक्टोमी प्रमुख छन। यहाँका बासिन्दाहरुले उक्त कुराको जानकारी संञ्चार मध्मबाट परिवार नियोजन सम्बन्धी संघ संस्थाका कार्यक्रमहरु, महिला स्वास्थ्य स्वयम सेविका , आफन्त व्यक्ति आदि बाट पाईएको कुरा स्थलगत अध्ययनको आधारमा थाहा भएको छ। जसको कारणबाट नयाँ पुस्ताका पारिवारिक सदस्य संख्या कम देखिन्छ। भने एकल परिवारको संख्या पनि निरन्तर बढदो छ ।

**राजनैतिक स्थितिमा परिवर्तन**

वर्तमान अवस्थामा शेर्पा जातिमा पनि शिक्षाको स्थिति राम्रो भए संगै राजनितिक चासो पनि उत्तिकै मात्रामा बढेको देखिन्छ। स्थानिय स्तरका राजनैतिक पदमा शेर्पा जातिको सक्रिय सहभागिता रहेको पाईन्छ। यहाँका शेर्पाहरु गा. वि. स. स्तर जिल्लास्तरका विभिन्न संघ संगठनका पदमा निर्वाचित भएको भनाई उनिहरुको छ। स्थलगत रुपमा अध्ययन गर्दा र स्थानिय व्यक्तिलाई सोध्दा यस क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदायका व्यक्तिहरुमा राजनैतिक स्थितिमा  व्यापक परिवर्तन आएको थाहा पाउन सकिन्छ।

## ८.२ आर्थिक परिवर्तन

अर्थतन्त्र समग्र समाज विकासको मेरुदण्ड हो। अर्थतन्त्र विना समाज विकास प्रक्रिया नै ठप्प हुन्छ। जनसंख्याको बृद्धि र मानवका असिमित आवश्यकताले परम्परागत आर्थिक उपार्जनलाई परिवर्तित रुपमा अगाडी बढाउदछ।

**क कृषिमा परिवर्तन**

एकतीन गा.वि.सका मानिसहरु कृषि पेशा परम्परागत रुपमा संचालन गरेता पनि कृषिमा उन्नत मल, विउको प्रयोग गरि खेति गर्न थालिएको छ। बालिनालीमा अनावश्यक मात्रामा झार आउन नदिन र किरा नियन्त्रण गर्न विषादिको प्रयोग गर्न थालिएको स्थानीय बताउँदछन। पहाडी जिल्ला पाँचथरको एक गा.वि.स भएकोले यहाँको जग्गा अधिकाँस भिरालो पाखा रहेको छ। पाखा बारीबाट उत्पादन कम हुने गर्दछ। तर पाखा बारीमा नगदे बालीका रुपमा अलैची, र आलुको उत्पादन भने राम्रो देखिन्छ। हिउँदको समयमा अत्याधिक मात्रामा चिसो हुने हुनाले यहाँ वेमौषमी खेति पनि गरिन्छ।वातावरण सुहाउदो जौ, तोरीको खेती हुन्छ भने बर्षातको समयमा मकै, कोदो, भटमास, आलुको उत्पादन हुन्छ जसलाई परिवर्तित कृषि उत्पादनको रुपमा लिन सकिन्छ। यस भन्दा अगाडी उक्त क्षेत्रमा यस्ता बालिनालिको उत्पादन नभएको उनिहरु बताउँदछन्। केहि समय अघि सम्म आफ्नु कमाईमा मात्र निर्भर रही जीविका चलाउने गरेकोमा वर्तमान समयमा आफ्नो उत्पादनको अतिरिक्त बजारमा निर्भर रही जीविका संचालन गरिदै आएको बताउदछन्। मानिसले चाहेर पनि धान, गहुँ, दालहरुको उत्पादन नहुने हुनाले यहाँ बातावरण सुहाउँदो अन्नबालीको मात्र खेति हुन्छ। अथवा वातावरणले निर्धारण गरे अनुरुपका मात्र कृषिबालीको उत्पादन हुन्छ।

**ख पेशामा परिवर्तन**

यस एकतीन गा.वि.स का शेर्पा समुदायका मानिसहरु विगतमा कृषि, पशुपालन, र व्यापारमा जस्ता पेशा व्यवशायमा संलग्न थिए। वर्तमान समयमा नयाँ पुस्ताका युवाहरु शिक्षित हुनाले त्यस्ता परुम्परागत पेशा व्यवसाय छाडेर विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थामा नोकरी गर्दछन्। यहाँका स्थानिय बासिन्दाहरु शैक्षिक क्षेत्रमा पनि संलग्न रहेका छन्। प्रौढहरु भारतीय सेना र व्रिटिस सेनामा बढी छन्। स्थानिय स्तरमा सञ्चालन हुने संघ संस्थाका कार्यक्रममा यहाँका युवाहरु बढी मात्रामा संलग्न छन्। वैदेशिक रोजगारीमा पनि यहाँका युवाहरु उल्लेख्य मात्रामा गएका छन। पर्यटनका क्षेत्रमा काम गर्नेको संख्या पनि कम छैन। यसरी हेर्दा यहाँका शेर्पा समुदायका मानिसहरुको पेशामा समेत परिवर्तन भएको देख्न सकिन्छ।

**ग पशुपालनमा परिवर्तन**

पशुपालनमा यहाँका मानिसहरु पुर्ण आधुनिक रुपमा लागेका छैनन्। तर पनि उनिहरुले परम्परागत रुपमा प्रत्येक घरहरुमा चौपायाहरु पालेका छन्। यहाँका मानिसले भैसी, भेडा, सुंगुर, कुखुरा, हाँस, परेवा, पालेको स्थलगत अध्ययनका क्रममा पाईयो। पहिला पशुहरु लिएर लेकका खर्कमा जाने त्यही बस्ने र हिउँदको समय भएपछि घरमा फर्कने गरिन्थ्यो तर वर्तमान समयमा पशुहरु घरमा नै बाँध्ने र सिमित पशुहरु पाल्ने गरिएको छ। कही कतै सिमित व्यक्तिहरुले कुखुरा फार्म र बंगुर फार्म संचालन गरेको पाईयो। यसबाट पशुपालन व्यवसाय पनि व्यवसायिक रुपमा अगाडी बढदै गएको देख्न सकिन्छ।

**घ व्यापारमा परिवर्तन**

यस गा. वि.स मा वसोवास गर्ने शेर्पा समुदायका मानिसहरुको विगतको पेशा पशुहरु र ऊन समेत तिब्बतमा विक्रि गरि त्यहाँबाट नुन ल्याउने र अन्नहरुमा साट्ने गरिन्थयो। त्यसै गरि औषधीको रुपमा विभिन्न जडिबुटि को पनि सटही गर्ने गरेको उनिहरु बताउँदछन। तर त्यसले जीवन संचालनमा कठिनाई भएपछि वर्तमान समयमा व्यापारका अन्य तरिकाहरु सञ्चालन गर्न थालिएको हो। यहाँका कतिपय व्यक्तिहरु दैनिक उपभोग्य वस्तुहरु दाल, चिनी, मसला, चामल, नुन, तेल लगायतका अन्य सामग्रीहरुको पसल गर्दछन्। यातायातको असुबिधाका कारणले औद्योगिक उत्पादनका सामान मानिसले कठिन परिश्रम गरि पिठ्युमा बोकेर अन्य समुदायलाई समेत सेवा दिएका छन। त्यस्तै स्थानिय स्तरमा उत्पादन गरिने जाँड, रक्सी, चिया र नास्ता जस्ता पसलहरु पनि संचालन गरि केही

मात्रामा अर्थ उपार्जन गरिरहेका छन् । जसबाट परिवार संचालनमा थप टेवा पुगेका छ । चिसो हावा पानी हुनाले जाँड, रक्सी जस्ता स्थानिय पेय पदार्थको विकि राम्रो रहेको उनिहरु बताउँदछन् ।

**ङ. सरसफाईका क्षेत्रमा परिर्वतन**

एकतीन गा. वि. स का शेर्पा समुदायमा घरायसी सरसफई, व्यक्तिगत सरसफाई र वातावरणीय सरसफाईमा सुधार आएको देख्न सकिन्छ । घर घरमा शौचालय, जुठ्यान , मचान, फोहोर खाल्डो निर्माण हुनु, गाई बस्तुको गोठ घरबाट टाढा हुनुले सरसफाई प्रतिको मानिसको धारणा परिवर्तन भएको पाईयो ।

## ८.३ सांस्कृतिक परिवर्तन

शेर्पा समाजका सांस्कृतिक कार्यहरु आफ्नै प्रकारका छन । यिनीहरु अन्य जाति जनजातिसंग मिल्दैनन् । आफ्नै भाषा, पुरोहितको सहयोगमा संस्कार तथा संस्कृतिका कार्यहरु सम्पन्न गर्दछन् । जुन कार्य तिब्बती पात्रोको आधारमा संम्पन्न गरिन्छ । शेर्पा समुदाय धर्म भिरुको रुपमा लिने गरिन्छ । तर पनि आधुनकीकरणको प्रभावले कुनै पनि समुदाय र व्यक्तिलाई परिवर्तन नगराईकन सक्दैन । फलस्वरुप यसमा पनि संस्कार र संस्कृति मनाउने तरिकामा परिवर्तन देख्न सकिन्छ ।

शेर्पा समुदायका मानिसहरु बौद्ध धर्मावलम्वी हुन यिनीहरु आफ्ना सांस्कृतिक कार्यहरु तथा चाडपर्वहरु गुम्बा तथा गोन्पामा आधारित भएर संम्पन्न गर्दछन । तर वर्तमान परिस्थितीमा शेर्पा जातिका मानिसहरुले पनि धर्म परिवर्तन गरि परिवर्तित धर्मले निर्दिष्ट गरे अनुसारका संस्कार तथा संस्कृति मनाएको पाउन सकिन्छ । शेर्पा समुदायमा लामाको स्थान विशिष्टको मानिन्छ । जीवनमा संपन्न गर्नुपर्ने संस्कार देखि लिएर विभिन्न किसिमका चार्ड पर्व मनाउन पनि लामाको भुमिका महत्वको रहन्छ । अर्थात लामा विना शेर्पा समुदायका कुनै पनि संकार तथा सांस्कृतिक कार्यहरु सम्पन्न हुदैनन् । अझ लामाहरुलाई किराँत धर्मालम्वीहरुले पनि पुजा आजाका काममा पुरोहितको रुपमा प्रयोग गर्नु र लामाले पनि लिम्बुहरुलाई शेर्पा जजमान सरह पुजा आजामा सहभागी भई संकार तथा सांस्कृतिक कार्यहरु सम्पन्न गराउनुले यहाँका शेर्पाहरुमा एक जाति र अर्को जातिको बीचमा आपसी मेल अथवा जातिय सदभावना कायम रहेको देखिन्छ । यसरी नै किराँत, हिन्दु, किश्चियन धर्मावलम्वीहरु पनि शेर्पा समुदायका संस्कारगत कुराहरु, चाडपर्वहरुमा सकिय सहभागी भई कार्य सम्पन्न गराउन सहयोग गर्नु किराँत, हिन्दु, किश्चियन धर्मावलम्वीहरुले पनि जाँड,

रक्सी, मासु, दाल, चामल र रुपैया पैसा सहयोग स्वरुप शेर्पा समुदायमा लानु र शेर्पा समुदायका व्यक्तिले पनि उक्त सहयोग स्वीकार गर्दै पुन किराँत, हिन्दु, क्रिश्चियन धर्मावलम्वीहरुको संस्कारमा जाति अनुसारका सहयोग सामाग्री लैजानुले जातिय सहिष्णुता र सामाजिक एकता कायम रहेको देख्न सकिन्छ ।

यसरी नै शेर्पा समुदायका मनि-रिम्दु, दुम्जे पर्व जस्ता चाडपर्वमा गोन्पाहरुमा धार्मिक नाच गान हेर्न र बुद्ध र बोधिसत्वको दर्शन गर्न किराँत, हिन्दु, क्रिश्चियन धर्मावलम्वीहरु पनि गोन्पामा सहभागी हुनु यसरी नै शेर्पा जातिका न्वारान, विवाह, मृत्यु संस्कारमा पनि आपसी आर्थिक तथा सामाजिक सहयोग गरिनु र शेर्पाहरुले पनि अन्य जातिहरुका संस्कार तथा सामाजिक अर्मपर्मका कुरामा सहयोग गर्नुले यहाँका शेर्पा र अन्य जातिका बीचमा जातिय एकता, धार्मिक सहिष्णुता, सामाजिक एकता रहेको थाहा हुन्छ ।

शेर्पा समुदाय बसेको क्षेत्रमा ब्राम्हण, क्षेत्री, जोगी, तामाङ्ग, लिम्बुहरुको पनि बसोबास हुनु, सबै जात जातिको एक आपसमा बन्धुत्वको रुपमा रहनु, जातीगत आधारमा कलह, झगडा, शत्रुता नभई आपसी मित्रता र बन्धुत्वको रुपमा रहनुले शेर्पा समाजमा पनि सामाजिक समिश्रण र आपसी भाईचाराको सम्बन्ध रहेको पाईन्छ । वर्तमान समयमा शेर्पा जातिमा पनि शिक्षाको प्रभावले चाड पर्व, संस्कारहरु, संस्कृति मनाउदा हुने फजुल खर्चलाई नियन्त्रण गर्न थालिएको पाईन्छ । जसलाई सांस्कृतिक सम्मिलनको रुपमा लिन सकिन्छ । यसरी नै विवाहमा रित खाने परम्पराले छोरी चेलीको घर नै आर्थिक रुपमा कम्जोर हुने हुनाले आजकाल त्यस्तो प्रचलन छोड्न थालिएको उनिहरु बताउदछन । आधुनिकिकरणको प्रभाव र शिक्षाको विकासले शेर्पा जातिले पनि दशै, तिहार, माघे सक्रांती, उधौलि, उभौलि जस्ता चाड पर्वहरु हर्सोल्लासका साथ मनाउने गरेको उनिहरु बताउछन् । यसरी नै शेर्पा विवाहमा मागी विवाह लामो र झन्झटिलो भएकाले विवाहका प्रक्रियामा सोदेन, देमछ्याङ्ग, पिछयाङ्ग (तेछ्याङ्ग), गेनकुतुब जस्ता विधिमा पनि लामो समय नगरी एकैपटकमा सबै प्रक्रिया पुरा गर्न थालिएको । मागी विवाहको विकल्पमा अन्तर जातिय विवाह, भागी विवाह, चोरी विवाह को प्रचलनले प्रश्रय पाउँदै गएको उनिहरु बताउँछन् ।

शेर्पा समुदायका मानिसहरु हिन्दुका मन्दिरमा पुजाआजा गर्दछन् । किराँतका मन्दिरमा श्रद्धा भक्ति राख्दछन् । हिन्दु किराँत धर्मावलम्वीहरु पनि गुम्बाहरुमा मनि-रिम्दु, दुम्जे पर्वको अवसरमा नृत्य हेर्न र बुद्ध र बोधिसत्व प्रति भक्तिभाब जनाउँदै गुम्वाहरुमा जाने र सदभाव राखी कार्य गर्ने हुनाले उहाँ जातिय सहिष्णुता, धार्मिक सहिष्णुता, र

सामाजिक सदभाव कायम रहेको  देख्न सकिन्छ। यस्तै यहाँका शेर्पाहरु बौद्ध धर्म छोडेर क्रिश्चियन धर्ममा लागेका छन। क्रिश्चियन धर्मको धार्मिक मान्यता अनुसारका जीवन संस्कार सम्पन्न गर्नु बौद्ध धर्म प्रति नकारात्मक मत नराखी सबै खालका बौद्ध धर्मावलम्वीका संस्कार र चाड पर्वमा सरिक हुने सबैको सम्मान गर्नुले जातिय एकता, धार्मिक सहिष्णुता, सामाजिक एकता, सांस्कृतिक सम्मिलन र परसंस्कृसत ग्रहण भएको देख्न जकिन्छ।

# अध्याय : नौं

## सारांश, निष्कर्ष र सुझाव

### ९.१ सारांश

- ❖ प्रश्तुत शोधपत्र एकतीनका शेर्पा जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको एक समाजशास्त्रिय अध्ययन हो ।
- ❖ प्रश्तुत शोधपत्र तयार गर्दा प्राथमिक र द्वितिय तथ्याङ्कको प्रयोग गरिएको छ । तथ्याङ्क संकलनमा संभावना रहित नमुना छनौट अन्तर्गतको उद्देश्यपुर्ण नमुना छनौट विधिको प्रयोग गरिएको छ ।
- ❖ प्रश्तुत शोधपत्रमा अनुसन्धान कर्ता आफैले प्रश्नावली अन्तर्वार्ता, अवलोकन, अनुसुचिको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।
- ❖ प्रश्तुत शोधपत्रमा द्वितिय तथ्याङ्क संकलनका लागी विभिन्न समयमा प्रकाशित लेख, रचना, पुस्तक, विद्युतीय सामाग्री, पत्रपत्रिका, स्मारिका एवं शोधपत्रहरु तथा सरकारी, गैरसरकारी संघ संस्थाले समय समयमा प्रकाशित गरेका महत्वपुर्ण कुराहरुलाई द्वितिय स्रोतको रुपमा प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ ।
- ❖ तथ्याङ्क संकलनमा ५० घर शेर्पा परिवारलाई नमुनाको रुपमा लिईएको छ । साथै थप उत्तरदाताको लागी लैंगिक आधारमा ६ जना युवा युवती, ६ जना प्रौढ महिला र पुरुष र अन्य ८ वयोबृद्ध ज्येठ ब्यक्तिसंग अन्तरवार्ता लिईएको छ । जसमा शेर्पा जातीका मानिससंग मात्र अन्तरवार्ता लिईएको छ ।
- ❖ यस शोधकार्यको तथ्याङ्क संकलनका लागी क्यामेरा, कापी, कलम, झोला, इत्यादी प्रयोग गरिएको छ ।
- ❖ तथ्याङ्कको बिश्लेषण गर्दा संख्यात्मक विश्लेषण, वर्गीकरण, तालिका प्रस्तुति तथा प्रतिशत तालिका आदिमा प्रस्तुत गरि व्याख्या गरिएको छ ।
- ❖ यस शोधपत्र तयार गर्दा शेर्पा जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको मात्र अध्ययन गरिएको छ ।
- ❖ यस शोधकार्यमा एकतीन गा.वि.स का शेर्पा जातिको मात्र अध्ययन गरिएको छ ।
- ❖ अध्ययनको क्रममा प्राप्त सामाजिक, आर्थिक, सास्कृतिक अवस्थाका तथ्याङ्कलाई निश्चित आचार सहिंतामा रहेर व्याख्या विश्लेषण गरिएको छ । समाजका विभिन्न

जाति जनजाति, समुदाय र सम्बन्धित परिवारका सदस्यहरु बीच द्धन्द्ध सृजना उत्पन्न हुने विषय वस्तुको बारेमा गोपनियता अपनाईएको छ ।

- ❖ प्रस्तुत शोधपत्रमा सैद्धान्तिक समिक्षा गर्ने सन्दर्भमा संरचनात्मक प्रकार्यवादी सिद्धान्त (Structural Functional Theory), सांस्कृतिक पर्यावरण (Cultural Ecology) र प्रतिकात्मक अन्तरक्रियाबाद (Symbolic Interactionism) को प्रयोग गरि समिक्षा गरिएको छ ।
- ❖ प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्रमा पुरुषको संख्या २०३ अर्थात ४९.७० प्रतिशत र महिलाको संख्या २१३ अर्थात ५०.३० प्रतिशत रहेको छ ।
- ❖ प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्रमा लिम्बु, तामाङ्ग क्षेत्री, नेवार, शेर्पा, आदी जाती तथा जनजातिको बसोबास छ ।
- ❖ यहाँ हिन्दु, बौद्ध, किरांत, किश्चियन धर्मका धर्मावलम्वीहरु रहेका छन ।
- ❖ यहाँ नेपाली, लिम्बु, तामाङ्ग, शेर्पा भाषाको प्रयोग बोलीचालीको भाषा बन्दछ ।
- ❖ यस क्षेत्रका शेर्पा समुदायका अग्रजहरु पुरानै रहनसहनमा देखिन्छन भने युवाहरु आधुनिक रहनसहनमा देखिन्छन ।
- ❖ शेर्पा जातिको अध्ययन गरिएको ५० घर परिवारको अधारमा पुरुष भन्दा महिलाको संख्या बढी देखिएको छ ।
- ❖ शेर्पा समाजमा प्रेम विवाह, भागी विवाह र अन्तर जातिय विवाहको प्रचलन बढी रहेको कुरा स्थानियहरु बताउँछन ।
- ❖ शेर्पा समुदायका मानिसमा आफ्नो स्वास्थ्य उपचारको लागी झारफुक गराउने र विरामी निको नभएमा मात्र अस्पतालमा उपचार गराउन जाने गरेको पाईयो ।
- ❖ यस अध्ययन क्षेत्रका शेर्पा समुदायमा सरसफाईको अभावमा लाग्ने रोगहरु हैजा, रुघाखोकी, टाईफाइड, जुका, आँउ, घाँउ खटिरा, दम, पिनास, जण्डिस, पेटदुख्ने आदि जस्ता रोगहरु लाग्ने गरेको छ ।
- ❖ परिवार नियोजनका साधनको प्रयोग कर्ताको दर बढ्दो छ ।
- ❖ एकतीन गा. वि. स मा पनि एकल र संयुक्त दुवै किसिमका परिवारहरु रहेको पाईयो । एकल परिवारको तुलनामा संयुक्त परिवारको संख्या बढी देखिन्छ ।
- ❖ स्थानिय स्तरका राजनैतिक पदमा शेर्पा जातिको सक्रिय सहभागिता रहेको पाईन्छ । यहाँका शेर्पाहरु गा. वि. स. स्तर जिल्ला स्तरका विभिन्न संघ संगठनका पदमा

निर्वाचित भएको भनाई उनिहरुको छ । यसबाट हेर्दा राजनैतिक स्तर सुध्रदै गएको छ ।

- ❖ बौद्ध शिक्षा लिई लामा बन्ने र धार्मिक कार्य गराउने काममा व्यक्तिको अभाव हुदै गएको ।
- ❖ उन्नत मल विउको प्रयोग गरी कृषि कार्य संचालन गर्न सुरु र व्यवसायिक पशुपालनको थालनी ।

विगतका कृषि, पशुपालन, र व्यापार जस्ता पेशा व्यवशायका अतिरिक्त वर्तमान समयमा नयाँ पुस्ताका युवाहरु शिक्षित हुनाले त्यस्ता परुम्परागत पेशा व्यवसाय छाडेर विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थामा नोकरी, शैक्षिक क्षेत्रमा, वैदेशिक रोजगारीमा र पर्यटनका क्षेत्रमा काम गर्दछन् ।

- ❖ एकतीन गा. वि. स का शेर्पा समुदायमा घरायसी सरसफई, व्यक्तिगत सरसफाई र वातावरणीय सरसफाईमा सुधार ।
- ❖ शेर्पा समुदायका मानिसहरु बौद्ध धर्मावलम्वी हुन यिनीहरु आफ्ना सांस्कृतिक कार्यहरु तथा चाडपर्वहरु गुम्बा तथा गोन्पामा आधारित भएर संम्पन्न गर्दछन ।
- ❖ धर्म परिवर्तन गरि परिवर्तित धर्मले निर्दिष्ट गरे अनुसारका संस्कार तथा संस्कृति मनाएको पाउन सकिन्छ ।
- ❖ एकतीनका शेर्पा जातिका मानिसहरु विवाहमा आफ्नो गोत्र बाहिर गएर आमा तर्फ पाँच पुस्ता र बाबु तर्फ सात पुस्ता छोडेर मात्र विवाह गर्दछन । यहाँका शेर्पाहरुले आजका दिन सम्म मामा चेला फुपु चेली विवाह गरेको थाहा नभएको स्थानिय बताउँछन ।
- ❖ मागी विवाह लामो र झन्झटिलो भएकाले विवाहका प्रक्रियामा सोदेन, देमछ्याङ्ग, पिछयाङ्ग (तेछ्याङ्ग), गेनकुतुब जस्ता विधिमा पनि लामो समय नगरी एकैपटकमा सबै प्रक्रिया पुरा गर्न थालिएको ।
- ❖ यहाका शेर्पा जातिका मानिसहरु हिन्दु धर्मका दशै, तिहार, किराँत धर्मका उधौली उभौली चार्ड पर्व पनि उतिकै हर्सोल्लासका साथ मनाउने गरेको स्थानिय बासिन्दा बताउँदछन् ।

## ९.२ निष्कर्ष

पाँचथर जिल्ला एकतीन गा.वि.स मा बसोबास गर्ने शेर्पा जातिको बारेमा गरिएको अध्ययन अनुसन्धनबाट निम्न अनुसारको निश्कर्ष निकालिएको छ । शेर्पा समाजमा छुवाछुत प्रतिको मान्यता देखिदैन, फलस्वरुप समाजमा सामाजिक एकता र सदभाव कायम रहेको देखिन्छ । समाजमा ठुलो र सानो जात भन्ने भावना नभएकोले समाजमा सम्मानित रुपमा बसेका छन । समाजमा संम्पन्न गरिने सांस्कृतिक, सामाजिक कार्यमा विभेदको स्थिति नहुने हुनाले शेर्पा जाति अन्य जातिका संस्कार र संस्कृतिमा सहयोगी भुमिका निर्वाह गर्दै समाजमा रहेका छन । जिल्ला सदरमुकामबाट १३ कोसको दुरीमा पर्ने यस गाविस मा पर्ने शेर्पा जातिका रहन सहन, भेषभुषा, भाषा शैलि आदिमा परिवर्तन देखिन्छ । शेर्पा जातिका जन्म देखि मृत्यु सम्मको संस्कारहरु हेर्दा अन्य जाति र संस्कृतिको प्रभाव नभई पुर्ण रुपमा आफ्नै धार्मिक मान्यतामा कार्यहरु सम्पन्न गरिन्छ । बौद्ध परम्परा अनुसार जीवन संस्कार संम्पन्न गरिन्छ । शेर्पा समुदायमा लोसार, दुम्जे पर्व, मनि-रिम्दु र निउग्नी पर्व जस्ता चार्ड पर्वहरु मनाउने गर्दछन् । यस्ता चाडपर्व मनाउदा अन्य जातिको पनि सहभागिता रहन्छ ।
सामाजिक अवस्थामा परिवारको आकार, शिक्षा तथा साक्षरताको अवस्था, स्वास्थ्यको अवस्था, वैवाहिक स्थिति, सरसफाई प्रतिको सोचमा विकास, परिवार नियोजनका साधनको ज्ञान र प्रयोग, अस्पताल र स्वास्थ्य संस्थाहरुको उपयोग खानेपानीको श्रोत स्तर, भाषा धर्म र महिलाको सामाजिक अवस्था उच्च देखियो । हिजो आज यिनीहरुका सामाजिक अवस्थामा परिवर्तनका संकेतहरु देख्न सकिन्छ भने आउँदा दिनमा अरु परिवर्तन हुने सम्भावना रहेको देखिन्छ ।

आम्दानीका श्रोतहरुमा शेर्पाहरु राम्रो अवस्थामा देखिन्छन् । आफ्नो जग्गाबाट नगदे वाली अलैचीको उत्पादन राम्रो हुने हुनाले र सहायक पेशाहरु पशुपालन, व्यापार, र वैदेशिक रोजगारीमा संलग्न रहेकाले आम्दानीको अवस्था राम्रो देखिन्छ। यसका अलवा कृषि उत्पादनको अवस्था भने दयनिय छ जसका कारण आम्दानीको अधिकाँस हिस्सा चाडवाड, संस्कार र खाद्यान्नमा खर्च हुन्छ। शेर्पा जातिका मानिसहरु विभिन्न सरकारी गैरसरकारी संघ संस्थामा संलग्न रहेको पाईयो । जसमा शेर्पा जातिका मानिस २९ जना विभिन्न क्षेत्र शिक्षक, सुरक्षा कर्मी, प्रशासन, र बाहिरी मुलुकका सुरक्षा क्षेत्रमा संलग्न छन ।

शेर्पा समाजमा गर्भवती महिलालाई प्रसुति गराउन घरमा नै गराए पनि वर्तमान समयमा शिक्षित वर्गको बृद्धिसंगै गर्भवती महिलालाई प्रसुति गराउन स्वास्थ्य संस्थामा

लानेको संख्या क्रमश बढदो छ । छोरा, छोरी बीचमा भेदभाव छैन । छोरा, छोरी दुवैलाई विद्यालय पठाउँने, नियमित खोप लगाउँने, सरसफाई गरिदिने जस्ता कार्यले सामाजिक अवस्थामा सुधार आएको पाईन्छ ।

यसरी निश्कर्षमा के भन्न सकिन्छ भने यस क्षेत्रका शेर्पा जातिका सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था विगतमा नितान्त रुपमा परम्परागत रहे पनि वर्तमानमा सुधार उन्मुख रहेको र यसमा अझ सुधार गर्नका लागी यिनै सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रलाई महत्व दिएको खण्डमा शेर्पा जातिका सामाजिक, आर्थिक र सांस्कृतिक पक्षमा सुधार आउने विश्वास गर्न सकिन्छ ।

शेर्पा जातिहरु बौद्ध धर्मावलम्वी हुन यिनीहरु बुद्ध धर्मले निर्दिष्ट गरेको नियममा रही जीवन संचालनमा देखिन्छन ।

कानुनी रुपमा नै २ वा २ भन्दा बढि श्रीमान श्रीमति भएमा बहुविवाहको कानुन लाग्ने हुनाले, कानुन द्वारा वर्जित गरिएकाले शेर्पाहरुमा प्रचलित वहुपति र वहुपत्नि विवाह आजभोली व्यवहारमा छैन । यहाँका शेर्पाहरु चिसोबाट बच्न बढी मात्रामा पिरो, जाँड, रक्सी, साथै बजारमा उपलब्ध हुने मदिराको (पिरो र मदिरा जन्य पदार्थको सेवनले शरीरमा रक्त संचालन प्रकिया छिटो हुदा शरीरको तापकम बढ्छ) सेवन गर्दछन । मागी विवाहको प्रक्रिया लामो र झन्झटिलो र केटीको माईती घरमा रीत स्वरुप रुपैया पैसा र सुन, चाँदी दिनु पर्ने हुनाले आजभोली नयाँ पुस्ताका शेर्पाहरु प्रेम विवाह, भागी विवाह र अन्तरजातिय विवाह तर्फ आकर्षित देखिन्छन ।

एकतीनका शेर्पा जातिमा आमातर्फ पाँच पुस्ता र बाबुतर्फ सात पुस्ता छोडी आफ्नो गोत्र बाहिर गएर विवाह गरिन्छ । मामा चेला फुपु चेली विवाह यस थुकिमाका शेर्पा समाजमा गरिदैन । यहाँका शेर्पाहरु विवाहमा आमा तर्फ ५ पुस्ता र बाबु तफ ७ पुस्ता छोडेर मात्र विवाह गर्दछन् । यहाँका शेर्पाहरु समाजका अन्य जातिहरुसंग नजिकको सम्बन्ध राखी सामाजिक, सांस्कृतिक र आर्थिक क्रियाकलाप संचालन गर्दछन । बुद्ध जयन्तिको दिन गुम्बा तथा गोन्पाहरुमा परिवारका मृतक सदस्यको नाममा १०८ बत्ति बाल्दछन । शेर्पा समुदायमा जन्म, न्वरान, छेवर, छर्तने, विवाह र मृत्यु संस्कार सम्पन्न गरिन्छ जसमा यी संस्कार सम्पन्न गर्न लामाको मुख्य भुमिका हुन्छ ।

शेर्पा समुदायमा न्वरान कार्य छोरीको २ रात र छोराको ३ रातमा सम्पन्न गरिन्छ । पहिला यहाँका शेर्पाहरुमा छेवर संस्कार गर्ने परम्परा थिएन छर्तने संस्कार गर्दा नै केश

मुन्डन गरिन्थ्यो र छेवर संस्कार पनि गरिन्थ्यो तर अहिले छेवर संस्कार छुट्टै गर्ने र पछि मात्र छर्तने सँस्कार गर्ने परम्परा रहेको पाईन्छ । कारण पहिला बालकलाई बौद्ध शिक्षा लिन गुम्बामा पठाउँन सबै संस्कार गर्नु पर्दथ्यो त्यसो हुदा बालक बढी उमेरको हुने हुनाले एकै पटकमा गरिन्थ्यो भने बर्तमान समयमा बालक विद्यालयीय शिक्षा लिन जाने हुदाँ यहाँका शेर्पा जातिका मानिसहरु आधुनिकीकरणको प्रभावका कारणले बालकको छुट्टै छर्तने गरिन्छ । यहाँका शेर्पाहरुका पुर्खाहरु सोलुखम्बु क्षेत्रबाट लगभग २०० वर्ष पहिला यहाँको क्षेत्रमा वसाईसराई गरेको मानिन्छ ।

यहाँका शेर्पा जातिका मानिसहरु आधुनिकीकरणको प्रभावका कारणले आफ्ना परम्परागत पेशा व्यवशायका अतिरिक्त शिक्षा, स्वास्थ्य, जनचेतना अभियान, वैदेशिक रोजगारीका क्षेत्रमा, पर्यटन व्यवसाय, स्वास्थ्यका क्षेत्रमा समेत कार्यरत छन । वास्तवमा यहाँका शेर्पाहरुले पशुपालन व्यवशायलाई सहज बनाउन दुइ प्रकारका गोठ राख्दछन जुन हिउँदमा र वर्षातमा पशुपालन गर्ने उद्देश्यले निर्माण गर्दछन । जसलाइ शेर्पा भाषामा गुन्सा र पेर्शा भनिन्छ। तापक्रम घटने,हिँउ पर्ने अवस्थामा शेर्पाहरु मुल बस्तिमा फर्कन्छन्, यसलाइ गुन्सा र जब हिँउ पग्लन थाल्दछ र घाँस पात उम्रन सुरु भएपछि घाँसको आवश्यकता पुरा गर्न पशुहरुलाई बढी उचाइमा लगिन्छ यस समयमा वसोवास गर्न बनाएको घरलाइ पेर्शा भनिन्छ। यस एकतीन गा. वि. स. का शेर्पा जातिका मानिसहरु आफ्नै मातृ भाषाको प्रयोग गर्दछन । यिनीहरु टिवेटन शैलिको भाषा बोल्दछन् ।

शेर्पा समाजमा आम्दानीको प्रमुख श्रोत कृषि हो, कृषिसंगै, पशुपालन, व्यापार र जागीर पनि सहायक पेशाको रुपमा देख्न सकिन्छ। एकतीनमा कृषि पेशामा नगदे बालिको रुपमा अलैचीको उत्पादन राम्रो हुने हुनाले शेर्पा समुदायको आर्थिक अवस्था राम्रो देख्न सकिन्छ। एकतीनका शेर्पाहरुको पारिवारीक अवस्थालाई हेर्दा यहाँ एकल परिवारको तुलनामा संयुक्त परिवारको संख्या बढी छ। परिवार नियोजनका अस्थाई र स्थाई साधनको प्रयोग कर्ताको दर कम देखिन्छ। यसको कारण परिवारमा परिवार सदस्य संख्या बढी देख्न सकिन्छ। कृषि पेशा र सहायक पेशाबाट पनि घर संचालनमा कठिनाई हुने परिवारका सदस्यहरु वैदेशिक रोजगारमा गएका छन ।

ग्रामिण इलाका हुनाले यहाँ खाना पकाउने इन्धनको श्रोत दाउरा नै हो। दाउराका अतिरिक्त गोबर ग्याँस र विद्युत शक्तिको पनि गरिएको पाईन्छ। आधुनिक प्रविधिका साधनको प्रयोगको दर बढ्दो छ। शेर्पा समुदायका प्रत्येक घरमा सुधारिएको शौचालयको

निर्माण भएको र सरसफाई प्रति सकारात्मक परिर्वतन । शेर्पा समुदायका घरहरु पुर्ण रुपमा ढुङ्गा, माटो, र काठबाट बनाईएका छन । कुनै घरमा भिगटीको प्रयोग गरिएको छ । शेर्पा समुदायमा महिला र पुरुषको दुवैको जमिन माथिको स्वामित्व रहेको कारणले समाजमा महिलाको स्थान उच्च देखिन्छ । महिलाहरुको सहकार्यमा स्थानिय स्तरमा बचत तथा ऋण सहकारीको संचालन । स्थानिय स्तरका राजनैतिक पद, विकास निर्माणका काममा पनि महिलाको सक्रिय सहभागिता, महिलाबाट पनि नेतृत्वदायी भुमिका निर्वाह ।

शेर्पा समुदायमा कृषि र पशुपालन व्यवसायमा परम्परागत प्रणालीको निरन्तरता । यसले कृषि उत्पादनमा न्युनता । शेर्पा समुदायका संस्कार र चाडवाडमा समाजका अन्य जाति जस्तै ब्राहम्ण, क्षेत्री, लिम्बु, तामाङ्गको सहयोग यसरी नै ब्राहम्ण, क्षेत्री, लिम्बु, तामाङ्गका संस्कार र चाडवाडमा पनि शेर्पाहरुको सरसहयोग । समाजमा जातिय सहिष्णुता, धार्मिक सहिष्णुता, सामाजिक एकता, कायम । यहाँका शेर्पाहरुका कुनै किसिमका औपचारिक संघ संगठन नभए पनि सामाजिक, आर्थिक तथा सांस्कृतिक कार्यहरु संचालन गर्न अनौपचारिक संगठन निर्माण गरि कार्य सम्पादन गर्दछन् । जस्तैः लाबा (समिति) बनाईन्छ । लाबाले शेर्पा समुदायबाट चाडपर्वका लागी आवश्यक खाद्यान्न र पुजा सामाग्रीको संकलन गर्दछ ।

शेर्पा समुदायमा लोसर, दुम्जे पर्व, मनि-रिम्दु, निउग्नी पर्व विशेष रुपमा मनाईन्छ यी चाड मनाउने प्रमुख केन्द्र गुम्बाहरु हुन । अथवा शेर्पाहरुले चाडपर्व गुम्वामा आधारित भएर मनाउछन् । शेर्पा समुदायमा सरसफाईको अभावमा लाग्ने रोगहरु हैजा, रुघाखोकी, टाईफाइड, जुका, आँउ, घाँउ खटिरा, दम, पिनास, जण्डिस, पेट दुख्ने आदि जस्ता रोगहरु लाग्ने गरेको छ ।

## ९.३ सुझावहरु

१. शेर्पा जातिलाई जनचेतना बढाउन संघ संस्थाले कार्यको थलो बनाउन आवश्यक छ ।

२. जनजातिको निम्ति संविधान पुनः संशोधन हुन आवश्यक छ ।

३. आदिवासी जनजातिलाई चेतना बढाउने शिक्षामा जोड दिन आवश्यक छ ।

४. संस्कृति र संस्कारको संरक्षण हुनु आवश्यक छ ।

५. परम्परागत ढाँचाबाट जनचेतना जगाएर आधुनिकता तिर डोर्‍याउन आवश्यक छ ।

## सन्दर्भ सामाग्री

अर्टनर, सेरि.वि. (१९७८), *शेर्पा र तिनीहरुको संस्कारमा क्याम्ब्रिज विश्व विद्यालय*

अधिकारी : आरआर र घिमिरे एच.एच (२०७३), *नेपाली समाज र संस्कृति*

*आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन २०५८*

कार्की डा. जि.सि. (२०६४), *साँस्कृतिक पर्यटन,* भोटाहिटी काठमाडौं, एम के पव्लिसर्स एण्ड डिस्ट्रिब्यूटस ।

खत्री पि.के. (२०६०), *नेपालको धार्मिक मत र सामाजिक संरचना,* भोटांहिटी काठमाडौं, एम. के. पव्लिसर्स एण्ड डिस्ट्रिब्यूटस ।

विष्ट, डि.बि. (१९९४), पिपुल्स अफ नेपाल । काठमाण्डौ रत्न पुस्तक भण्डार ।

विन्ट डि.वि. (१९९४), *पिपुल्स अफ नेपाल* काठमाडौं रत्न पुस्तक भण्डार

तथ्याङ्क कार्यालय, पाँचथर

*नेपालको अनतरिम संविधान २०६३*

नेराप्रप्र (नेपाल राजकिय प्रज्ञान प्रतिष्ठान) (२०५२), *नेपाली बृहत शब्दकोष,* काठमाण्डौं

नेपाल शेर्पा संघ (२०१२), *शेर्पा जातिका थरहरु एक गहन अध्ययन*।

वौद्ध धर्मग्रनथवाट

बज्रचार्य, डि.बि. (२०३०), *लिच्छवी कालको अभिलेख,* काठमाडौ ।

विभिन्न पत्रपत्रिकाबाट

शेर्पा स्मारिका २०६४ शेर्पा संगठन नेपाल

शेर्पा सम्मेलन २०६७, पाँचथरबाट

शेर्पा जे.एस. (२०४९), *हाम्रो समाज एक अध्ययन,* काठमाडौं साझा प्रकाशन ।

शेर्पा एल.जि. गुगल वेव साइड ।

संघीय सात प्रदेश नेपालको संविधान २०७२ ।

स्थलगत सर्वेक्षण २०७३

परिशिष्ट १

प्रश्नावली

**अ. शेर्पा समाजको सांस्कृतिक अवस्था**

१) शेर्पा सजमाजको सांस्कृतिक अवस्था

क. ..........................................

ख. ..........................................

ग. ..........................................

घ. ..........................................

ङ. ..........................................

२) शेर्पा समुदायका प्रमुख चार्डपर्वहरु के-के हुन् ?

क. ..........................................

ख. ..........................................

ग. ..........................................

घ. ..........................................

ङ. ..........................................

३) चार्डपर्वहरु मनाउनुका कारणहरु के-के हुन् ?

क. ..........................................

ख. ..........................................

ग. ..........................................

घ. ..........................................

ङ. ..........................................

४) कुन धर्म मान्नुहुन्छ ?

क. हिन्दू ख. बौद्ध ग. क्रिश्चियन

घ. मुश्लिम ङ. अरु कुनै

५) धर्ममा कतिको विश्वास छ ?

क. पुरा विश्वास छ ख. ठिकै ग. छैन

६) धर्म मान्ने कारणहरु के हुन् ?

क. ..........................................

ख. ..........................................

ग. ..........................................

घ. ..........................................

ङ. ..........................................

७) छोरा छोरीको विवाह कति वर्षमा गर्नुहुन्छ ?

क. ७ देखि १० वर्ष भित्र ख. १० देखि १४ वर्षमा

ग. १४ देखि २० वर्ष भित्रमा घ. २० वर्ष भन्दा माथि

**आ शेर्पा समाजको आर्थिक अवस्था**

१) तपाईको आम्दानीको मुख्य स्रोत के हो ?

क. कृषि ख. पशुपालन ग. नोकरी

घ. व्यापार ङ. पर्यटन

२) तपाईको आम्दानीले कति महिना खान पुग्छ ?

क. २ महिना ख. ६ महिना

ग. १२ महिना घ. १२ महिना माथि

३) तपाईको जग्गा कति रोपनी छ ?
- क. खेत................................
- ख. बारी..............................
- ग. अर्काको कमाउने...............
- घ. जम्मा.............................

४) वार्षिक आम्दानी बचत वा अपुग के हुन्छ ?
- क. बचत ख. अपुग

५) वार्षिक खर्च कति छ ?
- क. खाद्यान्न ख. लत्ता कपडा
- ग. शिक्षा घ. स्वास्थ्य
- ङ. चार्ड पर्व च. भैपरि

६) वार्षिक आम्दानी कति छ ?
- क. ...........................

७) तपार्यको घरमा शौचालय छ, छैन यदि भए कस्तो छ ?
- क. खाल्डे ख. प्यान जडित
- ग. गोवरग्यांस जडित घ. पक्की

८) ऋण लिनु भएको भए कहाँबाट लिनुहुनछ ?
- क. वैंकबाट ख. स्थानीय साहुबाट
- ग. नातेदार घ. समूह

९) खाना पकाउन इन्धन के प्रयोग गर्नुहुन्छ ?
- क. दाउरा ख. विद्युत
- ग. ग्याँस घ. गोबर ग्याँस

१०) तपाईको घर कस्तो किसिमको छ ?
- क. रड, सिमेन्टको ख. ढुंगा, माटोको
- ग. काठ, बाँसको घ. चित्राको

११) तपाईको घरमा के-के सामान छन् ?
- क. रेडियो ख. टि.भि.
- ग. हिटर घ. क्यामेरा

इ. शेर्पा समाजको सामाजिक अवस्था

१. तपाई यो गाउँमा जन्मनु भएको वा बसाई आउनु भएको ?
- क. यहि जन्मेको ख. बसाई सरेको

२. समाजमा शानित सुरक्षाको अवस्था कस्तो छ ?
- क. राम्रो ख. ठिकै
- ग. नराम्रो

३. नराम्रो भए के कारणले होला ?
- क .......................................
- ख .......................................
- ग .......................................
- घ .......................................

४. समाजमा सामाजिक रुपमा भैं-भगडा हुन्छ कि हुँदैन ?
- क. हुँदैन ख. हुन्छ

५. समाजमा सामाजिक रुपमा भैं-भगडा भएमा समाधान कहाँबाट गर्नुहुन्छ ?

क. आपसी मेलमिलाप ख. प्रहरी चौकी
ग. गा.वि.स. घ. अदालत
ङ. वडा अध्यक्ष च. गा.वि.स. अध्यक्ष

६. तपाईको जातको व्यक्ति यस समुदायमा चुनावमा विजय भएका छन् ?
क. छन् ख. छैनन्

७. तपाईको परिवार कस्तो किसिमको छ ?
क. एकल ख. संयुक्त

८. विरामी हुँदा उपचार कहाँ गराउनु हुन्छ ?
क. धामी ख. स्वास्थ्य चौकी
ग. अस्पताल घ. वैद्य

९. यस समुदायमा के के रोग लाग्दछ ?
क. ........................................
ख. ........................................
ग. ........................................
घ. ........................................

१०. तपाईलाई परिवार नियोजन बारे थाहा छ ?
क. छ ख. छैन

११. तपाईले परिवार नियोजनका कुन कुन साधनहरुको प्रयोग गर्नु भएको छ ?
क. अस्थाई ख. स्थाई

१२. तपाइले परिवार नियोजनका साधनहरुको प्रयोग गर्नु भएको छ भने कुन कुन साधन प्रयोग गर्नु भएको छ ?
क. कन्डोम ख. पिल्स
ग. कपर टी घ. भ्यासेकटोमी
ङ. ल्याप्रेशकोपी च. मिनिल्याप

१३. शेर्पा जातिको अन्य कुन कुन जातिसँग सामाजिक सम्बन्ध छ ?
क. लिम्बू ख. तामाङ्ग
ग. ब्राह्मण घ. क्षेत्री
ङ. अन्य

१४. तपाईको जातको व्यक्ति यदि चुनावमा उठेका छन् भने कुन स्तरमा उठेका छन् ?
क. गा.वि.स. अध्यक्ष ख. गा.वि.स. उपाध्यक्ष
ग. वडा अध्यक्ष घ. वडा सदस्य
ङ. सभासद् च. सांसद्

१५. तपाईको समाजमा कुनै सामाजिक संगठन छन् ?
क. छन् ख. छैनन्

१६. सामाजिक संगठनको मुख्य कार्यहरु के के हुन् ?
क. ........................................
ख. ........................................
ग. ........................................

परिशिष्ट २

## सामुहिक छलफल एवं प्रश्नहरु

१. नाम : ................................................

२. ठेगाना : ................................................

३. उमेर : ................................................

४. शिक्षा : ................................................

५. आम्दानी कति छ ? ................................................

६. तपाईहरुका मुख्य चाडपर्वहरु के के हुन् ?
................................................

७. तपाईका सामाजिक संगठनहरु के के हुन् ?
................................................

८. तपाईहरु कुन कुन संस्कार मनाउनु हुन्छ ?
................................................

९. तपाईको सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक स्थितिमा सुधार ल्याउन के गर्नुपर्छ ? ................................................

१०. सरकारबाट केहि आशा राख्नु भएको छ ?
................................................

११. सामान्यतया कति बर्षमा विवाह गर्नुहुन्छ ?
................................................

१२. छोरा/छोरीलाई खोप लगाउनु भएको छ ?
................................................

१३. सुत्केरी कहाँ गराउनु हुन्छ ? ................................................

१४. समस्त शेर्पा समुदायको स्थितिमा सुधार ल्याउन के गर्नुपर्ला ?
..........................

१५. परिवार नियोजनका कुन कुन साधन प्रयोग गर्नुहुन्छ ?
......................................